# नेपाली उखानमा नारी

(लघुशोधप्रबन्ध)

## सिक्किम विश्वविद्यालय

भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विषयका पाठ्यक्रममा रहेको

एमफिल (Master of Philosophy) परीक्षाको

आंशिक परिपूर्तिका निम्ति प्रस्तुत

लघुशोधप्रबन्ध

मनिता रसाइली, रोल नं.१५MPNP०३

नेपाली विभाग, भाषा अनि साहित्य सङ्काय

फेब्रवरी २०१७

# नेपाली उखानमा नारी

सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विषयको

पाठ्यक्रममा रहेको एमफिल परीक्षाको

आंशिक परिपूर्तिका निम्ति प्रस्तुत

लघुशोधप्रबन्ध


शोधनिर्देशक

प्रो. प्रतापचन्द्र प्रधान

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय

शोधार्थी

मनिता रसाइली

एमफिल.15MPNP03

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वबिद्यालय

# प्रतिबद्धता पत्र

सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा एमफिल परीक्षाको आंशिक परिपूर्तिका लागि प्रस्तुत *नेपाली उखानमा नारी* शीर्षकको यो लघुशोधप्रधन्ध मैले शोधनिर्देशक प्रो. प्रतापचन्द्र प्रधानको निर्देशनमा रहेर सम्पन्न गरेको हुँ र यो पूर्णतः मौलिक शोधकार्य हो। मैले प्रस्तुत लघुशोधप्रबन्ध लेखनको क्रममा विभिन्न स्रोतबाट आवश्यक सामग्री सङ्कलन गरी तिनको उपयोग गरेको छु र ती स्रोतप्रति कृतज्ञ पनि छु। यस लघुशोधप्रबन्धको समष्टि निष्कर्षलाई मैले यसअघि कुनै पनि उपाधि अथवा अन्य़ प्रयोजनका लागि प्रस्तुत गरेकी छुइनँ । यस शोधप्रबन्धको कुनै पनि अंश/पाठ पुस्तक वा पुस्तकको अंशको रूपमा प्रकाशित गरे/गराएकी छुइनँ। मैले यहाँ प्रस्तुत गरेको यो प्रतिबद्धता बिरूद्ध कुनै प्रमाण भेटिएमा त्यसप्रति म उत्तरदायी हुनेछु भनी यो प्रतिबद्धता जाहेर गर्दछु ।

दिनाङ्क -2-2-2017

शोधार्थी

मनिता रसाइली

नेपाली विभाग,

भाषा अनि साहित्य सङ्काय

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधकार्य मैले आदरणीय प्रोफेसर प्रतापचन्द्र प्रधानको निर्देशनमा तयार पारेकी हुँ। यस शोधकार्यको तयारी क्रममा अन्य जानकार व्यक्तिहरूबाट पनि आवश्यक सहयोग पाएकी छु। सर्वप्रथम सुझाव र सहयोगको लागि शोधनिर्देशक प्रो.प्रतापचन्द्र प्रधानप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।प्रस्तुत लधुशोधप्रबन्धलेखनका लागि प्रेरणा र हौसला दिनु हुने विभागका सम्पूर्ण प्राध्यापक - प्राध्यापिकाहरूप्रति पनि आभार व्यक्त गर्न चहान्छु।

शोधकार्यका सन्दर्भमा आवश्यक सामग्रीसङ्कलनदेखि लिएर अन्यान्य सहयोगहरू उपलब्ध गराई सहयोग गरिदिनुहुने मेरा दुई दाजू अशोक रसाइली र मनप्रसाद रसाइलीप्रति पनि आभार प्रकट गर्न चाहन्छु। शोधकार्यलेखनमा प्रारम्भदेखि नै मलाई उखानसम्बन्धी सल्लाह र सहयोग प्रदान गर्नु हुने श्री निमा छिरिङ्ग तामाङ्ग, श्री सेरबहादुर छेत्री, श्री ज्ञामन राई, श्रीमती देविका खड्कालगायत मेरा सहपाठीहरूप्रति पनि हार्दिक कृतज्ञाता ज्ञापन गर्न चाहन्छु।



शोधार्थी

मनिता रसाइली

एम फिल 15MPNP03

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय

## लघुशोधप्रबन्धमा प्रयुक्त संक्षेपीकृत शब्दहरू

क्र.सं.............................क्रम संख्या

डा................................ डाक्टर

द्वि. सं.............................द्वितीय संस्करण

नं..................................नम्बर

पृ. सं.............................पृष्ठ संख्या

प्रका..............................प्रकाशन

प्रो.................................प्रोफेसर

वि. सं.............................विक्रम संवत्

सम्पा..............................सम्पादक

सहा. प्रा...........................सहायक प्राध्यापक

सा. सं............................सातौं संस्करण

**विषय सूची**

प्रतिबद्धता पत्र

आग्रसरण

कृतज्ञता

संक्षेपीकृत शब्दहरू

**पहिलो अध्याय** **1 - 11**

१. शोध क्षेत्रको परिचय

२. शोध शीर्षक

२.१ शोध शीर्षकको परिचय

३. शोधको प्रयोजन

४. शोधको समस्या

५. शोधको उद्देश्य

६. शोधको पूर्वकार्यको समीक्षा

(क) पुस्तकको आधारमा पूर्वकार्यको समीक्षा

(ख) पत्र- पत्रिकका आधारमा पूर्वकार्यको समीक्षा

७. शोधको औचित्य

८. शोधको सीमाङ्कन

९. शोधविधि

९.१ शोधविधि र ढाँचा

९.२ शोधको सामग्रसङ्कलन विधि

१०. शोधको अध्याय विभाजन

**दोस्रो अध्याय** **12 - 54**

२. नेपाली उखानको सन्दर्भमा उखानको सैद्धान्तिक परिचय

२.१ उखानको परिचय

२.२ उखानको परिभाषा

२.३ उखानको तत्त्व

२.३.१ कथ्य

२.३.२ शैली

२.३.३ उद्देश्य

२.४ उखानको विशेषता

२.४.१ अनुभूतिको ज्ञान

२.४.२ जातीय जीवनको सत्य

२.४.३ सार्वभौम / सार्वकालीन अभिव्यक्ति

२.४.४ संक्षिप्तता / सरलता

२.४.५ जीवन्तता

२.४.६ लोकप्रियता

२.५ नेपाली उखानको वर्गीकरण

२.५.१ संरचनागत आधार

(क) आकारगत आधार

(अ) लघुआकारका उखान

(आ) मझौला आकारका उखान

(इ) (वृहत्) लामो आकारका उखान

(ख) लयका आधारमा

(अ) लयविहीन उखान

(आ) लयात्मक उखान

(ग) चिन्तनका आधारमा

(अ) परिवर्तनकारी चिन्तनयुक्त उखान

(घ) अभिधामूलक उखानको आधारमा

(ङ) लक्षणामूलक उखानको आधारमा

(च) प्रश्नोत्तरात्मक उखानको आधारमा

(छ) व्यञ्जनामूलक उखानको आधारमा

(ज) भाषान्तरभित्र मिश्रित उखानको आधारमा

(झ) वाक्य रचनाका आधारमा

(अ) सरल वाक्यमा संरचित उखान

(आ) जटिल वाक्यमा संरचित उखान

(ञ) शब्दस्रोतको उखानको आधारमा

(अ) तत्सम शब्दका उखान

(आ) संस्कृत मिश्रित झर्रा शब्दका उखान

(इ) आगन्तुक उखान

२.५.२ वियगत आधारमा उखान

(क) प्रथा प्रचलनका आधारमा

(अ) सतीप्रथामा आधारित उखान

(आ) कमरा कमारीमा आधारित उखान

(इ) बहुविवाहमा आधारित उखान

(ख) धर्म-संस्कृतिको आधारमा उखान

(ग) जातजातिका आधारमा उखान

(घ) लोक विश्वासका आधारमा उखान

(अ) स्वर्ग-नर्कको आधारमा उखान

(आ) पाप-धर्मका आधारमा उखान

(इ) देवी देवताका आधारमा उखान

(ई) भूतप्रेत-डाइनी बोक्सीका आधारमा उखान

(उ) ज्योतिषीका आधारमा उखान

(ऊ) दिन- दशा र आशिक सरापका आधारमा उखान

(ऋ) भाग्यविधिकर्मका आधारमा

(ङ) स्थानका आधारमा उखान

(च) नातिशिक्षा व्यावहारिक आधारमा उखान

(छ) कृषिव्यवसायका आधारमा उखान

(ज) छोराछोरीमा विभेद सम्बद्धका आधारमा उखान

(झ) प्रकृतिजगतका आधारमा उखान

(ट) अन्यान्य विविध विषयका आधारमा उखान

(अ) साइनो एवं नातागोताका आधारमा

(आ) पशुपक्षी जीवजन्तुका आधारमा

(इ) जोगीका आधारमा

(ई) माछामासुका आधारमा

(उ) धनको आधारमा

(ऊ) मनोविज्ञानका आधारमा

२.५.३ नेपाली उखानको भाषिक विशेषता र महत्त्व

२.४.४ नेपाली उखानको परम्परा

२.५.५ उपसंहार

**तेस्रो अध्याय** **55 - 91**

नेपाली उखानमा नारीका विभिन्न पक्षहरूको अध्ययन

३.१ लोकविश्वास र नारी

३.१.१ बोक्सी र डाइनेसम्बन्धी उखान

३.१.२ कुलटा नारीसम्बन्धी उखान

३.२ नातासम्बन्धी उखान

३.२.१ आमा.छोरीसम्बन्धी उखान

३२.२ सासू-बुहारीसम्बन्धी उखान

३.२.३ आमा-छोरीसम्बन्धी उखान

२.३.४ छोरी-बुहारीसम्बन्धी उखान

२.३.५ सौता-सौतासम्बन्धी उखान

२.३.६ नन्द- भाउजूसम्बन्धी उखान

२.३.७ लोग्ने स्वास्नीसम्बन्धी उखान

२.३.८ छोरा-छोरीसम्बन्धी उखान

२.३.९ बाबुसम्बन्धी उखान

२.३.१० भेना-सालीसम्बन्धी उखान

२.३.११ देवर-भेनासम्बन्धी उखान

२.३.१२ सौता-सौतासम्बन्धी उखान

३.३ प्रथासम्बन्धी उखानमा नारी

३.३.१ सती प्रथासम्बन्धी उखान

३.३.२ बहुविवहा प्रथासम्बन्धी उखान

३.३.३ कमरा-कमारी प्रथासम्बन्धी उखान

३.४ नारीको रूपरंग र बानीव्यावहारसम्बन्धी उखान

३.५ बाँझी नारीसम्बन्धी उखान

३.६ पशुपक्षीसँगको तुलनामा नारीसम्बन्धी उखान

३.७ नारी-नारीसम्बन्धी उखान

३.८ नारीकाप्रतिको अविश्वाससम्बन्धी उखान

३.९ विधवासम्बन्धी उखान

३.१० नारीका बिलौना वा वेदनासम्बन्धी उखान

३.११ नारीका बैससम्बन्धी उखान

३.१२ नारीको अल्छी स्वभावसम्बन्धी उखान

३.१३ उपसंहार

**चौथो अध्याय** **92 - 99**

४. उखानमा नारीजीवनको प्रतिकृति

**पाँचौ अध्याय** **100 - 108**

उपसंहार तथा समष्टि निष्कर्ष

५. शोधकार्यको निष्कर्ष

५.१ अध्यायगत उपसंहार

५.२ समष्टि निष्कर्ष

**सन्दर्भग्रन्थसूची** **109 - 112**

परिशिष्ट

## सन्दर्भग्रन्थसूची

### क. नेपाली पुस्तक


आचार्य, कृष्णप्रसाद (विं.स. २०६८), *लोक साहित्यपूर्व आधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध,* (कीर्तिपुर : क्षितिज प्रकाशन। )

गिरी, जीवेन्द्रदेव (विं.स.२०५७), *लोकसाहित्यको अवलोकन,* (काठमाडौं : एकता प्रकाशन। )

ढकाल, शंकरदेव (सन् २००७), *उखान : लोक प्रचलित कथनका व्याख्यान,* (गान्तोक : नाम्गेल इन्सटिट्युट आँफ टिबेटोलोजी। )

थापा, धर्मराज र सुवेदी, हंसपुरे (वि.सं.२०४१), *नेपाली लोकसाहित्यको विवेचना,* (ललितपुर : साझा प्रकाशन। )

दाहाल, जगन्निधि (सन् २००१), *हिङ बाँधेको टालो-* (प्रचलित उखान, बाग्धारा, सारशब्द, भिन्नार्थक अनि पर्यायवाची शब्द सङ्कलन), (असम : दाहाल प्रकाशन। )

देवकोटा, रत्नकार (वि.सं.२०५८), *केन्द्रीय नेपाली भाषिकाका उखान र गाँउखानेकथा,* (ललितपुर : साझा प्रकाशन। )

नेपाल, खेमराज,,(सन् २००३), *नेपाली लोकसाहित्यको रूपरेखा,* (नया दिल्ली : साहित्य अकादमी। )

नेपाल, चन्द्रमाया (सन् २०१४), *गाउँखाने कथा र उखानतुक्का,* (सिलगढी : आधुनिक नेपाली प्रकाशन। )

पराजुली, कृष्णप्रसाद (वि.सं. २०६१), *राम्रो रचना मीठो नेपाली,* (काठमाडौं : सहयोगी प्रेस।)

................................ (सा.सं वि.सं.२०६७), *नेपाली उखान र गाँउखानेकथा,* (काठमाडौं : रत्न पुस्तक भण्डार।)

पराजुली, मोतीलाल र गिरी, जीवेन्द्रदेव (वि.सं.२०६८), *नेपाली लोकसाहित्यको रूपरेखा,* (ललितपुर : साझा प्रकाशन।)

पौड्याल, शिवप्रसाद (वि.सं.२०६०), *नेपाली उखानको विषयात्मक अध्ययन,* (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।)

...............................(वि.सं २०६८), *लोककथा सन्दर्भका नेपाली उखान*(भाग १), (बुटवल : जनप्रकाशन प्रा.लि।)

................................ (वि.सं. २०६८), *नेपाली उखानका रचना सन्दर्भ,* (बुटवल : जनप्रकाशन प्रा.लि।)

................................... (वि.सं. २०६९), *नेपाली उखानसङग्रह,* (ललितपुर : साझा प्रकाशन।)

..................................., (वि.सं. २०७१), *सामाजिक सास्कृतिक सन्दर्भका नेपाली उखान,* (वाराणासी : भारत प्रिंटिंग प्रेस।)

बन्धु, चुडामणि (वि.सं. २०५८), *नेपाली लोकसाहित्य,* (काठमाडौं : साझा प्रकाशन।)

लामिछाने, कपिल (वि.सं. २०६९), *नेपाली उखान र तुक्काको अध्ययन,* काठमाडौं : विवेक सिर्जनाशील प्रकाशन प्रा. लि।

लुइटेल, खगेन्द्र (वि.सं. २०६८), *लोकसाहित्यको परिचय,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार।

शर्मा, महोनराज र लुइटेल, खगेन्द्रप्रसाद (वि.सं. २०६३), लोकवार्ता विज्ञान र लोकसाहित्य, काठमाडौ : विद्यार्थी पुस्तक भण्डार।

सिंह, बी डी (वि.सं. २०६२), *त्रिवेनी उखान तुक्का र बाग्धारा,* दार्जीलिङ : सिस्टम्याटिक डिजायनर एण्ड प्रिन्टर्स।

**ख. हिन्दी पुस्तक**

सत्येन्द्र (सन् २००६), *लोक साहित्य विज्ञान* (द्वि.*सं.*), जोधपुर : राजस्थानी ग्रन्थागार।

**ग. पत्र-पत्रिका**

घिमिरे, कुशल (सन् २०१५), *नारी विषय नेपाली उखान : एक अध्ययन, प्रेक्षण,* वर्ष१ अङ्क१ (सम्पा. कृष्णमाया मगर) (गान्तोक : प्रेक्षण परिवार)।

छेत्री, हीरा (सन् २०१४), *कता हराए नेपाली उखान र तुक्काहरू?*, *साहित्य सङ्केत,* वर्ष ४७ अङ्क ३५ (सम्पा. कुमार छेत्री) कालेबुङ : उपमा प्रकाशन।

ढकाल, शंकरदेव (सन् २०१०), *लोक भाषामा उखानको महत्व, प्रक्रिया,* वर्ष २५ अङ्क ३५, सम्पा.वीरभद्र कार्की ढोली), (सिकताम : निमार्ण प्रकाशन)।

लेप्चा, डपछिरिङ (सन्२०११), *लेप्चा भाषामा उखान : संक्षिप्त अध्ययन, सन्दर्भ,* बर्ष २, (सम्पा. कृष्णप्रधान), (खरसाङ : साहित्य लोक प्रकाशन)।

विश्वकर्म, अनिल (सन् अगस्ट २००७), *उखानको परिचय र नेपाली उखानको अध्ययन-परम्परा, नेपाली एकादमी जर्नल,* अङ्क् ४ बर्ष ४ (सम्पा. महोन. पी. दाहाल), राजाराम मोहनपुर : उत्तर वङ्ग विश्वविधालय।

### घ. लघुशोधप्रबन्ध/शोधप्रबन्ध

ओली, ओमबहादुर (वि.सं. २०५४/०५६), *दैलेख जिल्लामा प्रचलित नेपाली उखानको अध्ययन*, (कीर्तिपुर : त्रिभुवन विश्वविद्यालयद्वारा स्वीकृत स्नातकोत्तर तहको शोधपत्र। )

रेग्मी, मधुसूदन (वि.सं. २०६०), *पर्वत जिल्लामा प्रचलित उखानहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण,* (कीर्तिपुर : त्रिभुवन विश्वविद्यालयद्वारा स्वीकृत स्नातकोत्तर तहको शोधपत्र। )

शर्मा, राधा (सन् २०१०), *नेपाली उखानको सामाजिक पक्ष,* (दार्जीलिङ : विश्वविधालय प्रयोजनमा सेन्ट जोसेफस्कलेजद्वारा स्वीकृत स्नातक तहको शोधपत्र।

### ङ. इलेक्ट्रोनिक स्रोत

**The representation of women in Moroccan proverbs** Meryem Belfatmi English Department, Mohemed V University, Morocco, IOSR Journal Of Humanities And Social Science (IOSR-JHSS) Volume १७, Issue १ (Nov. - Dec. २०१३), PP १५-२१ e-ISSN: २२७९-०८३७, p-ISSN: २२७९-०८४५. www.iosrjournals.org

**Women in Proverbs: A Comparative Study in French and Sinhala by** H. S. M. M. Jayawardena International Journal of Language and Literature December 2015, Vol. 3, No. 2, pp. 107-116 ISSN: 2334-234X, http://dx.doi.org/10.15640/ijll.v3n2a11

**Chinese Proverbs: How are Women and Men Represented**? ByJackie F. K. Lee1

: http://dx.doi.org/10.447/generos.2015.47

# पहिलो अध्याय

# शोध परिचय

## १. शोध क्षेत्रको परिचय

लोकसाहित्यका विभिन्न विधाहरूमध्ये उखान एउटा उपविधा हो र नेपाली भाषामा यसको महत्त्वपूर्ण स्थान रहेको छ। लोकजीवनका अनुभवबाट निस्केका कसारपूर्ण उक्तिहरू नै उखान हुन् । कुनै पनि भाषाको समृद्धिमा उखानको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। यो श्रुतिपरम्पराको आधारमा एउटा पुस्तादेखि अर्को पुस्तामा हस्तान्तरण हुँदै आएको लोकोक्ति नै उखान हो । यसको अर्थ कुनै एउटा उक्ति तथा भनाई मात्र नभई समग्र लोककै उक्ति हुनाले नै त्यसलाई 'लोकोक्ति' भनिएको हो। लोकोक्तिको रूपमा प्रचलित उखानहरूले लोकजीवनका सामाजिक तथा व्यवहारिक प्रचलनहरूलाई प्रतिबम्बित गरेका हुन्छन्। वस्तुतः उखानहरू कथ्थ भाषामा विकसित भएका हुन्। कथ्थ भाषामा उखानहरूको प्रचुर उपयोग भएको पाइन्छ ।

आदिकालदेखि मानिसले नारीका विभिन्न रूपबाट थुप्रै माया-ममता र घृणासमेत पाउँदै आएको छन्। हिन्दू धर्मग्रन्थमा भनिएको छ 'यत्र पुज्यन्ते नारी रमन्ते तत्र देवता', अर्थात् जहाँ नारीको पूजा हुन्छ, त्यहाँ देवता पनि रमाउँछन्। यस भनाईबाट पहिल्यैदेखि हिन्दू समाजमा नारीको स्थान उच्च रहेको उल्लेख पाइन्छ। यसैले नेपाली उखानमा पनि "जहाँ स्त्री उहीँ श्री" भन्दै नारीलाई गृहलक्ष्मीका रूपमा चित्रित गरिएको छ। यति हुँदाहुँदै पनि प्रायः जस्तो नेपाली उखानमा भने नारीलाई हेयाको दृष्टिमा राखेर हेरिएको छ।

समयको गति र समाजमा शिक्षाको प्रगतिसँगै नयाँ-नयाँ उखानहरू यस दिशामा प्रचिलित हुँदै आएका छन् । यसक्रममा आधुनिक विषयवस्तुलाई र देखे-भोगेका वस्तुलाई प्रतीक बनाई

प्रस्तुत गर्ने चलन नेपाली लोकजीवनमा युगौंदेखि चल्दै आएको हो। यस्ता विशेषताले गर्दा कतिपय विद्वानहरूले नेपाली उखानमा रूचि लिई तिनको सङ्कलन र सम्पादन गरेका तथा उखानकाबारेमा सानातिना लेख रचनासमेत लेखेका छन्।तर नेपाली उखानमा नारीको महत्त्वमाथि प्रकाश पार्दै त्यसका वर्गीकरण र विश्लेषण गर्ने काम भने गम्भीरताका साथ भएको छैन।अहिलेसम्म नेपाली उखानको सङ्कलन मात्र हुन सकेको छ र यस सम्बद्ध फुटकर लेखहरू मात्रै भेटिन्छन् । नेपाली उखानको सङ्कलन, खोजी, अनुसन्धान र अध्ययन-परम्पराको थालनी गर्ने पहिलो व्यक्ति मोतीराम भट्ट हुन् ।[1] उनीपछि पनि धेरै विद्वानहरूले नेपाली उखानको पक्षमाथि अध्ययन गरेका छन् ,तर पनि नेपाली उखानको विषयमा पर्याप्त खोज-अनुसन्धान र अभिलेखनको अभाव नै रहेको छ । यसैले शोधका लागि यो नौलो विषय भएकोले र आज उखानको लोपोन्मुख स्थितिमा त्यस अभावपूर्तिका लागि प्रस्तुत शोधअन्तर्गत नेपाली उखानमा नारीका स्थान कस्तो छ र साथै नेपाली उखानमा नारीका कस्ता-कस्ता पक्षलाई देखाएको छ साथै नेपाली उखानमा नारी जीवनको प्रतिकृतिमाथि अध्ययन गरिएको छ ।

## २. शोध शीर्षक

प्रस्तुत लघुशोधप्रबन्धको शीर्षक *नेपाली उखानमा नारी* रहेको छ।

---

[1] कृष्णप्रसाद पराजुली (वि.स. २०५८), *नेपाली उखान र गाउँखाने कथा,* सा.सं काठमाडौं : रत्न पुस्तक भण्डार, पृ.१५

## २.१ शोध शीर्षकको परिचय

नेपाली उखानमा नारी जीवनलाई कसरी हेरिएको छ ती नारीसम्बद्ध उखानहरूको मात्र संकलन गरी तिनका आधारमा नारी जीवनका विभिन्न पक्षलाई केलाएर हेर्नु शोधशीर्षकको केन्द्रीय विषय हो।

## ३. शोधको प्रयोजन

नेपाली उखानमा नारीबारे उपयुक्त अध्ययनको अभाव रहेको तथ्यको महसूस गर्दै त्यसको आवश्यकतापूर्तिका निम्ति यसको अध्ययन प्रयोजनीय छ र साथै सिक्किम विश्वविद्यालयको नेपाली विभागअन्तर्गत एम फिल परीक्षाका निम्ति निर्धारित पाठ्यक्रमको आंशिक परिपूर्तिको प्रयोजनका निम्ति प्रस्तुत शोधकार्य तयार पारिएको हो ।

## ४. शोधको समस्या

मूलतः शोधको विषय नै शोधको समस्या रहेको छ । ती समस्यामूलक विषयलाई केन्द्र गरी निम्नलिखित बुदाँहरूका रूपमा शोधका समस्याहरूलाई अघि सारिएको छ-

(क) लोकसाहित्यको सन्दर्भमा उखानलाई एक अलग उपविधाका रूपमा हेर्ने सैद्धान्तिक आधार के हो ?

(ख) नेपाली उखानमा नारीलाई कुन दृष्टिकोणले हेरिएको छ र नेपाली उखानमानारीको कस्तो स्थान रहेको छ ?

(ग) नेपाली उखानमा नारी जीवनका कस्ता-कस्ता पक्षहरूलाई समेटिएका छन् ?

(घ) निचोडमा नेपाली उखानसम्बद्ध नारी जीवनको प्रतिकृति के हुन सक्ला ?

## ५. शोधको उद्देश्य

माथि उल्लिखित समस्याकथनको समाधानार्थ शोधको अन्तिम निष्कर्षसम्म पुग्नका लागि निम्नलिखित उद्देश्यहरूलाई अघि सारिएको छ -

(क) लोकसाहित्यको सन्दर्भसँग जोडी सैद्धान्तिक आधारमा उखानलाई एक अलग उपविधाका रूपमा हेर्नु ।

(ख) नेपाली उखानमा नारीलाई कुन दृष्टिकोणले हेरिएको छ र नेपाली उखानमा नारीको कस्तो स्थान रहेको भन्ने तथ्यमाथि प्रकाश पार्नु ।

(ग) नेपाली उखानमा नारी जीवनका कस्ता-कस्ता पक्षहरूलाई समेटिएका छन् भन्ने विषयमाथि विशेष अध्ययन गरी निष्कर्षमा पुग्नु ।

(घ) निचोडमा नेपाली उखानसम्बद्ध नारी जीवनको प्रतिकृति निर्धारण गर्नु ।

## ६. शोधको पूर्वकार्यको समीक्षा

नेपाली उखानमा नारी शीर्षकको विषयमा कुनै पनि शोधकार्य भएको पाइँदैन । छुटपुट रूपमा र कतैकतै पुस्तकको रूपमा पनि कार्य भएको भेटाइएको छ। ती कार्यहरूलाई पूर्वकार्यको रूपमा तल प्रस्तुत गरेर हेर्न सकिन्छ-

**(क) पुस्तकका आधारमा पूर्वकार्यको समीक्षा :** धर्मराज थापा र हंसपुरे सुवेदीको *नेपाली लोकसाहित्यको विवेचना* (वि.स.२०४१) त्रि.वि.पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित भएको हो । पुस्तकमा लोकसाहित्यको परिचय दिने क्रममा प्रस्तुत पुस्तकलाई छवटा खण्डमा विभाजित गरी अध्ययन उखानसन्बन्धी गरिएको छ । पहिलो खण्डमा लोकसाहित्यको परिचय, दोस्रो

खण्डमा नेपाली लोकगीतको अध्ययन, तेस्रो खण्डमा लोकगाथाको अध्ययन, चौथो खण्डमा लोककथाको अध्ययन, पाँचौ खण्डमा नेपाली लोककथाको अध्ययन र छौटौं खण्डमा उपसंहार (विविध) अन्तर्गत लोकोक्ति तथा टुक्काहरूको परिचय, विशेषता, उखानको वर्गीकरण र गाउँखाने कथाको परिचय दिइएको छ ।

जीवेन्द्रदेव गिरीको *लोकसाहित्यको अवलोकन* (वि.स.२०५७) मा नेपाली उखानको परिचय दिँदै कर्णाली प्रदेशका लोकगीत र भेरी क्षेत्रमा प्रचलित बालगीतहरू, नेपाली लोकगाथा र 'नेपाली उखानको प्रगतिशील स्वर शीर्षक दिएर नेपाली उखानको अध्ययन गर्ने क्रममा उखानको परिचय, माक्सवादी दृष्टिकोण र नेपाली उखानमा भेटिने प्रगतिशील स्वरलाई सङ्घर्षशीलता, सामूहिक भावना, शोषणको चित्रण, श्रमप्रति आस्था, उच्चवर्गीय चरित्रको पर्दाफास, रूढिगत संस्कारको विरोध, निम्नवर्गप्रतिको भेदभाव, वर्गीय अभिव्यक्ति, समाजको विसङ्गतिको चित्रण, नेपाली समाजका विविघ वर्गीय चिन्तन, शोषण, उत्पीडन र संधर्षपूर्ण नेपाली लोकजीवनको यथार्थ पुष्टि मिल्छ ।

चुडामणि बन्धुको *नेपाली लोकसाहित्य* (वि.स. २०५८) मा नेपाली भाषामा उखान शब्दको उत्पति, उखानको विशेषता, तत्त्व, प्रयोग, नेपाली उखानको अध्ययन-परम्परा, वर्गीकरण आदिलाई प्रस्तुत गरिएको छ। निष्कर्षमा नेपाली उखानमा समाज र संस्कृतिका चित्र जस्तै पारिवारिक जीवन, आर्थिक अवस्था, लोकविश्वास र जीवनदर्शन आदि प्रस्तुत गरिएको छ।

रत्नकार देवकोटाको केन्द्रीय *नेपाली भाषिकाका उखान र गाउँखाने कथा* (वि.स.२०५८) मा नेपाली भाषिकामा आधारित उखान विषयको खोज-अनुसन्धान गरिएको छ। यस पुस्तकमा कर्णाली क्षेत्रमा कथ्य रूपमा प्रचलित उखानहरूको सङ्कलन गरी तिनको अर्थसमेत दिइएको छ । केन्द्रीय नेपाली भाषिकाका सङ्कलित उखानहरूलाई अकारादि, वर्णानुक्रममा राखी

तिनका अर्थ नेपालीमा प्रस्तुत गरिएको छ । यसमा हिन्दीका कतिपय कथन तथा कहावतलाई पनि उखानमा प्रयोग गरिएको भेटिन्छ, जस्तै- तुम ख्याल ख्याल करता है, हमारा ज्यू जाता है जस्ता पदावलीलाई पनि उखानको रूपमा राखिएको छ । भानुभक्तको रामायणभित्रका कतिपय लयात्मक शलोकहरू पनि उखानको रूपमा राखिएको छ।

खगेन्द्रप्रसाद लुइटेलको *लोकसाहित्य परिचय* (वि.स.२०६५) मा उखानसमबन्धी अध्ययन-अनुसन्धान प्रस्तुत गर्दै उखानको संक्षिप्प अर्थ प्रस्तुत गरेका छन् ।

कृष्णप्रसाद पराजुलीको *राम्रो रचना मीठो नेपाली* (वि.स.२०२३) मा 'उखानटुक्का÷ शीर्षक दिएर उखानटुक्कालाई भाषाका ओज र ज्यान मानेका छन्।यी लक्षण उखानमा सुत्रका रूपमा व्यक्त हुन्छन् तथा निरीक्षण प्रयोग र अनुभवबाट अर्जित ज्ञानलाई पृष्ठभूमिमा राखेका छन्। यसैकारण उखान-टुक्काको प्रयोगले भाषा मार्मिक, सरल, सजीव हुनुका साथै प्रवाहपूर्ण हुन्छ भन्दै उखान र टुक्काको भेद नदेखाई तिनको परिचय भाषिक महत्त्वका रूपमा प्रस्तुत गरेका छन्। अर्को अनुच्छेदमा उखान शीर्षक दिएर व्यवहारमा अनुभवका चुट्किला र गहकिला उदाहरणहरू उपदेश तथा शिक्षाका रूपमा सूत्रबद्ध भएर प्रचलित हुन्छन् भन्दै उखानको परिचय दिएका छन् साथै उखानको अर्थ र प्रयोग नमूनाको रूपमा प्रस्तुत गरेका छन् ।

कृष्णप्रसाद पराजुलीको *नेपाली उखान र गाउँखाने कथा* (वि.स.२०६७) कृति नेपाली उखानको सैद्धान्तिक अध्ययन परम्परामा देखिएको महत्त्पूर्ण प्राप्ति हो।उनले यस कृतिमा खण्ड एकमा नेपाली उखान र खण्ड दुईमा नेपाली गाउँखाने कथाको अध्ययन गरेका छन् । नेपाली उखानको अध्ययन गर्ने क्रममा उनले यसमा विभिन्न शीर्षकमा नेपाली उखानका अध्ययनको पृष्ठभूमि, उखानको परिचय, उखान र टुक्काको अन्तर , उखानको वर्गीकरण, उखानको परम्परा र विकास, विशेषता आदि प्रस्तुत गरेका छन् ।

कृष्णप्रसाद आचार्यको *लोक साहित्य, पूर्वआधुनिक नेपाली साहित्य र आधुनिक निबन्ध* (वि.स.२०६८) मा उखानको परिचय, नेपाली उखानको विशेषता आदि प्रस्तुत गरिएको छ । यस पुस्तकमा विषयगत आधारलाई प्राथिमकता दिइएको छ ।

शिवप्रसाद पौड्यालको *नेपाली उखान सङ्ग्रह* (वि.स.२०६८) मा नेपाली लोकजीवनको जनजिभ्रोमा चलनचल्तीमा आएका करिब १०००० नेपाली उखानलाई विभिन्न स्रोतबाट सङ्कलन गरी प्रतिवेदनमा अकारादि वर्णानुक्रममा राखी प्रस्तुत गरिएको छ । एकातिर लोकजीनवमा प्रचलित पुराना उक्ति *विनाशाकाले विपरीत बुद्धि* जस्ता पौराणिक संस्कृत सूक्तिलाई पनि समावेश गरिएको छ भने अर्कोतिर अङ्ग्रेजी परिवेशबाट निर्मित भएका आधुनिक उखानहरू जस्तै *बाहिर-बाहिर टाई फिटिङ; भित्र-भित्र जुम्राको मिटिङ; अगाडिबाट ब्युटिफूल पछाडिबाट हाउडाको पुल* जस्ता थुप्रै उखानहरू पनि सङ्ग्रहमा सङ्कलित गरिएको छ । यसबाट नेपाली भाषा उखानका दृष्टिले निकै सम्पन्न रहेको छ भन्ने कुरा एकातिर पुष्टि हुन्छ भने अर्कोतिर नेपाली लोकजीवनमा पुराना उखानहरू समयसापेक्ष परिवर्तन हुँदै आउँछन् भन्ने  कुरा यस अनुसन्धान - पतिवदेनका रूपमा प्रस्तुत नेपाली उखान सङग्रहले देखाएको छ ।

डी. बी. सिंहको *त्रिवेणी उखान-तुक्का र बाग्धारा* (सन् २००५) मा नेपाली उखानलाई वर्णानुक्रममा राखेका छन् साथै शाब्दिक अर्थलाई भन्दा चलनअनुसार लाक्षणिक अर्थलाई विशेषता दिइएको छ।

शंकरदेव ढकालको *उखानः लोक प्रचलित कथनका व्याख्यान* (सन् २००७) नामक कृतिमा उखानको महत्त्व देखाउँदै, नेपाली समाजमा प्रचलित नेपाली उखानको विश्लेषण गरिएको छ । उनले उखान र टुक्काको बिचमा के कस्तो अन्तर छ भन्ने कुरालाई पुष्टि गरेका छन् । उनले १४५० भन्दा धेर सङ्ख्यामा उखानहरूको सङ्कलन गरी व्याख्या समेत गरेका छन् ।

राधा शर्माको कृति *नेपाली उखानको सामाजिक पक्ष* (सन् २०११) मा उखानहरूको अध्ययन गरी उखानमा प्रतिबिम्बित सामाजिक पक्षलाई विवरणात्मक र विश्लेषणात्मक ढङगले प्रस्तुत गरिएको छ।

चन्द्रमाया नेपालको *नेपाली उखान र गाउँखाने* (सन् २०१४) मा उखान र राउँखानेकथा विभिन्न स्रोतबाट सङ्कलन गरी प्रतिवेदनमा अकारादि वर्णानुक्रममा राखी प्रस्तुत गरिएको छ ।

**(ख) पत्र-पत्रिकाका आधारमा पूर्वकार्यको समीक्षा :** मोहन पी. दाहालद्वारा सम्पादित नेपाली अकादमी जर्नल (सन् २००७) मा अनिल विश्वकर्माको *उखानको परिचय र नेपाली उखानको अध्ययन-परम्परामा* उखानको परिचय, उत्पति, वर्गीकरण, विशोषता र नेपाली उखानको अध्ययन-परम्परालाई प्रस्तुत गरिएको छ । निष्कर्षमा यी विषयलाई केन्द्र गर्दै नेपाली साहित्यमा उखानको महत्त्व के कस्तो रहेको छ भन्ने कुरालाई पनि देखाइएको छ ।

वीरभद्र कार्कीढोलीद्वारा सम्पादित *प्रक्रिया* रजत विशोषाङक (सन् २०११) मा शंङकरदेव ढकालको *लोकभाषामा उखानको महत्त्व* शीर्षक लेखमा लोकोभाषामा उखानको महत्त्वलाई स्पष्ट रूपमा प्रस्तुत गरिएको छ।भाषाको प्रयोगदेखि नै उखानको प्रयोग भएको हामी पाउँछौं। उखानले जीवनमा भोग्नु परेको घाम-छाया, झरी, बादल, दुःख, सुःख आदि लोकको सरल भाषामा प्रयोग गरिएको छ। निष्कर्षमा वर्तमान लोकमानसमा उखानको प्रचलन के कति रूपमा रहेको छ अनि यसको प्रभाव के कति रूपमा रहेको छ भन्ने कुरालाई पनि देखाइएको छ।

कृष्ण प्रधानद्वारा सम्पादित सन्दर्भ समीक्षात्मक एंव शोधोन्मुख नेपाली सामायिक (सन् २०११) मा डप छिरिङ *लेप्चाको लेप्चा उखान : संक्षिप्त अध्ययन* - मा लेप्चा उखानमाथि संक्षिप्त अध्ययन गरिएको छ। अध्ययनमा लेप्चा उखानको विषयात्मक अध्ययन र लेप्चा

उखानका वैशिष्ट्यलाई केन्द्र गरेर निष्कर्षमा नेपाली भाषाका उखान र लेप्चा भाषाका उखानमा के कस्तो समानता र भिन्नता रहेका छन् भन्ने कुरालाई देखाइएको छ ।

कुमार छेत्रीद्वारा सम्पादित साहित्य सङ्केत त्रयमासिक (बर्षः ४८ अङ्कः३५ नोभेम्बर २०१४) हीरा छेत्रीको *कता हराए नेपाली उखान र तुक्काहरू* शीर्षक लेखमा नेपाली उखानको वर्तामान स्थिति अनि उखानको लोप हुनको कारण र निवारण प्रस्तुत गरेका छन् ।

## ७. शोधको औचित्य

लोकवार्ताअन्तर्गत पर्ने विभिन्न विषयमा अध्ययन भएको पाइन्छ । यसै सन्दर्भमा नेपाली उखानमा नारीसम्बद्ध पक्षको अध्ययन गरी त्यसको महत्त्वलाई दर्शाउन साथै लोकजीवनमा प्रचलित उखानहरूले स्थान पाउनु अनि नेपाली भाषाका क्षेत्रीय भाषिकाका उखानहरूलाई पनि ठाँउ दिनु यसको औचित्य रहेको छ।

## ८. शोधको सीमाङ्कन

प्रस्तुत शोधकार्यको शीर्षक नेपाली उखानमा नारी÷ मा शोधकार्य गर्दा नेपाली उखानको परिचय दिँदै नेपाली उखानमा नारीलाई के कस्तो रूपमा राखेका छन् र नेपाली उखानले नारीलाई कस्ता-कस्ता पक्षलाई देखाएको छ त्यसमाथि अध्ययन गरी निष्कर्ष निकालिएको छ।

## ९. शोधविधि

शोधकार्यलाई वैज्ञानिक र व्यवस्थित बनाउनका लागि निम्नलिखित विधिहरू अपनाइएको छ।

## ९.१ शोधविधि र ढाँचा

*नेपाली उखानमा नारी* शीर्षकमा शोधकार्य गर्दा परम्परित पद्धत्तिभित्रका आगमनात्मक शोधपद्धत्तिको प्रयोग गरी निष्कर्ष निकालिएको छ। यस शोधकार्यमा विवरणात्मक, सर्वेक्षात्मक र विश्लेषणात्मक पद्धत्ति ग्रहण गरी विभिन्न प्राविधिक पक्षहरू जस्तै पादटिप्पणी, चिन्ह प्रयोग, उद्धरण प्रस्तुति, सन्दर्भग्रन्थ सूची आदिको प्रयोगका लागि *नेपाली लेखनशैली* र हिज्जे एकरूपताका लागि *बृहत् नेपाली शब्दकोश,* प्रथम संस्मरणलाई मूल आधार बनाइएको छ ।

## ९.२ शोधको सामग्रीसङ्कलन विधि

प्रस्तुत शोधकार्यको निम्ति आवश्यक सामग्रीको मुख्य स्रोत प्राथमिक स्रोत नै हो, जुन क्षेत्रीय अध्ययनमा केन्द्रित रहेको छ । यस अतिरिक्त प्रकाशित पुस्तक, इलेक्ट्रनिक माध्यम (वेभ माध्यम) द्वारा प्राप्त सामग्रीलाई पनि शोधकार्यका लागि आवश्यक सामग्रीको रूपमा समावेश गरिएको छ ।

## १० शोधको अध्याय विभाजन

अध्ययन सुविधाका निम्ति प्रस्तुत शोधकार्यको अध्याय विभाजन निम्नप्रकारले गरिएको छ -

| | | |
|---|---|---|
| पहिलो अध्याय | : | शोध परिचय |
| दोस्रो अध्याय | : | नेपाली उखानको सन्दर्भमा उखानको सैद्धान्तिक परिचय |
| तेस्रो अध्याय | : | नेपाली उखानमा नारीका विभिन्न पक्षहरूको अध्ययन |
| चौथौं अध्याय | : | उखानसम्बद्ध नारी जीवनको प्रतिकृति |
| पाँचौ अध्याय | : | उपसंहार तथा निष्कर्ष |

**सन्दर्भग्रन्थसूची**

**परिशिष्ट**

# दोस्रो अध्याय

# नेपाली उखानको सन्दर्भमा उखानको सैद्धान्तिक परिचय

## २.१ उखानको परिचय

उखान लोकसाहित्यअन्तर्गत एक उपविधा हो र यसलाई श्रव्य उपविधाको रूपमा लिइन्छ। नेपाली भाषामा उखानलाई बुझाउने पर्यायवाची शब्दको रूपमा आहान, भनाइ, कहावत, कथन, उक्ति, वचन, चुट्किला र लोकउक्ति जस्ता शब्दहरू प्रचलित छन्, तापनि नेपाली समाजमा 'उखान' शब्दले नै मान्यता एवम् व्यापकता पाएको छ। यसलाई अंग्रेजी भाषामा प्रोभर्व (proverb) भनिन्छ। संसारका प्राय: सबै भाषामा उखानहरू पाइन्छन् र ती उखानहरूलाई बेग्लाबेग्लै नामबाट चिनिन्छन्। लोकपरम्पराबाट हुर्कदैं आएको ज्ञानबर्द्धक, सन्देशमूलक कथन (सूक्ति) नै उखान हो, किनकि उखानलाई लोकोक्ति पनि भनिन्छ। लोकोक्ति भन्नाले कुनै एक व्यक्तिको उक्ति अथवा भनाई मात्र नभई समग्र लोकको उक्ति नै लोकोत्ति हो। संस्कृतमा प्रचलित लोकोक्ति शब्दको प्रयोग नेपालीमा उखानको रूपमा भएको छ र लोकोक्ति शब्दको रचना 'लोक+उक्ति' को योगबाट भएको छ। यसको अर्थ 'लोक' भन्नाले 'जन' र 'उक्ति' भन्नाले 'कथन' बुझिन्छ।[1] उखानहरू लोकको अनुभवबाट खारिएर निस्केका सूत्रात्मक कथनहरू हुन्; तिनमा मानिसको तितो अनुभव र व्यवहारिक ज्ञान अभिव्यक्त भएको हुनाले ती अनुभव र ज्ञान मार्गनिर्देशनको रूपमा समाजमा स्वीकार्य छन्। प्रत्येक जाति, समाज वा भाषिक समुदायले उखानलाई मार्मिक तथा परिपुष्ट

---

[1] शिवप्रसाद पौडयाल ( वि.स २०६०), *नेपाली उखानको विषयात्मक अध्ययन,* (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पृ. १)

धरोहरका रूपमा मान्दै आएको छ। वस्तुत: उखानहरू कथ्य भाषाबाट विकसित भएको लोककथन हुन्। लोकप्रतिभाद्वारा सिर्जिएको उखानले स्रोताको हृदयलाई चिरस्थायी प्रभाव पारेको हुन्छ ।

सामान्य कथनभन्दा भिन्न आलङ्कारिक कथनका रूपमा आएका उखानहरू खास सन्दर्भ र परिस्थितिले नियममा बाँधिएको परिसूचक हुन्। भाषिक दृष्टिकोणले तिनलाई खास किसिमको भाषिक ढाँचामा ढालिएको हुन्छ र ती खास स्वरूपात्मक चिन्हहरूद्वारा अभिलक्षित हुन्छन् । तिनै चिन्हहरूले उखानलाई सामान्य कथनभन्दा फरक बनाउँछन्। मानव समाजमा कार्य-व्यवहार गर्दै जाँदा मान्छेले अनुभवबाट प्राप्त गरेको ज्ञानको नयाँ ज्योति प्राप्त गर्दछ। यसैले जीवनयात्रामा मानिसले भोगेका पीडा, दु;ख, खु:सीलाई अनुभवी मान्छेले एउटै सूत्रमा उनिदिन्छ, कालान्तरमा त्यही नै उखानको रूपमा अभिव्यक्ति हुँदै जान्छ। त्यसैले भन्ने गरिन्छ *पढेर मात्र हुँदैन पर्नु पनि पर्छ* । पढेको मान्छेमा सबै ज्ञान हुन्छ भन्ने छैन । जब मान्छे कुनै धटनामा पर्छ त्यस बेला मात्र उसलाई केही कुराको ज्ञान हुन्छ भन्ने कुरालाई उखानले पुष्टि गर्दछ ।

संसारका प्राय: सबै भाषामा उखानको प्रयोग कुनै न कुनै रूपमा भएको पाइन्छ। सबै उखानहरूको स्वरूप र संरचना लगभग एकै किसिमको हुन्छ। वास्तवमा उखानका जे जति नाम र अर्थ भए पनि यिनको प्रयोगस्थल र मूल प्रवृति एउटै हुन्छ। थोरै अभिव्यक्तिमा धेरै अर्थ प्रकट गर्न सक्ने सामार्थ्थ उखानमा हुने भएकोले उखानको अध्ययन एवम् विश्लेषण गर्ने विषय आजको शोध विषय बनेको छ। धेरै विद्वानहरूले उखानको परिभाषा आ-अफ्नो प्रकारले गरेका छन्। यति हुँदाहुँदै पनि उखानको शुरूवात् कसले गऱ्यो भन्ने कुरा पत्तो लगाउन गाह्रो पर्छ, तैपनि के भन्न सकिन्छ भने लोकजीवनमा उखानहरू एक पुस्तादेखि अर्को पुस्तामा लोकप्रिय बन्दै हस्तान्तरण भई आएको हो। मानिसहरू आपनो भनाईलाई पुष्टि गर्नका लागि बातचितको प्रसङ्गमा अर्थलाई जोड दिन यस्ता उखानको प्रयोग गर्छन्।

उखानले भाषाको विलक्षण र चमत्कारपूर्ण अर्थ प्रदान गर्नका साथै भाषालाई रोचक बनाउनमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। त्यसैले भाषिक अभिव्यक्तिमा उखानको महत्त्वपूर्ण स्थान रहेको देखिन्छ। सामान्य बोलचालको भाषामा लोकजीवनले उखान र टुक्कालाई एकै ठाउँमा राखेर वाक्यलाई अर्थपूर्ण बनाउने गर्छ। यसलाई वाक्य संरचनाबाट हटायो भने वाक्यका अर्थगाम्भीर्य र स्वरूप नै भताभुङग हुनजान्छ ।

यसरी उखान के हो भन्ने विषयमा प्रश्न उठ्दा सहज रूपमा उत्तर भन्न सकिँदैन। उखानले बुझाउने अर्थ सोझो पनि हुन्छ अनि लक्ष्यार्थक पनि हुन्छ। यस्ता उखानले सूक्ष्मभन्दा सूक्ष्म भावदेखि स्थूल अर्थसम्मलाई स्पष्ट पार्ने काम गर्छ। कुनै पनि कुरालाई परिभाषाले बाध्ने काम कठिन हो, तर उखानलाई चिनाउनको निम्ति विभिन्न विद्वान5हरूले विभिन्न किसिमका परिभाषा दिएका छन्।

## २.२. उखानको परिभाषा

कुनै पनि भाषामा उखानको महत्त्वपूर्ण भूमिका रेहेको हुन्छ। उखानले अर्थलाई प्रभावपूर्ण बनाउनका साथै लामा-लामा वाक्यलाई छोटकारीमा व्यक्त गर्दछ। यसको आफ्नै प्रकारको विशेषता हुनाको कारणले गर्दा उखान विद्वानहरूको चर्चा र प्रशंसाको विषय बनेको छ। यसैले विभिन्न समयमा विद्वानहरूले आ-आफ्नो ढङ्गमा परिभाषित गर्दै आएका छन्। रूसी भाषामा उखानलाई यसरी परिभाषित गरेको छ - proverbs never lies अर्थात् 'उखान झुटो बेल्दैन'। उखान सदा सत्य बोल्छ । सत्यको कारणले नै उखान चिरकासम्म जीवित रहन्छ र ज्ञानका सङ्क्षेपीकरणका रूपमा ती उखान सामूहिक सम्पत्ति पनि हुन् भन्ने निष्कर्ष ती

परिभाषाहरूमा पाइन्छ।[2] ती परिभाषाहरूले उखानको प्राचीनता र यसका गुणहरूलाई दर्शाएका छन्। उदाहरणस्वरूप केही उत्कृष्ट परिभाषाहरू यहाँ प्रस्तुत छन् -

(क) सर्वसाधारण जनताद्वारा आफ्नै भाषामा, थोरै शब्दमा सर्वमान्य यथार्थलाई प्रकट गरिएको लोकप्रचलित कथन नै उखान हो।[3]

(ख) जीवनको दीर्घकालीन अनुभवको सानो वाक्य नै उखान हो ।[4]

(ग) अनुभवी र प्रमाणित साना वाक्यहरू नै उखान हो।[5]

(घ) उखानमा एकको सुझावमा अनेकको बौद्धिक चार्तुय सन्निहित हुन्छ।[6]

(ङ) लोक-मान्यता प्राप्त लोकोक्तिहरू संक्षिप्त एवम् लोकप्रिय उक्तिहरू हुन्छन्, जसमा मानवीय ज्ञान तथा अनुभव सहज र गहिरो रूपमा विद्यमान रहेका हुन्छन् । लोक जीवनको सजीवताको परिचय पनि यही हो ।[7]

(च) व्यहारमा अनुभवका चुट्किला र गहिकिला उदाहरणहरू उपदेश तथा शिक्षाको रूपमा सूत्रबद्ध भएर प्रचलित हुन्छन्। भाषामा तिनको अधोर चमत्कार हुन्छ। यसरी प्रचलित भएको उक्ति वा वाक्यलाई उखान भनिन्छ ।[8]

(छ) मानव जीवनको हर पक्षलाई समेटेर जनजिब्रोमा उदाहरण स्वरूप आइरहेको र त्यसको प्रयोगले कथ्य भाषालाई ओजस्वी बनाउनका लागि ऐतिहासिक मान्यताहरू, रीतिथिति,

---

[2]. कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ. २१

[3] शिवप्रसाद पौड्याल, पूर्ववत्, पृ. ६

[4] पूर्ववत्, पृ. ६

[5] पूर्ववत्, पृ. ६

[6] पूर्ववत्, पृ. ६

[7] राधा शर्मा (सन् २०१०), *नेपाली उखानको सामाजिक पक्ष, (दार्जीलिङ: विश्वविद्यालय प्रयोजनमा सेन्ट जोसेफ कलेज, पृ.१३)*

[8] पूर्ववत्, पृ.स १५

परम्परा, संस्कार, संस्कृति, भेषभूसा, आनीबानी, व्यवहार, सामाजिक सोच विचारहरू, जीवनशौली, सभ्यता र विश्वासहरूबाट उब्जेका उत्कृष्ट कुराहरू लोक भावना भई निस्केका कथनहरूलाई नै उखानको रूपमा स्वीकार गरिन्छ ।[9]

(ज) उखान अनुभवसिद्ध ज्ञानका विधि हुन् । मानिसले युग-युगदेखि जुन तथ्यको विषयमा साक्षात्कार गर्दै आएको छ त्यसलाई उखानकै माध्यमबाट प्रकट गरिन्छ र ती चिरकालीन अनुभूतजन्य ज्ञान राशिको प्रकाशन गर्नु उखानको प्रमुख उद्देश्य हो ।[10]

(झ) लोकोक्तिहरू मानवी ज्ञानका घनीभूत रत्न हुन्, जसमा बुद्धि र अनुभवको किरणद्वारा फुट्ने ज्योति प्राप्त हुन्छ । लोकोक्तिहरू प्रकृतिको स्फुलिङ्गी (झरिलो कोइलाको राप) तत्त्वझैं आपनो किरण चारैतिर फैलाउँछन् । तिनबाट मनुष्यको व्यावहारिक जीवनका समस्याहरू सुल्झाउन धेरै सहायता प्राप्त हुन्छ । लोकोक्तिको आश्रय पाएर शताब्दियौंदेखि सञ्चित मानव ज्ञानवाट प्राप्त मनुष्यको तर्कशक्ति र बुद्धिको पनि विकास हुन्छ ।[11]

(ञ) वाक्यस्तरको संरचना हुने त्यस सूत्रात्मक उक्ति वा कथनलाई उखान भनिन्छ ।[12]

(ट) हाम्रो पुर्खाले आपनो जीवनका विभिन्न अनुभूतिलाई विवेकको मदानीले मन्थन गरेर झिकेको नौनी नै उखान हो । उखानमा पारम्परिक रीतिरिवाज, लुवाई-खुवाई, अर्ती-उपदेश, व्यङ्ग्यबाहेक व्यक्तिगत, पारिवारिक एवम् सामाजिक विषयमा पूर्वजका निरीक्षण, परीक्षण तथा अनुभवका सार पाइन्छ ।[13]

---

9 पूर्ववत्, पृ. १५

10 शिवप्रसाद पौड्याल, पूर्ववत् ६

11 चुडामणि बन्धु ( वि.स २०५८), *नेपाली लोकसाहित्य,* (काठमाडौं : साझा प्रकाशन, पृ. ३३२)

12 रत्नकार देवकोटा वि.स.२०५८),*केन्द्रीय नेपाली भाषिकाका उखान र गाउँखाने कथा,*(ललितपुर: साझा प्रकाशन । पृ. ४)

13 राधा शर्मा, पूर्ववत्, पृ. १५

(ठ) उखान भाषाको ज्यान हो, जातिका अनुभवको सार हो । विद्वानहरूको व्याख्यान दिएर बुझाउन नसक्ने कुरा एउटा उखानले बुझाउन सक्छ ।[14]

(ड) उखानले कुनै सत्य वा उपयोगी विचारलाई संक्षेपमा व्यक्त गर्दछ। यी उखानहरू प्राचीनकालदेखि प्रयोगमा आइरहेका छन्। आज पनि यिनको प्रयोग प्रसङ्गअनुसार हुन्छ तथा कुनै पनि उक्ति जनसाधारणद्वारा स्वीकृति भएपछि मात्र त्यो उक्ति उखानको श्रेणीमा पुग्छ।[15]

(ढ) उखानको आकार लोककथा, लोकगथा, लोकनाट्य र धेरैजसो लोकगीतभन्दा सानो हुन्छ तर अर्थको गहनता, व्यापकता र चमत्कार भने ज्यादै सशक्त र प्रभावकारी हुन्छ।[16]

(ण) जब हामी उखान सुनिरहेको हुन्छौं, हामीलाई लाग्छ मानौं हाम्रा पुर्वजहरूले आपनो सन्तानहरूले बाटो बिराउलान् र कर्त्तव्य नचिन्लान् भनी दीव्य भाषामा अकाशवाणी सुनाइरहेका छन् ।[17]

यसरी धेरै विद्वानहरूले आ-आपनो प्रकारले उखानको परिभाषा दिएको छन्। तर कुनै पनि कुरा वा चीजलाई परिभाषाले बाध्नु कठिन कार्य हो। उखानका सर्वाङ्ग पक्षलाई समेटी सर्वमान्य परिभाषा कसैले पनि दिन सकेको छैन। उखानका सबै पक्षलाई समेटेर यसको परिभाषा गर्न ज्यादै कठिन हुन्छ, जसलाई सहज रूपमा सम्प्रेषण गर्न सकिँदैन। उपर्युक्त परिभाषाको निचोडमा भन्न खोज्दा उखान श्रुतिपरम्पराबाट लोकजीवनमा आएको परिपक्क लोकोक्ति हो जो सूत्रात्मक वा लक्ष्यार्थक अभिव्यक्ति भएको हुन्छ। त्यो ज्ञान मार्गनिर्देशनको रूपमा अभिव्यक्त भएको हुन्छ ।

---

[14]. मधुसूधन रोग्मी (वि.स २०६०), *पर्वत जिल्लामा प्रचलित उखानहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण.* (कीर्तिपुर : त्रिभुवन विश्वद्यालय, पृ. १०)

[15] शिवप्रसाद पौड्याल, पूर्ववत् १०

[16]. ओमबहादुर ओली (वि.स २०५६), *दैलेखे जिल्लामा प्रचलित नेपाली उखानको अध्ययन,* (कीर्तिपुर : त्रिभुवन विश्वद्यालय, पृ. ३२)

[17].राधा शर्मा, पूर्ववत्, पृ. १४

उखानले थोरैमा धेरै कुरा बताउँछ। समाजको वास्तविक चित्र उतार्छ । त्यसले समाजको यर्थाथ चित्रण गरेको हुन्छ। उखानले जीवनजगतको सत्यतथ्य, घटना, अनुभूति, सामान्य सत्य, ज्ञान, विषयलाई सूत्रको रूपमा प्रस्तुत गरेको हुन्छ। उखान प्रकार्य, उपयोगिता, अर्थ, अनुभवी ज्ञानको प्रयोगका दृष्टिले विशिष्ट आलङ्कारिक स्वरूप हो। उखानको प्रकार्यले खास परिस्थति अथवा घटनाको सर्वस्वीकृत त्यस्तो सामान्य नियमलाई दर्शाउँछ, जुन सामान्य नियमसित स्रोता पहिलेदेखि नै परिचित हुन्छ ।

## २.३ उखानको तत्त्व

उखानको संरचनामा कतिपय आवश्यक पर्न आउँछन् । ती तत्त्वहरूमा मुख्यत कथ्य, शैली, उद्देश्य नै हुन् । तिनको चर्चा क्रमैले तल गरिन्छ।

### २.३.१ कथ्य

लोकजीवनमा प्रचलित उखानहरूले जीवनजगतका प्राय सबै विषयलाई समेटेको देखिन्छ। लोकजीवनका विविध विषय जस्तै-धर्म-संस्कृति, इतिहास, लोकविश्वास, जात-जाति, पौराणिक, सामाजिक, खानपिन आदि जुनसुकै कुरालाई पनि उखानले विषय बनाएको हुन्छ। तिनै विषयमा प्रस्ट अनुभवका आधारमा उखानको निर्माण भएको हुन्छ।

### २.३.२ शैली

उखानको प्रयोगले भाषिक अभिव्यक्तिको शैलीमा चमत्कार ल्याउँछ र साथै यसले तुरन्तै प्रभाव पार्नुको साथै स्तरीयता, जीवन्तता, अर्थगम्भीर्य पनि प्रस्तुत गर्दछ । लामो-लामो कुरालाई उखानको माध्यमद्वारा छोटकारी अभिव्यक्ति गर्न सकिन्छ । यसैले संक्षिप्तताको कारणले लोकसमुदायले छिटो याद गर्न सक्छन् । आकारका आधारमा उखान लघु, मझैला

र लामा किसिमका हुन्छन्। लयका आधारमा उखान लयविहीन र लयात्मक हुन्छन्। उखान प्रश्नोत्तरात्मक पनि हुन्छ । उखानमा नै प्रश्न र उखानमा नै उतर दिएको हुन्छ। जस्तै *किन चाउरिस मरिज? आफ्नै रागले* ।

### २.३.३ उद्देश्य

उखानलाई ज्ञान, मार्गदर्शनको रूपमा लिइन्छ। नेपाली समाजमा पहिले धेरै प्रथाहरू थिए भन्ने कुरा उखानको माध्यमद्वारा थाहा पाउन सकिन्छ। परम्परादेखि परम्परासम्म लोपोन्मुख भएका कुराहरू पनि उखानको माध्यमबाट जान्न सकिन्छ। उखानलाई समाजको ऐनाको रूप मान्न सकिन्छ। समाजमा जे जस्ता कुराहरू हुन्छन् ती कुराहरू हुबहु उखानमा अभिव्यक्त भएको भेटिन्छ ।

## २.४ उखानका विशेषताहरू

लोकजीवनमा प्रचलित उखानका अनेक विशेषताहरू छन् । केही प्रमुख विशेषताहरूको चर्चा तल प्रस्तुत छ।

### २.४.१ अनुभूतिको ज्ञान

उखानलाई अनुभूतिको ज्ञान भण्डार भनिन्छ। लोकजीवनको पृष्ठभूमिमा उखानको सिर्जना गर्ने व्यक्ति पढेलेखेको हुनुपर्छ भन्ने जरूरी छैन। पुर्खाहरूको चिरन्तन अनुभवबाट प्राप्त भएका यस्ता नैतिक चेतनाबाट प्रेरित र प्रभावित भई उत्पन्न उखानलाई मानिसले आफ्नो जीवनमा प्रयोग गरी आफूलाई नियन्त्रित वा अनुशासित तुल्याउँछन् । जस्तै- *कि परेर जानिन्छ कि पढेर जानिन्छ* । ज्ञान भन्ने कुरा व्यावहारिक अनुभवबाट मात्र पाइन्छ भन्ने सन्देश माथिको उखानले दिएको छ।

### २.४.२ जातीय जीवनको सत्य

नेपाली समाज बहुभाषी समाज हो । यसैले उखानले हरेक जातिको सत्य कुरालाई झल्काएको हुन्छ। नेपाली समाजको सामाजिक जीवनलाई विभिन्न किसिमले प्रभाव पार्दै समाजलाई विभिन्न वर्गमा विभाजित गरेर उच्चवर्ग र निम्नवर्गको भावना उखानको माध्यमबाट व्यक्त भएको हुन्छ साथै सामाजिक आचार-विचार, खानपान, रहनसहनजस्ता कुरा पनि उखानले बताउँछ। जस्तै-*सोझो मगर, जसो भन्यो त्यसै गर, जोगीको जात, अँधेरी रात* । पौराणिक कालमा नारीलाई देवीको रूपमा राख्थे, तर पितृसत्तात्मक समाजमा नारीलाई तुच्छ मान्ने खालका उखान पनि पाइन्छ । यसैले यस्ता उखानले नारीजीवनको सत्य कुरालाई प्रस्तुत गरेका हुनाले उखानमा जातीय जीवनको सत्य पक्षको अभिव्यक्ति हुनु पनि एउटा प्रमुख विशेषता नै हो ।

### २.४.३ सार्वभौम / सार्वकालिक अभिव्यक्ति

युगौंदेखि खारिँदै आएका ज्ञान र अनुभव उखानमा बाँचिरहेको पाइन्छ, किनभने त्यस्ता उखानहरू सबै ठाउँहरूमा एकै किसिमले प्रयोग हुन्छन् । उखानहरू कुनै पनि कालमा फेरिँदैनन् तर कतिपय उखानहरू भने स्थानीय तहमा मात्रै लोकप्रिय बनेका हुन्छन् । सार्वकालीन उखानहरूको प्रयोग जहाँसुकै जस्तोसुकै अवस्थामा पनि हुन सक्छ । जस्तै-*बाह्रा छोरा तेह्र नाती बूढाको धोक्रो काँधैमाथि।* पहिले यस्ता उखान प्रचलित थिए । जति नै छोराछोरी भए पनि बाबुले नै घर हेर्नु पर्थ्यो, तर अझै पनि यस्ता कुराहरू समाजमा देखिनै रहेका छन् ।

### २.४.४ संक्षिप्तता / सरलता

संक्षिप्ताता उखानको प्रमुख विशेषता हो।संक्षिप्तताकै कारणले उखान लोकजीवनको मुख-मुखमा अडिरहन्छ । अध्येताहरूले वर्णन गर्न नसकेका कुराहरू उखानको माध्यमबाट छोटो रूपमा प्रस्तुत गर्न सकिन्छ। *आकाशको फल आँखा तरि मर्* उखानले संक्षेपमा जति गम्भीर अर्थ दिन्छ, त्यही अर्थ व्याख्याका रूपमा दिंदा जोरदार बन्न सक्दैन । एउटा सानो उखानमा ठुलाठुला तर्क र व्याख्या गर्न सक्ने क्षमता रहेको हुन्छ ।

### २.४.५ जीवन्तता

जीवन भोगाइको सत्यता वा यथार्थतामा उखान प्रतिबिम्बत भएको हुन्छ। यसैले गर्दा उखानहरूले जीवन्तता पाएका हुन् । उखानमा जीवन्तता नभइदिएको भए उखानहरू जनजिभ्रोमा सहज रूपमा झुण्डिएर रहन सक्ने थिएनन् र कुराकानीको क्रममा मानिसमा उचित ठाउँ पाउने पनि थिएनन्। उखानको अत्यधिक प्रयोग हुनु नै उखानले लोकप्रियता पाउनु हो। जब उखान लोकप्रिय हुन्छ तब लोकजीवनमा प्रचलित भइसकेपछि उखानहरू स्वत जीवन्त र प्राणवान् हुन्छन्। जस्तै- *लङ्का जित्ने हनुमान, जस पाउने ढेडु, इन्द्रको अगाडि स्वर्गको बखान* आदि।

### २.४.६ लोकप्रियता

लोकजीवनमा कुनै पनि कुरा सहज किसिमले भिज्न थालेपछि त्यो लोकप्रिय बन्न थाल्छ। उखानको सिर्जना अज्ञात व्यक्तिद्वारा हुन्छ । त्यही उखान सन्दर्भअनुसार लोकसमाजमा प्रचलित हुन्छ । त्यसपछि उखानले लोकप्रियता प्राप्त गर्छ।तब मात्र त्यस कथनलाई मान्यता दिइन्छ अनि जनजिभ्रोमा सहज ढङ्गमा झुण्डिएर बाँचिरहन सफल हुन्छ ।

व्यावहारिक जीवनको अनुभुतिबाट खारिएर निस्कने सूत्रात्मक उक्तिहरू लोकजीवनमा वर्षौंसम्म जीवित रहनु नै उखानको लोकप्रियता हो ।[१८]

## २.५ नेपाली उखानको वर्गीकरण

लोकजीवनमा प्रचलित उखानहरू सबै जातिका भाषाहरूमा पाइन्छन्।यसर्थ भाषा वा जातिका विद्वानहरूले उखानलाई अर्थ आफ्नै प्रकारले खोज-अनुसन्धान गरी वर्गीकरण गरेका छन्। कुनै पनि समाज तथा भाषामा प्रचलित उखानहरूले त्यस जातिको जनजीवन, शैली, रहनसहन, रीतिरिवाज, जाति, धर्म, पेशा आस्था, विश्वास, इतिहास घचना आदि विविध पक्षको यथार्थ चित्र बोकेको हुन्छन्।[19]

उखानबारे अध्ययन-अनुसन्घान गर्ने क्रममा विभिन्न देशका विद्वानहरूले उखानको वर्गीकरणका आधारहरू प्रस्तुत गरेको पाइन्छ । कुनै पनि विषयको वर्गीकरण र अध्ययन कुनै निश्चय सिद्धान्तका आधारमा गर्नु वैज्ञानिक र युक्तिसंगत हुन्छ ।[20] उखानको सन्दर्भमा वर्गीकरण निश्चित आधार देखाउन देखाउनु जटिल कार्य हुन जान्छ, कारण एउटै उखानले विभिन्न विषय तथा नीतिज्ञान प्रदान गर्न सक्ने क्षमता राखेको हुँदछ । जस्तै- *काटे पछि फेदैमा काट्नु* । यसमा सोझो रूपमा हेर्दा रूख काट्दा फेदबाट नै काट्नु बुझिन्छ तर यसले लक्ष्यार्य अर्थ पनि प्रस्तुत गरेको छ । जसरी कुनै पनि कुरालाई मास्नको लागि जराबाटै मसाउनु पर्दछ । यसैले एउटा उखानको निश्चित वर्गीकरण गर्ने कार्य जटिल देखिन्छ । विद्वानहरूले मूलत: दुई मुख्य आधारहरू देखाएका छन् , १. रूपात्मक आधार र २. विषयात्मक आधार । पाश्चात्य विद्वान् जाँन क्रिस्चियनले उखानलाई कमी-कमजोरी, त्रुटि तथा अवगुण विषयक, सांसारिक ज्ञानविषयक, सामाजिक र नैतिक विषयक,

18 शिवप्रसाद पौड्याल, पूर्ववत्, पृ. १६

19. कृष्णप्रसाद पराजुली, पूर्वत्, पृ. ४२

20. पूर्ववत्, पृ. १०

कृषि र कानुन विषयक, पशु तथा सामान्य जीवजन्तु विषयक गरी छ प्रकारले वर्गीकरण गरेका छन्।[21] यस्तै प्रकारले कृष्णदेव उपाध्यायले पाँच प्रकारमा वर्गीकरण गरेका छन्, १. स्थानसम्बन्धी, २. जातिसम्बन्धी, ३. प्रकृति वा कृषिसम्बन्धी, ४. पशुपन्छीसम्बन्धी , ५. प्रकार्य । कुन्दनलाल उप्रेतीले आठ प्रकारमा वर्गीकरण गरेका छन् १. सामाजिक तथा नैतिक, २. ज्ञानदर्शन तथा साहित्यसमबन्धी, ३. शिक्षासम्बन्धी, ४. कृषिसम्बन्धी ५. स्थानसम्बन्धी ६.लोकविश्वाससम्बन्धी ७. जीवनजन्तु तथा पशुपन्छीसम्बन्धी ८. प्रकीर्ण । यसरी नै शिवप्रसाद पौड्यालले ९ प्रकारमा वर्गीकरण गरेका छन् १. नीतिशिक्षासम्बन्धी, २ धर्म, संस्कृतिसम्बन्धी ३. लोकविश्वास र जीवनदर्शनसम्बन्धी, ४. सामाजिक स्थिति झल्काउने उखान, ५. आर्थिक पक्षसम्बन्धी, ६. प्रकृतिजगतसम्बन्धी, ७. स्थान विशेषसँगसम्बन्धी, ८. पशुपन्छीसम्बन्धी, ९. विविध विषयसम्बन्धी । धर्मराज थापा र हंसपुरे सुवेदीले **क** र **ख** गरी दुई खण्डमा वर्गीकरण गरेका छन् । (क) खण्डमा १. नीतिरचना (उपदेश) रूपमा लोकोक्ति, २. सूक्ति रूपमा लोकोक्ति र लक्ष्यार्थ रूपका लोकोक्ति । (ख) खण्डमा १. सामाजिक रूपमा लोकोक्ति, २. ऐतिहासिक रूपमा लोकोक्ति, ३. सांस्कृतिक लोकोक्ति, ४.व्यङ्ग्यात्मक लोकोक्ति, ५.जातिसम्बम्धी, ६.स्थानसम्बन्धी, ७. विविध-मिश्रित लोकोक्ति।[22] कृष्णलाल हंसले तीनवटा आधारमा वर्गीकरण गरेका छन्, जस्तै स्वरूपका आधारमा, स्थानका आधारमा र विषयका आधारमा । स्वरूपका आधारअन्तर्गत प्राचीन संस्कृत साहित्यको आधार, माध्यकालीन हिन्दी कवि र उनको काव्यका आधार, अनूदित उखानको आधार, तुलानात्मक उखानको आधार पर्दछन् । स्थानका आधारअन्तर्गत सर्वदेशीय, एकेदशीय

[21]. शिवप्रसाद पौड्याल, पूर्ववत्, पृ. ९०

[22]. पूर्ववत्, पृ ९३

र क्षेत्रीय वा स्थानीय आधारहरू मुख्य हुन् भने विषयका आधारअन्तर्गत ऐतिहासिक, धार्मिक, नैतिक, दैनिकजीवन, तथ्यपूर्ण, कृषिविषयक र व्यङग्य आधारहरू पर्दछन् ।[23]

यसै सन्दर्भमा नेपाली उखानको वर्गीकरण निम्नलिखित आधारमा गर्नु वैज्ञानिक हुनेछ —

### २.५.१ संरचनागत आधार

संरचनाका आधारमा उखानमा पाइने वाह्य तत्त्वहरूको अध्ययन गरिन्छ । संरचना भन्नाले उखानको आकारप्रकार र त्यसको निर्माण प्रकृतिलाई बुझिन्छ । मूलत: संरचनामा उखानको बनौट र त्यसको बाह्य रूपरेखाको अङ्कन गरिएको हुन्छ । कुनै उखान छोटा हुन्छन् भने कुनै लामा हुन्छन् । अभिव्यक्तिको ढाँचा वा दृष्टिले ती उखानहरू फरकफरक हुन्छन् ।

**(क) आकारगत आधार :** आकारगत रूपमा उखानलाई वर्गीकरण गर्दा एकदुई पदावलीदेखि लिएर सानो अनुच्छेदसम्मको लामा आकारका उखानहरू भेटिन्छन् । यस्ता उखानहरूलाई तीन प्रकारमा वर्गीकरण गर्न सकिन्छ, जस्तै १. छोटो (लघु) आकार, २. मझौला (मध्यम) आकार र ३. लामो (बृहत्) आकार ।

**(अ)** ***लघु आकारका उखान :*** उखानका आकारहरूमा सबैभन्दा सानो आकार भएको उखान नै लधु आकारको उखान हो । यस्ता उखानका केही नमुनाहरू तल प्रस्तुत छ-

१. अर्काको नासो गलाको पासो ।

२. वीरवलको खिचडी ।

३. पुस फासफुस ।

४. अल्पविधा भयङ्करी ।

---

[23] . शिवप्रसाद पौड्याल, पूर्ववत्, पृ. ९१ ।

५. नबिराउनु नडराउनु ।

(आ) ***मझौला आकारका उखान :*** लधु आकारका उखानभन्दा ठूलो, लामा आकारका उखानभन्दा सानो आकार भएको उखानलाई मझौला उखान भन्दछन्।

१. भाग्यमानीको भूतै कमारा ।

२. मुखमा राम राम, बगलीमा छुरा ।

३. आफू नमरी स्वर्ग देखिन्न।

४. आँप रोपे आँप पाइन्छ, केरा रोपे केरै पाइन्छ ।

५. अन्धाको लागि दिन रात बराबर ।

(इ) ***(बृहत) लामा आकारका उखान*** : नेपालीमा लामा आकारका उखानहरू प्रशस्त भेटिन्छन् लामा आकारका उखानहरू लयात्मक र गद्यात्मक दुवै किसिमका हुन्छन्। जस्तै-

१. एकदिनको पाहुना मीठो-मीठो खा, दुईदिनको पाहुना जसो-जसो खा, तीनदिनको पाहुना जतासुकै जा।

२. अरूलाई पठाए अरू नै काम, कमारालाई पठाए कमारे काम, छोरोलोई पठाए आधा काम, आफै गए पूरा काम ।

३. अघि राँडले जानिन, पछि राँडले मानिन, बाघ लाग्यो घिच्याउन, बूढी लागी चिच्याउन।

४. पैलो दिन ससुराली जानु दूध दहि घिउ कति खानु,
दोस्रो दिन ससुराली जानु दूध दहि घिउको दुनो सानू,
तेस्रो दिन ससुराली जानु अमीलो महिले गयो गानु,
चौथो दिन ससुराली जानु किन आयो जुवाई खानु।

**(ख) लयका आधारमा** : लयका आधारमा उखानलाई दुई भागमा बाड्न सकिन्छ, लयविहीन उखान र लयात्मक उखान ।

*(अ) **लयविहीन उखान*** : यस्ता उखानमा कुनै प्रकारको लय हुँदैन। जस्तै-

१. भाग्यमा भए घुरीबाट बर्सन्छ।

२. मह काढ्नेले हात चाट्छ।

३. कुरो र कुलो जता लग्यो उतै जान्छ।

*(आ) **लयात्मक उखान** :* लय भएको उखानलाई लयात्मक उखान भनिन्छ। जस्तै-

१. छेपाराको पुच्छर जस्तो रेती हुँदैन, कान्छी जस्ती राम्री जेठी हुँदैन।

२. केटाकेटी आए गुलेली खेलाए, चरा मार्न सकेनन् पुच्छर हात लगाए।

३. जहाँ फल पाक्छ, त्यही चरी नाँच्छ ।

**(ग) चिन्तनका आधारमा :** समाजमा बसोबासो गर्ने मानिसहरू विभिन्न किसिमका चिन्तनबाट ग्रसित हुन्छन् । तीमध्ये कसैले नयाँ समाजको निर्माण गर्ने सोच लिएका हुन्छन् भने कसैले यथास्थितिवादी चिन्तनमा जरो गाडेका हुन्छन् । यस किसिमका चिन्तनयुक्त उखानहरू निम्नअनुसार रहेका छन्-

*(अ) **परिर्वतनकारी चिन्तनयुक्त उखान** :* रूढीगत मान्यता एवम् परम्परागत चिन्तनलाई त्यागेर नयाँ विचार वा नयाँ सोच बोकेको उखानहरूलाई परिर्वतनकारी चिन्तनयुक्त उखान भनिन्छ। जस्तै-

१. आँगो ताप्नु मुढाको, कुरा सुन्नु बूढाको। (पुरानो उखान)

आँगो ताप्नु हिटरको, कुरा सुन्नु मिटरको (परिवर्तित उखान)

२. भीरमा जाने गोरूलाई राम-राम (पुरानो उखान)

भीरमा जाने गोरूलाई अल द वेष्ट। (परिवर्तित उखान)

३. एक पल्ट अगुल्टाले हानेको कुकुर बिजुली चम्कन्दा पनि तर्सन्छ (पुरानो उखान)

एक पल्ट पक्राउ परेको चोर पोस्टम्यानलाई देख्दा पनि तर्सन्छ (परिवर्तित उखान)

४. जुन गोरूको सिङ्ग छैन त्यसको नाम तिखे (पुरानो उखान)

जुन गोरूको सिङ्ग छैन त्यसको सिङ्ग बिस्तारै पलाउँछ (परिवर्तित उखान)

५. बाह्र वर्ष कुकुरको पुच्छर डुंग्रामा राखे पनि जस्ताको त्यस्तै (पुरानो उखान)

बाह्र वर्ष कुकुरको पुच्छर डुंग्रामा राखे अनि बल्ल एडल्ट भयो (परिवर्तित उखान) ।

*(घ) **अभिधामूलक उखानको आधारमा*** : अभिधामूलक उखानले सोझो साघारण र वाच्यार्थ बुझाउँछन्। यस्ता उखानमा अर्थ टेढोमेढो, घुमाउरो नभई साघारण चलनचल्तीका हुन्छन्। जस्तै-

१. मान्छे राम्रो गुनले, तिहुन राम्रो नुनले ।

२. पानी खानु छानेर, गुरू मान्नु जानेर ।

३. आँगो ताप्नु मूढाको, कुरा सुन्नु बूढाको ।

४. पानी खानु मूलको, बुहारी ल्याउनु कुलको ।

*(ङ) **लक्षणामूलक उखानको आधारमा*** : लक्षणामूलक उखानले सिधा अर्थ नबुढझाई तिनको विशेष गरी लक्ष्यार्थ बुझाउँछ । नेपालीमा त्यस किसिमको उखानका उदाहरण यस प्रकारका छन्-

१. आफ्नो आङमा भैसी नदेख्ने , अर्काको आङमा जुम्रा देख्ने।

२. बाँदरको हातमा नरिवल।

३. नाच्न जाँदैन आँगन टेढो।

४. म ताक्छु मूढो, बन्चरो ताक्छ घुंडो।

५. चरालाई सुनैको भए पनि पिँजडा मन पर्दैन ।

६. जङ्गली काडालाई तिखार्नु पर्दैन ।

(च) **प्रश्नोत्तरात्मक उखानको आधारमा :** प्रश्नोत्तरात्मक उखानमा प्रश्न पनि उखानमै र उतर पनि उखानमै दिइएको हुन्छ । त्यस्ता उखानहरू सारगर्भित र रोचक हुन्छन् अनि स्रोताको ध्यानलाई गम्भीर तुल्याउँछन् । जस्तै-

१. किन रून्छस् मङग्ले ? आफ्नै ढङग्ले ।

२. किन चाउरिस् मरिज ? आफ्नै रागले ।

४. केटो कस्तो छ ? बोल्नु नपर्ने ।

५. के खोच्छस् नेता ? कुर्सी ।

(छ) **व्यञ्जनामूलक उखानको आधारमा :** व्यञ्जनामूलक उखानले धुमाउरो , टेढो, अर्थ दिन्छ । जस्तै-

१. बाह्रवर्ष रामाण पढेर सीता कसकी जोई ।

२. जसले मह काट्छ, उसले हात चाट्छ ।

३. नमच्चिने पिङ्को सय झड्का ।

४. कान चिर्दैमा जोगी हुँदैन ।

(ज) **भाषान्तरमिश्रणका मिश्रित उखानको आधारमा :** नेपाली भाषाका उखानहरू अरू भाषाहरूसंग मिश्रण भएको पाइन्छ । यस्ता मिश्रण भएका उखानमा मिठास पाइन्छ। जस्तै-

१. होगा तो होगा नही तो मकैको धोगा ।

२. मुखमा राम-राम, बगलीमा छुरा ।

३. विनाशकाले विपरीतबुद्धि ।

४. बाहिर-बाहिर हेर्दा सुटिङबुटिङ, भित्र-भित्र जुम्राको मिटिङ ।

५. देखमा हिरो, पढनमा जिरो ।

(झ) **वाक्य रचनाका आधारमा :** उखानलाई सरल र जटिल वाक्य गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ ।

*(अ) सरल वाक्यमा संरचित उखान*

१. नपत्याउने खोलाले बगाउँछ ।

२. केरा रोपेको ठाउँमा आँप फल्दैन ।

३. धनले धन कमाउँछ ।

४. फलामले फलाम काट्छ ।

५. मर्नुभन्दा बौलाउनु निको ।

माथि उल्लेखित उखानहरू सरल वाक्यमा संरचित छन् । यस्ता उखानहरू एउटा मात्र वाक्यबाट बनेका हुन्छन् ।

*(आ) जठील वाक्यमा संरचित उखान*

१. मौरीले मह साँच्छ आफू खाँदैन, धनीले धन साँच्छ साथ लाँदैन ।

२. यस हातबाट देउ, उस हातबाट लेउ ।

३. लङ्का जलाउने हनुमान, जस पाउने ढेडु ।

४. कि पढेर जानिन्छ, कि परेर जानिन्छ ।

(ञ) **शब्द स्रोतको उखानको आधारमा :** शब्द स्रोतको दृष्टिमा नेपाली उखानलाई तीन प्रकारमा विभाजन गर्न सकिन्छ ।

(अ). तत्सम शब्दका उखान

(आ). संस्कृतमिश्रित झर्रा शब्दका उखान

(इ). आगन्तुक उखान

(अ).  जुन उखानमा संस्कृत भाषाका शब्दहरू बढी छन् त्यस्ता उखानलाई तत्सम शब्दका उखानमा राख्न सकिन्छ जस्तै-

१. काकस्य शापात् म्रियते न धेनु: । (झिँगाको सरापले डिँगा मर्दैन)

२. यथा देशस्तथा भाषा । (जस्तो देश, त्यस्तै भेष) ।

३. मधुरमणि बहुखादितमजीर्ण भवति । (धेरै खायो भने गुड पनि तीतो हुन्छ ।

४. अल्पविधा भयङ्करी ।

(आ). संस्कृत  शब्दमिश्रित झर्रा शब्दहरूबाट आएका उखानहरूको नमूना यस प्रकार छन्-

१.  परिश्रमको फल मीठो हुन्छ ।

२.  ठक्कर नखाई बुद्धि आउँदैन ।

३.  रातभरि करायो दक्षिणा हरायो ।

४.  आइसर कि लाईसार मरेपछि लम्पसार ।

(इ). अन्य भाषाबाट आएका उखानलाई आगन्तुकमा राख्न सकिन्छ जस्तै-

१. ओभर भयो भने गोबर हुन्छ ।

२. एनी हाउ, दाम कमाउ ।

३. कमारी हमारी तुमहारी ।

### २.५.२  विषयगत आधारमा उखान

लोकजीवनमा प्रचलित उखानहरूले जीवन-जगतका प्राय: सबै विषयलाई समेटेका हुन्छन् । लोकजीवनका विविध विषय जस्तै धर्म, संस्कृति, रीतिरिवाज, संस्कार, इतिहास, जाति, समाज,

नीतिचेतना, कृषि-व्यवस्था आदि विषयमा आधारित उखानहरूलाई वर्गीकरण गरेर हेर्न सकिन्छ ।[24] मौखिक परम्परामा रहेका उखानहरूले समाजका सम्पूर्ण विषयलाई समेटिएको हुँदा विद्वानहरूले पनि विविध दृष्टिकोणका आधारमा तिनको विषयात्मक वर्गीकरण गरी अध्ययन तथा विश्लेषण गर्ने काम गरेको पाइन्छ । शिवप्रसाद पौड्यालको *नेपाली उखानको विषयात्मक अध्ययन* पुस्तकलाई आधार बनाएर उखानको निम्नलिखित वर्गीकरण गरिएको छ ।

(क) **प्रथा-प्रचलनका आधारमा :** प्रथा भन्नाले पूर्खाको पालादेखि वर्तमान समयसम्मको लोकजीवनलाई प्रभावित पार्दै आएका रीति-रिवाज, चालचलन, परम्परागत परिपाटी आदि बुझिन्छ।[25]। सबै समाजमा एउटै प्रथा हुँदैन। प्रत्येक समाजमा आ-आफ्नै प्रकारका प्रथा प्रचिलत रहेको पाइन्छ। यस्तै प्रकारले नेपाली समाजमा पनि धेरै प्रथाहरू प्रचलनमा थिए । समाजमा विलुप्त हुँदै गइरहेका त्यस्ता प्रथाहरूलाई उखानले प्रत्यक्ष रूपमा पुर्णजीवित तुल्याएको छ।

*(अ)* ***सतीप्रथामा आधारित उखान*** : सतीप्रथा एक समयमा नेपाली समाजमा प्रचलित प्रथा थियो । पति मरेपछि पतिको चितामा पत्नीलाई जिउँदै जलाइने प्रथाको नाम हो सतीप्रथा। मृत पतिसंग जिउँदै चितामा जलेर मर्नाले सिधै स्वर्ग पुगिन्छ भन्ने लोकविश्वास थियो । सती जान लागेकी सतीलाई खीरसित भाङ धतुरो खुवाइने कुरा र सतीप्रथाको प्रचलनलाई नेपाली उखानले देखाएको छ – *सती पनि जान्न खीर पनि खान्न* । आज नेपाली समाजमा यो प्रथा निर्मूल भए पनि हाम्रो समाजमा यो प्रथा प्रचलित थियो । राजा पृथ्वीनारायण शाहकी तीन पत्नी उनीसंगै सती गएका थिए भन्ने तथ्य पनि पाइन्छ ।[26] तत्कालीन सचेत व्यक्तिहरूले सती प्रथालाई घृणित र लज्जास्पद ठहराउँदै विरोध गरे तापनि स्वयम् नारीले *सती जान दिइनस् भने तँ नै मेरो पोइ हो* भन्ने समेत गरिएको पाइन्छ।

---

[24]. शिवप्रसाद पौड्याल, पूर्ववत्, पृ. १०१

[25]. राधा शर्मा, पूर्ववत्,पृ. ५४

[26]. पूर्ववत्, पृ. ५७

*(आ) **कमारा-कमारीमा आधारित उखान**:* विश्वका धेरजसो समाजमा दास वा कमरा-कमारी राख्ने प्रथा आजसम्म विद्यमान रहेको पाइन्छ । अहिले पनि धनीवर्गका मानिसहरूले कृषि एवम् घरेलु कामका लागि कमारा-कमारी राख्ने प्रचलन छ । दास प्रथामा कमारी-कमारा शोषित, अपहेलित र तुच्छ रहेको पाइए तापनि कमारीहरूको अवस्था भने दयनीय रहेको तथ्य उखानमार्फत जान्न सकिन्छ। जस्तै-

१. कमारी बनी कमाउनु, रानी भई उडाउनु।

२. कमारा जस्तो कमाउनु, खानु राजाले जस्तो।

३. कमारीको मोल खानु, परेवाको झोल खानु।

४. कमारी हमारी तुमहारी।

*(इ) **बहुविवहामा आधारित उखान** :* विवहा दुई प्रकारका हुन्छन्। एकल विवहामा एकजना पति र पत्नी हुन्छन् र बहुविवहामा एकभन्दा धेर पति वा पत्नी हुन्छन् ।[27] नेपाली समाजमा एकल विवहा र बहुविवहा दुवै पाइन्छन् । नेपाली समाजमा बहुविवहा प्रथालाई दर्शाउने नेपाली उखानहरू पनि छन्, जसको माध्यमबाट यस प्रथालाई जान्न सकिन्छ । जस्तै –

१. सौताको रिसले पोइको काख मुत्ने ।

२. मर्दकी दसौटी स्वास्नी ।

३. सौताको छोरा मुटुको किला ।

४. झगडा नमच्चिए कान्छी ल्याउनु ।

---

[27]. राधा शर्मा, पूर्ववत्, पृ. ६१।

५. लोग्ने मान्छेको हजार गोठ हुन्छ ।

(ख) **धर्म - संस्कृतिको आधारमा उखान :** मानिस सामाजिक प्राणी हो । कुनै पनि समाजको आफ्नो धर्म र संस्कृति हुन्छ । मानिस जन्मदेखि मुत्युसम्म धर्म र संस्कृतिमा बाँधिएको हुन्छ र त्यो मानिस सांस्कृतिक परिवेशबाट अलग हुन सक्दैन । नेपाली जातिको पनि आफ्नै संस्कृति र परम्परा छ । नेपाली जातिमा धेरै धर्म र संस्कृति पाइन्छन् । नेपाली उखानले ती धर्म र संस्कृतिलाई प्रतिविम्बित गरेको उदाहरण तलका उखानहरूमा पाइन्छ ।

१. सत्कर्म गर्नु, पापदेखि जोगिनू ।

२. आयो दशैं ढोल बजाई ।

३. नजिकको तीर्थ हेला ।

४. जसको मन शुद्ध, उसै भगवान् बुद्ध ।

५. पुर्खाको पुण्य र पाप, सन्तानको फलिफाप ।

(ग) **जात जातिका आधारमा उखान** : नेपाली समाज बहुजात-जातिको समाज हो । नेपाली समाजमा जातिप्रथाको आफ्नै महत्त्वपूर्ण स्थान छ। त्यही जाति प्रथाले नै सामाजिक जीवनलाई विभिन्न किसिमबाट प्रभावित गर्दै आएको छ र समाजलाई विभिन्न वर्गमा विभाजित समेत गरेको छ र समाजमा उच्चवर्ग र निम्नवर्गको भावना जन्माएको छ। नेपाली समाजमा विभिन्न जातिका विशेषता, कमीकमजोरी, खानपिन, रहनसहन आदि प्रकट गर्ने अनेक उखानहरू प्रचलित छन्। कहिलेकही हाम्रो समाजमा एउटा जातिले अर्को जातिलाई हेय, निम्न र अछुतोको भावना राखेर भनेका कुरालाई उखानले निम्नलिखित रूपमा व्यक्त गरेको हुन्छ । जस्तै-

१. जोगीको जात, अँधेरी रात ।

२ .सोझा मगर, जसो भन्यो त्यसो गर ।

३. कहाँको जात, कहाँको भात ।

४. बाहुनको जनै, दमाईको सनै ।

५. एक घर विष्ट, दसघर कामी, जस्ता तिमी उस्तै हामी ।

६. कुमालेको घरमा हाँडीको दुख।

(घ) **लोकविश्वासका आधारमा उखान :** कुनै पनि समाजको लोकजीवनमा आफ्नै किसिमको परम्परा, आस्था, विश्वास, धारणा, मान्यता रहेका हुन्छन् । त्यस्ता लोकविश्वाससम्बम्धी परम्परागत धारणले सामाजिक, सांस्कृतिक दृष्टिकोण प्रस्तुत गर्दछन् र साथै लोकजीवनका मूल्य, मान्यता र विश्वासलाई देखाउँछन् । लोकविश्वास मानिसको आदिम संस्कारबाट लोकजीवनमा प्रचलनमा आई लोकप्रिय रूपमा स्थापित भएको मान्यता, रीति-रिवाज र विश्वास हो।[28] प्रारम्भमा मानिसहरूले ज्ञानविज्ञानको अभावमा अदृश्य शक्तिलाई लोकविश्वासको रूपमा स्थापित गर्दै त्यसप्रति आस्था राख्दै आए। अहिले पनि लोकजीवनमा यस्ता अदृश्य शक्तिसम्बन्धी विश्वास र मान्यत रहँदै आएको छ । लोकजीवनसित सम्बन्धित यस्ता विश्वासहरू प्रतिच्छाँयाका रूपमा नेपाली उखानहरूमा अभिव्यक्ति भएका हुन्छन् । जस्तै-

१. आफै धामी, आफै बोक्सी ।

२. दशा लागेको बेला दसथोक हुन्छ ।

[28]. शिवप्रसाद पौड्याल, पूर्ववत्, १८२।

३. दिन दशा सबैलाई लाग्छ ।

४. टुहुराको दिन फर्कन्छ, राँडीको दिन बित्छ ।

५. पाप धुरीबाट कराउँछ ।

लोकविश्वास अन्तर्गत धेरै विषयहरू पर्छन्। ती विषयका आधारमा उखानहरू प्रशस्त पाइन्छन्। जस्तै-

***(अ) स्वर्ग-नर्कको आधारमा उखान :***

१. नर्कको बास न स्वर्गको बास ।

२. आफू नमरी स्वर्ग देखिँदैन ।

३. पापी मान्छे नर्क जान्छ ।

४. इन्द्रको अधाडि स्वर्गको बखान ।

***(आ) पाप- धर्मका आधारमा उखान :***

१. जहाँ धर्म उही कर्म ।

२. पाप धुरीबाट कराउँछ ।

३. पाप न साप मिलाएर थाप ।

४. पाले पुण्य, मारे पाप ।

***(इ) देवी- देवताका आधारमा उखान :***

१. देशको देवता गाउँको भूत ।

२. मुखमा रामराम, बगलीमा छुरा ।

३. माने देउता, नमाने ढुङगा ।

४. सबै ढुङ्गा शालिग्राम हुँदैन ।

५. ईश्वरले दिनु परे धुरी उधारेर दिन्छ ।

*(ई) भूत- प्रेत, डाइनी बोक्सीका आधारमा उखान :*

१. भाग्यमानीको भूतै कमारा ।

२. बोक्सीको आँखा ठूलो, चोरको डाँको ठूलो ।

३. पुजे देवता, नपुजे भूत ।

४. करेसोको भूतले सात पुस्ता पिर्छ ।

५. भूतले ज्यान लिँदैन दुःख भने दिन्छ ।

*(उ) ज्योतिषका आधारमा उखान :*

१. आकाशको राहु, पतालको केतु, एकफेर नपरी कसरी चेतुँ ।

२. सोझा ग्रहलाई कसैले पुज्दैन ।

*(ऊ) दिन- दशा र आशिक सरापका आधारमा उखान :*

१. झिँगाको सरापले डिँगा मर्दैन ।

२. सत्ते सराप गर्नु, धर्म पोली खरानी गर्नू ।

३. दिन दशा सबैलाई लाग्छ ।

४. दिन लागोस्, दशा नलागोस् ।

५. दशा लागेको बेलामा दशथोक हुन्छ।

*(ऋ) भाग्या विधिकर्मका आधारमा उखान* :

१. भाग्यमा भए फर्की-फर्की आउँछ ।

३. नसीबमा लेखेको मेटिदैन ।

४. भाग्यामानीको भूतै कमारा ।

५. भाग्यामा भए तालुमा आलु फल्छ ।

(ङ) **स्थानका आधारमा उखान** : कुनै पनि ठाउँको सामाजिक, भौगोलिक, ऐतिहासिक, सांस्कृतिक विशेषता झल्काउने र तिनै परिवेशमा सिर्जिएका स्थानको बोध गराउने उखानलाई स्थान विशेषको उखान भनिन्छ।[29] उखान कुनै पनि ठाउँमा जन्मन्छन् अनि त्यही ठाउँको ऐतिहासिक, परिवेश, घटना आदिको विशेषताको प्रतिबिम्बित गर्छ । एक ठाउँमा भएको उखान जस्तै क्षेत्रीय, राष्ट्रिय हुँदै अन्तराष्ट्रिय रूपमा हुन्छ । स्थानगत उखानले त्यस ठाउँको चिनाहरीको अस्तित्व रहेको हुन्छ । नेपाली समाजमा एउटै उखान स्थानगत हिसापले भिन्न भिन्न रूपमा व्यक्त गरिन्छ । जस्तै- *बाघ कराएको बाखो हराएको, चितुवा कराउनु सिँगारी हराउँनु* । यस्ता स्थानसम्बन्धी धेरै उखानहरू पाइन्छन् जस्तै-

[29] . शिवप्रसाद पौड्याल, पूर्ववत्, १५४

१. घर बसी नेपाल देख्ने ।

२. आफू छ सिल्ली, धाक लाउँछ दिल्ली ।

३. अत्ता न पत्त, नजाऊ कलकत्ता ।

४. तीर्थ जानु काशी, भात नखानु बासी ।

५. ल्हासामा सुन छ कान मेरो बुचै ।

(च) **नीतिशिक्षा र व्यावहारिक आधारमा उखान :** सबै भाषाका उखानमा नीति नियम र व्यावहारिक ज्ञानका कुराहरू पाइन्छन् । जीवनलाई हेर्ने र भोग्ने पुर्खाहरूले समाजमा नैतिकताको स्थापना र व्यावहारिक ज्ञान प्रदानका निम्ति यस्ता धेरै उखानहरू निर्माण गरेका छन् । मानवजीवनको दैनिक व्यावहारिक कार्यमा त्यस्ता उखानरूले मार्ग निर्देशन गर्छन । नेपाली उखानमा नैतिक शिक्षासँग सम्बन्धित ज्ञान प्रद उखानहरू पाइन्छन् । नीतिशिक्षा विषयक उखानहरू व्यवाहारिक ज्ञानबाट निस्केका सागरर्भित कथन हुन्, जसले बाटो बिराउने व्यक्तिलाई सही बाटो देखाउँछ र कमी कमजोरी सुधार गर्ने अवसर दिन्छन् र त्यस्ता उखानहरू व्यवाहारिक काममा प्रयोग गर्न, अर्ती-उपदेशका रूपमा दृष्टान्त बनी आउँछ ।[30] नेपाली लोकजीवनमा प्रचलित नीतिशिक्षा र व्यावहारिक उखानले कुन समयमा के गर्नु पर्छ? कुन कुरा राम्रो हो कुन होइन त्यसको ज्ञान दिन्छ । यस्ता उखानहरू नेपालीमा धेरै पाइन्छन्। जस्तै-

१. अर्ती भन्ने कुरा सानोसगँ पनि लिन सकिन्छ ।

२. अनिकालमा बीउ जोगाउनू, हूलमूलमा जीउ जोगाउनू ।

---

[30] . शिवप्रसाद पौड्याल. पूर्ववत्, पृ. १०३

३. कि पढेर जानिन्छ, कि परेर जानिन्छ ।

४. ठेस नलागी बुद्धि आउँदैन ।

५. आँखाले देखेको मान्नु, कानले सुनेको नमान्नु ।

(छ) **कृषिव्यवसायका आधारमा उखान :** नेपाली जीवनको प्रमुख आधार कृषिव्यवसाय हो। धाम पानी सहेर लोकसमूदाय कृषिव्यसायमा खटिने गर्छन्। यस्ता कुरालाई नेपाली उखानले देखाएका छन्। जस्तै-

१. अनिकालमा बीउ जोगाउनु, हुलमुलमा जीउ जोगाउनु ।

२. मानो खाएर मुरी उब्जाउनु ।

३. बारी बिग्रियो कुनाकनी, मान्छे बिग्रियो जानाजानी ।

(ज) **छोराछोरीमा विभेदसम्बद्धका आधारमा** : नेपाली समाजमा असमानता, जातपात, छुवाछुत मात्र नभएर छोराछोरीमा विभेद पनि पाइन्छ । यस्ता विभेदलाई नेपाली उखानले देखाएका पाइन्छन् । जस्तै-

१. छोरा पाए खसी , छोरी पाए फर्सी ।

२. जसको छोरा उसको धन, जसको भैसी उसको वन ।

३. ढिलो होस् छोरा होस् ।

४. छोरीको जन्म हारेको कर्म ।

५. छोरालाई काखा, छोरीलाई पाखा ।

७. घर खानु छोरीले, देश खानु छोराले ।

८. छोरा पाल्नु शहरमा, छोरी पाल्नु कुनामा ।

(झ) **प्रकृतिजगतका आधारमा** : लोकजीवनको धनिष्टसम्बन्ध प्रकृतिसंग रहेको हुन्छ । प्रकृतिबाट नै मानिसले गरेका विभिन्न अनुभूतिबाट थाहा हुन्छ । नेपाली समाजमा प्रकृति सम्बन्धी धेरै उखानहरू पाइन्छन् । जस्तै-

१. पानीलाई तताएर बाक्लो होस् न मर्खलाई सम्झाएर आपनो होस्।

२. हावा नचली पात हल्लिदैन।

३. ताप्नू छायाँ शीतलको, दर्शन गर्नू पिपलको ।

४. चन्द्रमा दाहिने भए कसको के लाग्छ।

५. आगोले पोलेको घाउ आगैले निको हुन्छ।

(ञ) **सामाजिक जीवनका आधारमा** : समाजको प्रतिबिम्बित रूप उखान हो । उखानमा लोकजीवनका रहन-सहन, जीवनशैलीको यथार्थ चित्र पाइन्छ । उखान मौखिक परम्पराको रूपमा एक पुस्ता देखि अर्को पुस्तामा हस्तान्तरित हँदा समाजीक जीवनका दु:ख, सु:ख, असल खराप, नीति उपदेश सबै पक्षलाई देखाएको हुन्छ । कुनै पनि जीवनपद्धिको परिचय उखान द्वारा प्राप्त गर्न सकिन्छ। उखानको जन्म समाजमा नै हुन्छ र समाजमा नै तिनको विकास हुन्छ, समाजबाट नै लोकप्रियता पाउँछन् ।[31] समाजमा बसीसके पछि *ढुङ्गाको भर माटो र माटोको भर ढुङ्गा* हुन पर्छ

[31] . शिवप्रसाद पौड्याल, पूर्ववत्, पृ. १६७

भन्ने कुरा उखानमा पाइन्छ।  यस्तै प्रकारले नेपाली समाजमा समाजिक जीवनसम्बन्धी धेरै उखानहरू पाइन्छन्। जस्तै-

१. दु:खपर्दा मीतको धर जानु, सुखपर्दा ससुराली जानु ।

२. बाँच्दाको जन्ती, मर्दाको मलामी ।

३. टाढाको दाजूभाई भन्दा, नजिकको छिमेकी भलो ।

**(ट) अन्यान्य विविध विषयका आधारमा**

*(अ) **साइनो एवम् नातागोताका आधारमा :*** समाजका सम्पूर्ण कुराहरूलाई उखानले समेट्ने हुँदा घर-परिवार समाजका सदश्यहरूमा आ-आफ्नो प्रकारका नाता, साइनो सम्बन्ध एकअर्कामा रहेको हुन्छ, त्यस विषयनमा उखानको निर्माण भएको हुन्छ । कुन साइनोलाई कसरी बोलाउनु पर्ने, साइनो हुनजेल माया ममता कस्तो हुन्छ, कुन साइनोमा विवहा हुन्छ, कुन साइनोमा खेल ठट्टा हुन्छ ती कुराहरूलाई उखानले देखाएको पाइन्छ । जस्तै-

१. चेली भन्थी माइती माइती, माइती भन्थे किन आइथी ।

२. सुख शान्ति छँदा सबैको भाई, दुख पाउँदा कोही हुँदैन दाजु भाई ।

३. साली कसकी भेनाकी ।

४. छोरा भन्दा नाती प्यारो, साउँ भन्दा ब्याज प्यारो ।

५. आमापटिको न बाबापटिको ।

*(आ) **पशुपन्छी र जीवजन्तुका आधारमा :*** पशु-प्राणीको व्यवहार, रंगरूप आदिको प्रतिक बनाई लोकजीवनको स्वभाव, आकार आदिको वर्णन उखानमा पाइन्छ । जस्तै-

१. कालो अक्षर भैंसी बराबर ।

२. कागले कागको नाम काड्छ ।

३. हात्तिको हिँडाइ र घोडाको दौडाइ मिल्दैन ।

४. बाँदरको पुच्छर लौरो न हतियार ।

५. भेगुतालाई कुवा नै संसार लाग्छ ।

*(इ) **जोगीका आधारमा** :* लोकविश्वास अनुसार नेपाली समाजमा जोगी दुई रूप छन्- एउटा आध्यात्मिक साधु, सन्त वा योगी र दोस्रो राती फेरी लगाएर दिनमा भिक्षा माग्न आउँने जोगी।[32] ती जोगीहरूलाई केन्द्र गरेर नेपाली लोकजीवनमा उखान बनिएको पाइन्छ । जस्तै-

१. आफु छ जोगी खानको भोगी।

२. गुरूवस्त्र लाउँदैमा जोगी हुन्न ।

३. काम गर्नाको दुखले जोगी भए, जोगी भएको भोलीपल्ट भोकै रहें ।

४. जोगीको घरमा हिप्पी पहुना ।

*(ई) **माछामासुका आधारमा :*** नेपाली लोकसमूदायमा माछ-मासुसम्बन्धी धेरै उखानहरू पाइन्छन् । जस्तै-

१. घाँटी हेरी हाड निल्नु।

२. कसैको भने माछा मासु, कसैको भने हाडै हाड।

---

[32] . राधा,शर्मा, पूर्ववत्, पृ. ७६

३. मुला खाएर मासुको धाक देखाउने ।

४. इलमीको भागमा माछा मासु अल्छीको आँखामा आँसु ।

५. पापाको पनि लोभ चिचिको पनि लोभ।

*(उ) **धनको आधारमा** :* समाजमा धनको आधारमा वर्गभेद पाइन्छ। गरिब मानिसहरूल धन कमाउने आशाले दिन रात परिश्रम गरिरहेका हुन्छन् । यसैले आर्थिक विषमता जन्माएको उखान नेपाली समाजमा पाइन्छन्। जस्तै-

१. धनीको धन प्यारो गरीबको जीउ प्यारो ।

२. धन भनेको खाक हो ।

३. धन हुनेकोमा मन हुँदेन, मन हुनेको धन हुँदेन ।

४. धनले धन् बटुल्छ ।

५. धनले पेट भरिँदैन ।

६. धन जोगाउने मान्छेले पुण्य कमाउनु सक्दैन ।

*(ऊ) **मनोविज्ञानका आधारमा** :* मनको वैज्ञानिक अध्ययन गर्ने विधा वा शास्त्रलाई मनोविज्ञान भनिन्छ।[33] (शर्मा. पूर्ववत्) मानवीय मनका विविध तहलाई अध्ययन गर्दै जीवनलाई सुल्टाबाट मात्र नहेरेर उल्टाबाट पनि हेरिनु मनोविज्ञानको मूल उद्देश्य हो। तन र मन द्वारा साकार

[33]. राधा शर्मा, पूर्ववत्, पृ. ९३

शरीरको दर्शन गर्न सकिन्छ तर निराकार मनको भने अनुभव गर्न सकिन्छ । यही निराकर मनसित सम्बन्धित कतिपय नेपाली उखानले प्रतिबिम्बित गरिएका पाइन्छन् । जस्तै-

१. मनको पीर मनैमा राख ।

२. वन जलेको सबैले देख्छन्, मन रोएको कसले देख्छ र!

३. चिताले भन्दा चिन्ताले जलाउँछ ।

४. मनको बह कसैलाई नकह ।

५. मनलाई बाध्नु पर्छ ।

### २.५.३ **नेपाली उखानको भाषिक विशेषता र महत्त्व**

उखानको सम्बन्ध लोकोक्तिसंग रहेको हुन्छ । उखानले आफ्नै अस्तित्व लिएर संसारका विभिन्न भाषाहरूमा उल्लेखनीय स्थान ओगट्न पुगेको छ । नेपाली भाषामा र यसका भाषिकाहरूमा पनि उखानको व्यापक प्रयोग भएको छ । उखानमा अर्थको गहनता, व्यापकता र चमत्कार भने ज्यादै सशक्त र प्रभावकारी हुन्छ । उखानको प्रयोगले भाषिक अभिव्यक्तिको शैलीमा चमत्कार ल्याउँछ र साथै यसले तुरन्तै प्रभाव पार्दछ । उखानको प्रयोग दैनिक भाषिक व्यवहारमा आफ्नो बोलीलाई रोचक र प्रभावकारी बनाउँछमा गरिन्छ । त्यसैले भाषिक अभिव्यक्तिमा उखानहरूको महत्त्वपूर्ण स्थान रहेको देखिन्छ । मानिसले संसारिक वस्तुलाई आफ्नो लोकअनुभवको सूक्ष्मतम परीक्षणमा राखेर हेर्ने र ती कुरालाई ठीक रूपमा मर्मस्पर्शी किसिमले अभिव्यक्त गर्दै जाँदा उखानको निर्माण हुन्छ ।[34] मानिसले आफ्नो अनुभवलाई कमभन्दा कम शब्दमा आफ्नो मनका भाव प्रकट गर्न चहान्छन् र आफ्नो रहस्यमय कुरालाई सिधा साघरण शब्दका माध्यमबाट नभनेर लाक्षणिक भावमा

[34] . . शिवप्रसाद पौड्याल, पूर्ववत्, पृ. ४०

भन्दछन्। जस्तै *आफू ताक्छ मुढो, बन्चरो ताक्छ धुँडो* आफूले एउटा कुरा आँट्दा अर्को कुरा हुनु। यस्ता उखानले लाक्षणिक र व्याञ्जनात्मक अर्थ बहस गरेको हुन्छन्। भाषिक अभिव्यक्तिमा प्रचलित लोकअनुभूतिका पदावलीको आकारमा रहने उखानले प्रदान गर्ने अर्थ अभिधामा भन्दा लक्ष्यार्थमा निहित हुन्छ। उखानको अर्थ वाक्यमा प्रयुक्त भएपछि मात्र स्पष्ट हुन्छ। उखानको प्रयोग कथ्य-लेख्य सन्दर्भमा हुँदा यसको अभिव्यक्त विशिष्ट बन्छ जान्छ। यसकारण कलात्मक तथा सौन्दर्यात्मक भाषिक अभिव्यक्तिका निम्ति उखानको प्रयोग महत्त्वपूर्ण मानिन्छ । कुनै पनि भाषालाई सिगार्ने हो भने उखानको भरपूर्ण प्रयोग गर्नु पदर्छ किनभने यिनको प्रचुर प्रयोगले भाषामा एक प्रकारको बलको सञ्चार हुन्छ । उखान कुनै जातिको सम्मिलित शरीर मात्र होइन तर ज्यान पनि हो। नेपाली साहित्यमा उखानको प्रयोग नहुनु भनेको नै नेपाली भाषाको मृत्यु हुनु हो।[35] अध्येताहरूले आपनो व्याख्यानमा बुझाउन नसकेका कुरा एउटा उखानमा व्यक्त गर्दछन् । यसरी उखानले एकातिर भाषिक अभिव्यक्तिलाई स्तरीयता, जीवन्तता, सरलता, अर्थगम्भीर्य प्रदान गर्नका साथै उखानले साहित्यिक मूल्य र मान्यता मात्रै राख्दैन यसले जीवनजगत र मानवसभ्यताको सिङ्गोइतिहासलाई समेत सुरक्षित राख्दछ। त्यस्ता उखानको भाषिक, साहित्यिक, सामाजिक, ऐतिहासिक दृष्टिले आफ्नै महत्त्व र विशेषता रहेको हुन्छ । उखान भाषिक व्यवहारमा, कुराकानीको प्रसंङ्गमा सहज प्रकारले प्रयोग गरिन्छ। संक्षिप्तताको कारणले लोकसमूदायले छिटोसंगले याद गर्न सक्छन् अथवा जनजिभ्रोमा सहज रूपमा झुण्डिएर रहेको हुन्छन्। जस्तै- *रीस खा आफू बुद्धि खा अर्का* यसमा रीस गर्नु हुँदैन भन्ने ज्ञान दिएको छ। रीस गर्नु हुँदैन रीसले गऱ्यो भने अरूलाई नै फाइँदा हुन्छ भन्ने कुरा संक्षिप्ततामा व्यक्त भएको छ। भाषिक स्वरूपलाई स्तरीय बनाउन नेपाली उखानमा लोकप्रिय हुन जरूरी रहेको हुन्छ। लोकमा प्रचलित सबै उखानहरू लोकप्रिय हुन सक्दैन किनभने लोकप्रिय हुनको लागि उखान समाजमा लोकजीवनको जीवन

---

[35]. रत्नकार देवकोटा, पूर्ववत्, पृ. १

दर्शनसँग सम्बन्ध हुनुपर्छ अनि मात्र उखानको प्रचलनका र महत्त्व बढन गएको देखिन्छ।[36] उखानको भाषा सरल हुन्छ त्यही सरलताको कारणले गर्दा स्रोताले सजिलैसंग बुझ्न सक्छन्। कुनै गम्भीर कुरालाई छोटो-मीठो सारपूर्ण रूपमा स्पष्ट किसिमले भन्नु सक्नु उखानको मुख्य विशेषता हो। जस्तै-

१. आफू छ जोगी खानको भोगी ।

२. बाहिर हिड्दा रूमाले झुमाले, घरमा आएर गुन्द्रिक उमाले ।

३. अकबरी सुनलाई कसी लाउनु पर्दैन ।

उखानमा लोकअनुभवको गहनता पाइन्छ किनभने यसामा मानवजीवनको विविध घटनाका अनुभूतिहरू संचित भएका हुन्छन् । उखान कुनै एक व्यक्तिको भनाई मात्र नभएर सबै लोकको भनाई हो। प्रारम्भमा कुनै व्यक्तिले प्रयोग गरे त्यसपछि लोकसमुदायमा प्रचलित हुँदै आएको तथ्य पाइन्छ। नेपाली उखानमा पाइने सजीवता र सप्राणता उखानको विशेष गुण हो । उखानले भाषामा प्राण सञ्चार गर्दै अभिव्यतक्तिमा तीब्रता ल्याइदिन्छ ।

सामाजिक, साहित्यक र भाषिक दृष्टिकोणले उखानको महत्त्व उच्च रहेको देखिन्छ। किन भने भाषिक बोलचालका साथै भाषा-साहित्यलाई सजीव र सरल बनाउन उखानको प्रयोग महत्त्वपूर्ण मानिन्छ । कुनै पनि वाङ्मयलाई समृद्ध पार्न उखानको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। भाषालाई सजीव पार्न, भनाइलाई प्रभावकारी तुल्याउन र अभिव्यक्तिलाई सम्प्रेषणीय तुल्याउन पनि उखानको ठुलो योगदान रहेको हुन्छ।[37] उखान भाषाको अर्थपूर्ण चमत्कार भएकाले नै प्रसिद्ध साहित्यकारहरूले आफ्ना ग्रन्थहरूमा उखानको प्रयोग गर्दै आइरहेको देखिन्छ । भाषिक अभिव्यक्तिमा उखानको

[36]. शिवप्रसाद पौड्याल, पूर्ववत्, १६

[37]. कृष्णप्रसाद पराजुली, पूर्ववत्, २४

प्रयोग भयो भने मात्र त्यो अभिव्यक्ति लोकप्रिय र समृद्ध हुन्छ । पारस्पारिक कुराकानीमा उखानको प्रयोग हुँदा वादविवाद घतलाग्दो, रोचक र रमाइलो हुन्छ ।

उपदेश, ज्ञान, धार्मिक शुभकार्य आदि व्यावहारमा उखानका विविध पक्षको सम्बन्ध रहेको पाइन्छ । कुनै ऐतिहासिक तथ्य जो प्राप्त नभएको होस्, त्यसलाई पनि उखानले जनजीवनमा प्रचलित गराई अमर बनाइदिन्छ । उखानले बिलुप्त ऐतिहासिक सामग्री र समाजका रीतिरिवाज आदि कार्यलाई उखानले जनसमक्ष ल्याइदिन्छ । कुनै कुनै ठाउँको विशेषता, स्थानको नामकरण आदि महत्त्वलाई उखानमा प्रतिबिम्बित भएको हुन्छ । जस्तै *कालो जागे सेते भागे, न्याय नपाए गोर्खा जानू, शस्त्र हराए काशी जानु, पृथ्वीनारायण शाहलाई अर्ती दिने बिसे नगची, कालो जागे सेते भागे* मा भारतको इतिहास पाइन्छ । भारतका लोकसमूदाय जागे अनि अंग्रेजहरूलाई भगाए भन्ने कुरा बुझिन्छ । यसैले यस सन्दर्भमा उखानको महत्त्व र मूल्य सर्वोपरि रहेको देखिन्छ, किन भने उखान मानव समाजमा श्रुति परम्पराको रूपमा मानव जातिको सभ्यतासँगै प्रचलित हुँदै आएको हो । उखानको महत्त्व ऐतिहासिक भाषाविज्ञान, सामाजिक-सांस्कृतिक परम्परा, स्थानीय विशेषता आदिको दृष्टिले उच्च रहेको हुन्छ । उखानमा कुनै पनि गहन भाव र बिचारलाई अभिव्यक्ति गर्न सक्ने शक्ति रहेको हुन्छ । उखानले कुनै पनि राष्ट्रको बौद्धिक, रागात्मक एवम् भौगोलिक सत्ता, भाषा वैशिष्ठ्यको प्रत्यक्ष गराउनमा प्रामाणिक अनुशीलनका लागि उपयुक्त समृद्धि सामाग्रीको रूपमा विशेष स्थान राख्छ सामान्यत: उखान बोलचालको भाषामा बढी प्रयोग भई रोचक र प्रभावपूर्ण बनाउने तत्त्वका रूपमा यसको महत्त्व बढी छ । उखानको आकारप्रकार छोटो, छरितो, सरल, हुनको साथै सूत्रात्मक हुन्छ । यस किसिमले उखानको बाह्रय ढाँचा सानो भए पनि त्यसभित्र भावगत गहनता पाइन्छ ।

### २.५.४ **नेपाली उखानको परम्परा**

लोकजीवनमा उखानको उत्पति कहिले ? कसरी भयो ? कुन रूपमा भयो ? कहाँ भयो ? भन्ने कुराको पत्तो लगाउनु कठिन कार्य हो, यसको रचनाकार अज्ञात हुन्छ । तरै पनि भाषाले मानवीय अनुभूति ग्रहन गर्न थाले पछि लोकजीवनमा सामाजिक व्यावहारिक अनुभवलाई सारसूत्र रूपमा कथ्दै जाने क्रममा लोकसमुदायको सुःख-दुःख, हाँसो-आँसु र जीवनयात्रामा तीता-मीठा सत्यको अनुभव बटुलेर उखानको जन्म भएको हो । यस सम्बन्धमा रसेलको दृष्टिकोण यस्तो छ – "wisdom of many and wit of one" व्यावहारिक अनुभूतिको ज्ञानबाट खारिएर सुत्रबद्ध रूपमा निस्केका छोटा-मीठा कथनबाट उखानको उत्पति भएको हो ।[38] लोकअनुभवद्वारा सिर्जित तिनै सारसूत्र कथनले लोकप्रियता प्राप्त गरेपछि जनजीवनमा ती उखानहरू लोकप्रिय बन्दै आएका हुन् । लोकजीवनमा जे जति कुराहरू हुन्छन्, त्यसलाई प्रायः समाजका सबै मानिसहरूले अनुभूति गरेका हुन्छन् । ती कुराहरू सामाजिक व्यक्तिहरूको लागि सर्वभौम सत्यताका रूपमा स्थापित हुन्छ त्यही कुरा कुनै एक व्यक्तिको मुखबाट निस्कन्छ त्यही कुरा सुनेर अर्को व्यक्तिमा मनमा आनन्दित हुन्छ र एक अर्काको बीचमा त्यही कुरा आदान-प्रदान हुन्छ अनि त्यही कुरा समाजले अपनाउँछ । फलस्वरूप त्यो उक्ति कुनै व्यक्ति-विशेष र कालविशेष नभई सार्वभौम, सार्वजनीन र सार्वकालिन बन्छ । त्यही उखानलाई मानिसहरूले पुस्तौं-पुस्तादेखि श्रुतिपरम्पराको रूपमा सुन्ने र भन्ने क्रमसंग चलाउँदै आएको हो । जस्तै- *बाबु जस्तै छोरा* कुनै समयमा बाबुको जस्तै बानी, रहन सहन, रूपरंग छोराको थियो होला यसैले त्यही उखान लोकप्रचलित हुँदै लोकसमाजमा आएको पाइन्छ । नेपाली उखानले नेपाली समाजको सामाजिक सांस्कृतिक जीवनको, व्यवहार, खानपान

[38] . शिवप्रसाद पौड्याल, पूर्ववत्, पृ. ३९

जस्ता कुराहरबलाई प्रतिबिम्बत गरेको हुन्छ । पहिलेको युग सापेक्ष अनुसारको उखान बनिएको पाइन्छ। जस्तै-

१. न्याय नपाए गोर्खा जानु, शास्त्र हराए काशी जानू ।

२. पृथ्वीनारायण शाहलाई अर्ती दिने बिसे नगर्ची ।

३. अकबर राजा,वीरबल काजी इन्साफ दिन्छन् खुशी राजी ।

समयको गति र शिक्षाको विकाससंगै उखानमा पनि आधुनिक परिवेश र त्यसले समेटिएको नयाँ नयाँ उखानहरू प्रचलनमा आएको पाइन्छ। नेपाली लोकजीवनमा मौखिक परम्परामा चल्दै आएको उखानले नेपाली समाजको चिन्तन स्तर, जात-जातिगत आक्षेप, लौङ्गिक विभेद, आर्थिक आवस्था, क्षेत्रिय विभेद, रीतिरिविज, विश्वास र धारणा जस्ता कुराहरूलाई प्रतिबिम्बित गरेका तथ्य पाइन्छन् । कुनै समयमा यस्ता उखानहरू प्रचलनमा थिए भने त्यही उखानहरू परिवर्तित समयको सन्दर्भमा विभेदकारी पनि देखिन्छ। उखानहरू समाज र समय सापेक्ष निर्माण हुँदै आएको हुन्छन् । समाजमा पुरानो मान्यता बदलिन थालेपछि उखानको रूपमा पनि नयाँ परिवर्तन देखिन थाल्छ ।

समाजमा प्रचलित पुराना उखानहरू केही परिवर्तित भएर नयाँ रूप बनेर आएको भेटिन्छ । त्यसरी परिवर्तित भई आउँदा उखानका स्वरूपमा विभेदता देखिन्छ । लोकप्रचलित भाषामा मौखिक ढाँचामा बनेका त्यस्ता नयाँ उखानहरू सर्वस्वीकार्य हुन्छन् । पुरानो उखानलाई नै नयाँ बिचार र अनुभवमा अथवा युग सापेक्षनुसार नयाँ उखानहरू निर्माण गरिन्छ । समाजको परिवर्तन, शिक्षा र चेतनाको गतिसँगै पुराना उखानको ठाउँमा नयाँ उखानहरू बन्दै आएका छन् । प्रकृति परिस्थितिको परिवर्तनसंगै उखानमा पनि परिवर्तन आएका पाउँछौं । पुराना उखानहरू आधुनिक शिक्षाको प्रभावसँगै हराउँदै गइरहेका छन्। समाजमा पुराना मान्यता बदलिन थालेपछि उखानका स्वरूपमा पनि नयाँ परिवर्तन देखिन थाल्नु स्वाभाविक मानिन्छ । जस्तै-

१. नपाउनेले केरा पायो ब्रोक्रासंगै खायो । (पुरानो उखान)

नपाउनेले माइक्रोवेन पायो,आइस क्रिरिम तताएर खायो । (परिवर्तित उखान)

२. धाँटी हेरी हाड निल्नु । (पुरानो उखान)

धाँटी हेरी हाइनेक किन्नु । (परिवर्तित उखान)

३. जुन गोरूको सिङ्ग छैन त्यसको नाम तिखे । (पुरानो उखान)

जुन गोरूको सिङग छैन त्यसको बिस्तारै पलाउँछ । (परिवर्तित उखान)

४. रातभरि रूङ्यो बूढी ता जिउँदै । (पुरानो उखान)

रातभरि रूङ्यो बिहान भयो। । (परिवर्तित उखान)

५. बाँदरको पुच्छर हात न हतियार । (पुरानो उखान)

बाँदरको पुच्छर टाइ न इँजार । (परिवर्तित उखान)

६. हात्ती छिर्यो पुच्छर अढक्यो । (पुरानो उखान)

हात्ती छिर्यो अर्को पट्टि निस्क्यो । (परिवर्तित उखान)

७. बाह्र वर्ष कुकुरको पुच्छर डुंङ्गरोमा राख्यो जस्ताको त्यस्तै । (पुरानो उखान)

बाह्र वर्ष कुकुरको पुच्छर डुंङ्गरोमा राख्यो अनि बल्ला एडलट भयो। (परिवर्तित उखान)

८. भिरमा जाने गोरूलाई राम राम भन्न सकिन्छ काँध हाल्न सकिँदैन । (पुरानो उखान)

भिरमा जाने गोरूलाई काँध थाम्न नसके पनि अल द वेष्ट भन्न सकिन्छ। (परिवर्तित उखान)

९. जुनै जोगी आए पनि कान नै चिरिएको । (पुरानो उखान)

जुनै जोगी आए पनि थौलो बोकेको । (परिवर्तित उखान)

१०. आमाबाबूको मन छोराछोरीमाथि, छोराछोरीको मन ढुङ्गा मुढामाथि। (पुरानो उखान)

आमाबाबूको मन छोराछोरीमाथि, छोराछोरीको मन वाइन र डिस्कोमाथि। (परिवर्तित उखान)

११. मनको लड्डु धयूसंग खा । (पुरानो उखान)

मनको लड्डु बियरसंग खा । (परिवर्तित उखान)

१२. पढिलेखि के काम हलो जोति खायो माम । (पुरानो उखान)

पढिलेखी छैन काम,चम्चागिरी गरी खायो माम । (परिवर्तित उखान)

१३. अनिकालमा बीउ जोगाउ ,हुलमुलमा जुउ जोगाउ । (पुरानो उखान)

अनिकालमा लाईफ जोगाउनु , आन्दोलनमा वाईक जोगाउनु । (परिवर्तित उखान)

१४. बाह्र छोरा तेह्र नाती , बुढाको धेक्रो काँधैमाथि । (पुरानो उखान)

बाह्र छोरा तेह्रनाती, बुढाको मन तरूनीमाथि । (परिवर्तित उखान)

यस्ता उखानहरूले आधुनिक परिवर्तित समाज र युवापुस्तामा आएको परिवर्तित र तिनीहरूको जीवन शैलीका विविध गतिविधिलाई देखाएका पाइन्छन् । आधुनिक सामाजिक

परिवेशमा  बनेका उखानहरूमा आधुनिक शिक्षाको विकृत अवस्था चित्र पनि पाइन्छ। आधुनिक परिवेशमा सिर्जिएका यस किसिमका नयाँ उखानले परिवर्तित समाजको यथार्थ प्रतिबिम्ब झल्काइरहेको देखिन्छ । जस्तै-

१. ओभर भयो भने गोबर हुन्छ ।

२. कुकुर भुक्दै गर्छ, चोर पस्दै गर्छ ।

३. एनी हाउ, दाम कमाउ ।

४. केटी बिग्रन्छे सस्तो प्रेमले, केटा बिग्रन्छ रक्सी र रमले ।

५. आगो ताप्नु हिटरको कुरा सुन्नु मिटरको ।

६. नहुनु ग्यास भन्दा मकिएको दाउरा जाति ।

७. युग सापेक्ष न्याय गर्ने भन्दा सहने पापी हुन्छ ।

पहिलेको समयमा घरमा चोरको लागि कुकुर पाल्ने गर्थे । कुकुर भुकेको शङ्काबाट चोर पसेको थाहा पाउँथे तर अहिले कुकुर भन्दा पनि चोर चङ्गो भएका छन्। अहिलेको युग सापेक्ष अनुसार उखानहरूको निर्माण भएको छ । पहिलाको समयमा प्रेम विवहा हुँदैन थियो। तर अहिले केटी वा केटा सस्तो प्रेममा बिग्रिर रम र रक्सीको सेवन गरिरहेको तथ्य पाइन्छ । पहिलेको समयमा *आगो ताप्नु मुढाको कुरा सुन्नु बूढाको* भन्ने उखान प्रसिद्ध थियो। बूढाहरूको कुरामा उपदेश र ज्ञान हुन्थ्यो । तर अहिले ती उखानलाई नयाँ रूप दिएको छ जस्तै- *आगो ताप्नु हिटरको, कुरा सुन्नु मिटरको* यस्ता उखानहरूले आधुनिक परिवेशलाई समेटिएको छ। लोकजीवनमा परम्परागत रूपमा प्रचलित पुराना उखानलाई नयाँ रूप दिएर प्रचलनमा आएको छ । पहिलाको उखानलाई उल्टा सिधा वा त्यसलाई नै नयाँ रूप दिएर युग सापेक्ष सिर्जना भएको देखिन्छ ।

## २.५. उपसंहार

भाषाले मानवीय अनुभूति ग्रहण गर्न थालेपछि लोकजीवनमा सामाजिक व्यावहारिक अनुभवलाई सारसूत्रका रूपमा कथ्दै जाने क्रममा उखानको उत्पत्ति भएको हो । लोकअनुभवको तिनै कथनले लोकप्रियता प्राप्त गरेपछि जनजीवनमा उखानका रूपमा प्रचलित हुँदै आए । यो श्रुतिपरम्परामा आधारित हुन्छ। लेख्यकथ्य दुवै भाषामा प्रयोग गरिने उखानले भाषिक कथनलाई रोचक र सौन्दर्यमय बनाउन महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

उखानको विषयमा विभिन्न विद्वानहरूले आ-आफ्ने विचारहरू अभिव्यक्त गरे पनि उखानको समग्र पक्षलाई समेट्न गरी कसैले पनि सर्वमान्य परिभाषा दिन सकेको देखिदैन। समग्रमा उखानको प्रकार्य, उपयोगिता, अनुभवीय ज्ञानको प्रयोगका दृष्टिले विशिष्ट आलङ्कारिक स्वरूप हुन् । उखानको प्रयोग हरेक समाजका भाषिक व्यवहारमा व्यापक रूपले हुने भएकोले कुनै पनि भाषाको संरचनात्मक तथा तुल्यात्मक अध्ययन गर्न सजिले हुन्छ। यसैले हरेक भाषामा पाइने उखानलाई विभाजित रूपमा हेर्नु र तिनको विश्लेषण गर्नु अपेक्षित हुन्छ। आधुनिक दृष्टिमा जुनसुकै विषयमा वर्गीकरण कुनै निश्चित सिद्धान्तका आधारमा गर्नु वैज्ञानिक प्रकिया हो। उखानका वर्गीकरणका निम्ति पनि यस्तै आधार आवश्यक हुन्छ, तर उखानको वर्गीकरण कुन रूपमा कसरी गर्ने भन्ने कुरा निकै जटिल छ । उखानका कति विधि एकै हुन्छन् भने कति विभिन्नता भएकोले सीमा छुट्टयाउन सकिँदैन । यति हुँदा हुँदै पनि विद्वानहरूले यसको अध्ययन-अन्वेषण गरेर यसको वर्गीकरणका निम्ति प्रशस्त आधार दिएका छन् । मूलत: उखानको वर्गीकरण दुई आधारमा गरिएको छ १) संरचनागत आधारमा र २) विषयगतका आधारमा। संरचनागत वर्गीकरणमा उखानको बनौटको प्रक्रिया द्वारा वर्गीकरण गरिछ भने विषयगका आधारमा उखानको विभिन्न पक्ष अथवा विषयमा वर्गीकरण गरिन्छ। भाषिक अभिव्यक्तिमा सुन्दरता ल्याउनका लागि जसरी अलङ्कारको प्रयोग गरिन्छ, त्यस्तै प्रकारले उखानको प्रयोग पनि भाषिक अभिव्यक्तिमा मिठास ल्याउनका लागि आवश्यक पर्छ । यसको प्रयोगले भाषामा

सजीवता, सरसता, स्वाभाविकता आउँछ साथै भाषामा भाव र अर्थमा प्रभावकारी स्पष्ट आउँछ । उखान एक पुस्ता देखि अर्को पुस्तामा हस्तान्तरित हुँदै जान्छ यसो गर्दा उखानमा परिवर्तित अथवा नविनता देखा पर्दछ। उखानहरू समाज र समय सापेक्ष निर्माण हुँदै आएको हुन्छ । समयको परिवर्तन र विकाससंगै नेपाली उखानमा पनि परिवर्तन आएको पाइन्छ । प्राचिन कालमा चलेका उखानहरूले तत्कालिन नेपाली समाजको सामाजिक व्यवस्था र जीवनशैलीको यथार्थ चित्र उतारर्नका साथै सामाजिक धारणा, विश्वास, मान्यता, रीतिरिवीज, परम्परा र अवस्थाको बोध गराउँछ। आधुनिक परिवेशमा बनिएका उखानहरूले बदलिएको परिस्थितिको यथार्थ चित्र प्रस्तुत गराउँछ । नयाँ उखानहरू बनिएर आउँदा उखानका स्वरूपमा विभेदता देखिन्छ । समाजमा पुराना मान्यता बदलिदन थालेपछि उखानका स्वरूपमा पनि परिवर्तन देखिन स्वाभाविक देखिन्छ । जस्तै - *आगो ताप्नु मुढाको, कुरो सुन्नु बूढाको* उखानलाई केही रूपमा परिवर्तन गरि *आगो ताप्नु हिटरको कुरा सुन्नु मिटरको* बनिएको छ । नेपाली जनजीवनमा परम्परागत विभिन्न पक्षमा नयाँ कुराको प्रभाव पार्न जाने क्रममा समाज र व्यक्तिको चेतनाका विभिन्न स्तरमा पनि परिवर्तन आउँदै गरेको कुरा नेपाली उखानमा देखिन्छ । जसले समाज ढल्किदै गएको कुरा पनि नेपाली उखानले बताउँछ ।

# तेस्रो अध्याय

# नेपाली उखानमा नारीका विभिन्न पक्षहरूको अध्ययन

## ३.१ लोकविश्वास र नारी

कुनै पनि समाजमा आ-आफ्नै आस्था, लोकविश्वास, मान्यता, परम्परा रहेको हुन्छ। नेपाली समाजमा पनि आफ्नै प्रकारको आस्था र लोकविश्वास रहेको पाइन्छ। परापूर्वकालदेखि चल्दै आएको यस्ता विश्वासले लोकजीवनमा गहिरो रूपमा प्रभाव पार्दै आएको छ। लोकविश्वासमा लोकसमुदायको अदृश्य शक्तिमाथि धारणा संचित रहेका हुन्छन्। लोकविश्वास मानिसको आदिम संस्कारबाट लोकसमुदायमा प्रचलनमा भई लोकप्रिय रूपमा स्थापित भएको मान्यता र विश्वास हो।[39]

आहिले पनि लोकसमुदायमा यस्ता अदृश्य शक्ति लोकविश्वासको रूपमा रहिरहेको पाइन्छ। लोकसमुदायमा ईश्वरप्रति आस्था, पुस्तौंदेखि धर्मसम्बन्धी विचार र भाग्यमाथिको भरोसा, बोक्सी र डाइनीमाथिको विश्वास आदि अन्धाविश्नवासपूर्ण भावना नेपाली उखानले व्यक्त गर्दै आएको छ। लोकजीवनसित सम्बन्धित यस्ता विश्वास, रीति-रिवाज आदिको प्रतिछाँयाका रूपमा चिन्हित उखान यसैले पनि लोकविश्वासबाटै बनेका हुन्छन्। परम्परादेखि चल्दै आएका लोकविश्वास र मान्यता समयअनुरूप बद्लन्छन् र नयाँ रूपमा देखा पर्छन्।

नेपाली समाजको आधार हिन्दू धर्म संस्कृति र परम्परा हो। मूलत: नेपाली समाज पुरूषप्रधान समाज हो। यसैले नारीहरूलाई हेर्ने दृष्टिकोण अद्यावधि परिवर्तन नहुनाले अझै पनि विभेदकारी अवस्था

[39] शिवप्रसाद पौड्याल. पूर्ववत्, पृ. १८२

चलिरहेको छ। एकातिर नारी नभई नहुने, अर्कोतिर उनीहरूलाई शोषण गर्ने सोच पनि हजारौं वर्ष पुरानो हो।[40] कुराकानी गर्दा नारीहरू बिस्तारै बोल्नु पर्ने, जस्तोसुकै पीर पनि सहनु पर्ने, आफ्ना पतिलाई परमेश्वर मान्न पर्ने जस्ता परम्पराले नारीहरूलाई दबाएर राखेका छन्। हरेक समाजमा लैङ्गिक विभेदलाई आधार बनाएर खडा गरिएका निषेधात्मक संरचना र संस्थागत मान्यताहरू अत्यन्त व्यापक र गहिरो छन्। नारीहरू पढे भने बोक्सी हुन्छन् भन्ने सोच पनि नेपाली समाजमा पाइन्थ्यो। यस्तो सोचले सांस्कृतिक मान्यतालगायत जन्म र मृत्युजस्ता व्यक्तिगत र सामाजिक आयामहरूमाथि गहिरो प्रहार गरेको छ। नेपाली समाजमा ढिलै होस् छोरा नै होस् भन्ने मानसिकता पनि भेटिन्छ। यसै क्रममा नेपाली उखानले नारीका विभिन्न पक्षलाई प्रतिबिम्बित गरेको सम्बन्धमा चर्चा गर्न उपयक्त हुन्छ वस्तुतः नेपाली समाज पुरूषप्रधान हुँदा-हुँदै पनि मातृसत्तात्मक पनि हो। जहाँ स्त्री त्यही श्री, अथवा जहाँ स्त्रीको वास हुन्छ त्यहाँ नै देवता रमाउँछ भनेर पूर्वीय लोक जीवनमा नारीलाई उच्च स्थानमा प्रतिष्ठापित गरेको पनि पाइन्छ। नारीलाई शक्ति, देवी, धर्ती, जननी, माता भनेर मर्यादित स्थान पनि दिइएको छ। नारीलाई विभिन्न प्रतिष्ठानयुक्त शब्दहरूले सुशोभित गरिए तापनि वाक् व्यवहारमा प्रचलित उखानहरूमा भने नारी जातिलाई तुच्छ मानिएको छ। नारीले आमा, स्वास्नी, बुहारी, चेली, सासू, प्रेमिका, छोरीका रूपमा पुरूष जातिकै सेवा गर्दै आए तापनि पितृसंत्तात्मक समाजद्वारा उनीहरूलाई हेयकै दृष्टिले हेरेको पाइन्छ। पुरूषप्रधान समाजमा नारीको परिधि घर-परिवारमा नै सीमित हुन्छ। नारीको जीवनलाई खुम्चाएर राख्ने समाजमा नारीको जन्म दुःखदायी देखिन्छ। हिन्दू रूढीवादी संस्कार र प्रभावबाट मुक्त हुन नसकेको नेपाली समाजमा छोरी-चेलीहरूप्रतिको भावना उदार देखिँदैन। नेपाली समाजकै कुनै एउटा परिवारमा छोरीको जन्म आनन्ददायी हुन्छ भने कुनै परिवारमा चाहिँ छोरीको जन्म हारेको कर्म भने झै हुन्छ। यसरी नेपाली उखानले नारीलाई कतै आश्रित र निर्बल तथा कतै देवीतुल्य पनि देखाएको छ। यस्तै विचारलाई नेपाली उखानले अघि सारेको छ ।

[40] राधा शर्मा, पूर्ववत्,पृ. ४४

यति हुँदाहुँदै पनि प्राय: जस्तो नेपाली उखानले नारीको दुर्बल पक्षलाई नै देखाएको छ। आजको समयमा नारीहरू परिवारको पृष्टपोषक हुनको साथै देशका शासकसमेत बनेका छन्। अहिलेका नारी स्वअस्तित्व, नारी स्वतन्त्रता र नारी उठानको लागि सङ्घर्ष गर्दै आइरहेका छन्। प्रस्तुत लघु शोधप्रबन्धमा सङ्गृहीत नेपाली उखानहरूमा नारीलाई कस्ता-कस्ता रूपमा हेरिएको छ भन्ने विषयमा केन्द्रित रही अध्ययन गरिएको छ। साथै निम्नलिखित उपशीर्षकको आधारमा लोकविश्वास र नारीसम्बन्धी उखानको अध्ययन गर्न सकिन्छ-

### ३.१.१ बोक्सी र डाइनीसम्बन्धी उखान

विश्वका अन्य देशहरूमा झै नेपाली समाज वा लोकजीवनमा पनि भूतप्रेत, बोक्सी डाइनीको अस्तित्वमाथि विश्वास राखेको पाइन्छ। हिजआज यस्ता विश्वासलाई अन्धाविश्वास भनिन्छ, तरै पनि संस्कारको रूपमा चलिआएको यस्ता विश्वासलाई समाजमा अझै पनि आएका छन्। भूत-प्रेत, बोक्सी डाइनी आदि कल्पनाका सृष्टि हुन भन्ने मानिसहरू धेरै पाइन्छन् तर पनि कतै न कतै भूत प्रेत, बोक्सी डाइनी माथिको चर्चा र विश्वास भने रहिआएकै पाइन्छ। भूत-प्रेत, बोक्सी-डाइनी धपाउन अनेक कोशिश गर्ने गरेका हुनाले र यस सम्बन्धी अनेक कथाहरू पनि चलनचल्तीमा आएका छन्। यसैले नेपाली समाजमा पनि बोक्सी डाइनीको प्रभाव परेको तथ्यसम्बन्धी अनेक उखानहरू बनेका छन्। साँझको धाममा नानीहरूलाई बाहिर निकाल्नु हुँदैन, घरमा नराम्रो नजर नलागोस् भनेर निम्बू र खोर्सानीको माला लगाउनु, बोक्सी आउँदा अगेनामा खोर्सानी डढाउनु, अनि बोक्सी घरबाट जाँदा पछाडिबाट खरानी फयाक्नु आदि लोकविश्वासका परिणाम हुन्। बोक्सी डाइनी, भूत-प्रेत लाग्दा झारफुक गर्ने चलन अझै पनि प्रचलनमा रहेको छ। मानिसहरूको शरीरमा निल-डाम छ भने बोक्सीले टोकेछ भन्ने अनुमान लाउने गर्छन्। लोकजीवनमा यस्तै कुराको प्रभाव भएको कारणले यस्ता कुराहरू उखानको माध्यमद्वारा व्यक्त भएको पाइन्छ। नेपाली समाज बोक्सी डाइनीको धारणाबाट मुक्त हुन सकेको छैन। बोक्सी डाइनी शब्द पर्याय रूपमा प्रयोग गरिन्छ तरै पनि यसको अर्थ भने अलग देखाएको

छ। डाइनीलाई दु:ख दिने स्वास्नीमान्छेको रूपमा चिनाइएको छ। डाइनीलाई देवीका अनुचरहरूमध्येका असभ्य भेद मानिन्छ। विशेष गरी पुरूष पात्रलाई तन्त्रमन्त्र गरी मोहित पार्ने विधामा डाइनी खप्पिस हुन्छे। बोक्सीचाहिँ दुष्टकारी स्त्री तत्त्वको रूपमा देखिन्छ। बोक्सी तन्त्रमन्त्रका आधारमा कुनै अनिष्टकारी देवीदेवता उठाई खास व्यक्तिलाई ग्रसित तुल्याउने काममा सिपालु हुन्छ भनी विश्वास गरिएकी स्वास्नी मानिस हो।[४१] नेपाली लोकजीवनमा एकातिर नारीको रूपलाई देवी, जननी, माताजस्ता उच्च स्थान दिएको छ भने अर्कोतिर बोक्सी र डाइने आदि विकृत रूपमा पनि हेरिएको छ। निम्नलिखित उखानबाट उक्त विषयको पुष्टि हुन्छ -

१. आफै धामी, आफै बोक्सी।

२. आमा बोक्सी, छोरी सुकुमारी।

३. एक डङ्किनी चल्दा सात धर्ती हल्लिन्छ।

४. कालो जिब्रे आइमाई डाइनी हुन्छे।

५. डोरी नछिने बोक्सीले खाँदैन।

६. घिउचिनि बिनाको दाना, बोक्सीको दाना।

७. चर्को भए पनि घाम नै जाती, बोक्सी नै भए पनि आमा नै जाती।

९. बाबु धामी आमा बोक्सी अब छोराछोरीलाई को टोक्छी।

१०. बोक्सी बकाउनु, तरूनी फकाउनु।

११. बोक्सीले पनि ज्वाइँको आड गर्छे।

---

[41] राधा शर्मा, पूर्ववत्, पृ. ७३

१२. बोक्सीले पनि दस घर पर गएर मात्रै भेद गर्छे।

१३. भ्रममा पर्नु भूतका सवारी, शङ्काकामा पर्नु बोक्सीको सवारी।

१४. चोरले चोर देख्छ, बोक्सीले बोक्सी।

बोक्सी डाइनी भनेर स्त्री जातिलाई इङ्गित गरिएको छ। बोक्सीको पुरूषवाचक शब्द बोक्सो हो।[४२] तर बोक्सो शब्दमा कुनै पनि नेपाली उखान कथिएको पाइँदैन। नेपाली लोकजीवनमा बोक्सी लाग्दा धामीले झारफुक गरेर निको पार्ने गर्छ। एक डङ्किनी चल्दा सात धर्ती हल्लिन्छ भन्दै नारी जातिको दुर्बल व्यवहारलाई देखाएको पाइन्छ। कालो जिब्रो हुने नारी डाइनी हुन्छे भन्ने लोकविश्वास प्रचलनमा छ। पहिलेको नेपाली समाजमा नारी जातिलाई पढाए बोक्सी हुन्छे भन्ने भनाई पनि छ। चर्को भए पनि घाम नै जाति, बोक्सी नै भए पनि आमा नै जाति भन्ने उखानले पनि नारीकै दर्बल पक्षलाई औंल्याएको छ।

समाजमा नारीलाई आमाको रूपमा उच्च स्थान पनि दिइएको छ। आमाको न्यानो मायामा परिवारले सुरक्षा र शान्तिको अनुभव गर्ने गर्छ। यसैले भन्ने गरिन्छ अरूको लाख, आमाको काख। आमासम्बन्धी यस्ता उखानहरूको सिर्जना भएबाट नारीको प्रबल पक्ष पनि अभिव्यक्त भएको पाइन्छ।

## ३.१.२ कुलटा नारीसन्बन्धी उखान

कोक्रो हल्लाउने हातले संसार शासन गर्न सक्छ भन्ने उखानले नारीका बढीबढाई गरेको छ। तर लोकविश्वासको आधारमा कतिपय नेपाली उखानहरूले नारीमाथि कुलटा, अलाच्छिना, वेश्याजस्ता विभिन्न अपशब्दहरू प्रयोग गरेर नारीलाई हियाको नजरले हेरेको पनि पाइन्छ। नारीमात्र

[42] कुशल धिमिरे(सन् २०१४), *नारी विषय नेपाली उखान, (प्रेक्षण,* वर्ष१/अङ्क१, कृष्णमाया मगर, गान्तोक : प्रेक्षण परिवार, पृ. ४२)

हुने होइन पुरूषहरू पनि वेश्या हुन्छन्, तर नारीलाई होच्याउने उद्देश्यले नेपाली उखानहरू सिर्जित भएका छन् । जस्तै-

१. बेस्से स्वास्नीको प्रेम र पुतलीको तङ्ग यी धेरै दिन टिक्दैन ।

२. वर्षाको भेल र बेस्सेसितको खेल कति बेर ?

३. बेस्सेका हुन्छन् हजारौं पोइ, मर्न बेलामा कोई न कोई ।

४. बेस्सेको कन्डो, जो पैसा दिन्छ उसैको बन्दो ।

५. बेस्सेको छन्द, अठार खण्ड ।

६. बेस्सेको लक्षण हाँसो, बेथाको लक्षण काँसो ।

७. बेस्से पतिव्रता र काग शुद्ध कसै गरी हुँदैन ।

८. बेस्सेले रिसाई भने धन पनि जोगियो, धर्म पनि बाँच्यो ।

९. बेस्से स्वास्नी, घरपाला लोग्ने ।

१०.बेस्सेको घर हुँदैन, बेइमानीको थर हुँदैन ।

उक्त उखानमा नारीको खराब चरित्रलाई नै देखाइएको छ । पैसाको लागि बेस्से नारीहरूले जे पनि गर्नु सक्छ भन्ने कुरा उक्त उखानमा पाइन्छ ।

## ३.२ नातासम्बन्धित उखानमा नारी

पारिवारिक जीवन समाजको महत्त्वपूर्ण अङ्ग हो । समाजमा रहेर मानिसले आफ्नो जीवन यापन गरिरहेका हुन्छन् । परिवारबाट नै मानिसले आफ्नो स्वभाव, व्यवहार, रहन-सहन, व्यक्तित्वको निर्माण

गर्छन्। संस्कारमा परिवारिक जीवनको विशिष्ट भूमिका रहेको हुनाले नेपाली उखानमा पनि परिवारिक जीवनको यथार्थ चित्रण पाइन्छ। पारिवारिक सदस्यको सम्बन्ध, अन्य इष्टमित्र अथवा छरछिमेकमा बसि सकेपछि ढुङ्गाको भर माटो र माटोको भर ढुङ्गा र बाँच्दाको जन्ती र मर्दाको मलामी भएर बस्नु पर्ने जस्ता ज्ञान उखानले सिकाउँछ। सायै साथीसङ्गीप्रतिको धारणा, चिन्तन, अवस्था र नातागोताको सम्बन्ध आदि कुराको अभिव्यक्ति उखानमा पाइन्छ। समाजमा नारीका विभिन्न रूपबाट माया-ममता पाउँदै आएको छ। नेपाली उखानले पनि नारीलाई उच्च स्थान दिदै गृहलक्ष्मीका रूपमा चित्रित गरिको पाइन्छ । घरमा नारीको ठूलो भूमिका रहेको हुन्छ भन्दै गृहणीबिनाको घर भूतको डेरा भन्ने उखान पाइन्छ। शिक्षाको क्षेत्रमा पनि नारीको भूमिका ठलो रहेको पाइन्छ जस्तै मास्टरले पढाएको भन्दा स्वास्नीले पढाएको कडा हुन्छ भन्ने उखानमा व्यक्त भएको छ। तर घर खानु छोरीले, देश खानु छोराले भन्ने उखानमा छोराको तुलानमा छोरीलाई हेयाको दृष्टिले हेरिएको पाइन्छ साथै नारीको संसार घर र चुलो हो भन्ने कुराको बोध गराउँछ। नेपाली उखानमा नारीका विविध पक्ष समेटिएको पाइन्छ। तिनमा आमा-छोरी, सासू-बुहारी, भाउजू, फुपू, माइजू र विधवाजस्ता नारीका विविध स्थान रहेका छन्। यसैक्रममा पारिवारिक पृष्ठभूमिमा नारीलाई कस्तो रूपमा हेरिन्छ भन्ने विषयमा निम्न लिखित विषयलाई अघि सार्न सकिन्छ -

### ३.२.१ आमा -छोरीसम्बन्धी उखान

नेपाली भाषामा आमा र छोरी सम्बन्धी धेरै उखानहरू पाइन्छन् । जस्तै-

१. अरूको लाख, आमाको काख।

२. फाटेको भए पनि जामा, अगति नै भए पनि आमा।

३. माईको सराप र आशिक दुवै लाग्छ।

४. आमाको हात छोरीको मुख ।

५. आमा गुनाको छोरी हुन्छे, बिग्रनु सप्रनु आफै बन्छे ।

६. राजा देखे डर हराउने, आमा देखे भोग हराउने ।

७. छोरी हेर्नु भन्दा पहिलो केटीको आमा हेर्नु ।

९. जाँड बिग्रन्छ मर्चा गुनाले, केटाकेटी बिग्रन्छ आमा बिना ।

१०. मूलको पानी, कुलकी छोरी ।

११. बढेकी छोरीलाई घरमा राख्नु हुँदैन ।

१२. छोरीले बाबुको मुख थाम्नु पर्छ ।

१३. छोरीको जात अर्काको भित्ता टाल्ने ।

१४. छोरी मरी गाल टारी ।

१५. छोरीको इज्जत सियोको टुप्पामा हुन्छ ।

१६. छोरीको जन्म हारेको कर्म ।

१७. छोरी पढे बोक्सी हुन्छे ।

१८. छोरी पालेर घर रित्तो, ढोर बालेर चुलो रित्तो ।

१९. आमा छउञ्जेल माइती ।

२०. आमा भन्दा छोरी जान्ने ।

नारीजीवनका विभिन्न अवस्थामध्ये आमाको अवस्था र भूमिका ज्यादै महत्त्वपूर्ण देखाएको छ। यसैले अरूको लाख आमाको काख भनिन्छ। जाँड बिग्रन्छ मर्चा गुनाले, केटाकेटी बिग्रन्छ आमा बिनाले । आमाको माया र ममता नपाएकाहरू बिग्रिन्छन् भन्ने कुरा साथै अरूले जतिकै माया गरे पनि आमाको जस्तो माया हुँदैन भन्ने कुरा उखानमा व्यक्त भएका छन्। आमालाई दु:ख दिनेहरू कहिले पनि राम्रा हुँदैनन् तर यदि असल वा खराब काम गर्‍यौं भने माईको सराप र आशिक दुवै लाग्छ भन्ने लोकविश्वास पनि उखानमा पाइन्छ। नेपाली समाजमा केटी हेर्नु पहिले केटीको आमा हेर्नु भन्ने उखानले आमा गुणाको छोरी हुन्छ भन्ने विचार व्यक्त गर्छ। सन्तानको सुख र समृद्धिमा नै रमाउने आमाको चोखो प्रेम र समर्पण नै नारीमा पाइने आमाको रूप हो। यही रूपमा सन्तानको शारीरिक र मानसिक दुवै रूपमा मानवीय र ईश्वरीय रूपको दर्शन पाइन्छ ।[४३] राजा देखे डर हराउने, आमा देखे भोग हराउने भन्ने उखानले आमाको अधाडि भोग र तिर्खा जस्ता केही होइन भन्ने कुराको बोध गराउँछ। एउटा परिवार बिग्रनु र सप्रनु आमाको हातमा हुन्छ। यसैले पारिवारमा आमाको भूमिका ठूलो रहेको हुन्छ। नेपाली उखानमा आमाको तुलनामा छोरी चाहिँ प्राय: हेलाका दृष्टिले हेरेको देखिन्छ। छोरीको जन्म हारेको कर्म, छोरीको जात अर्काको भित्ता टाल्ने, बढेकी छोरी घरमा राख्नु हुन्न, छोरी मरी गाल टारी, छोरी पालेर घर रित्तो, ढोर बालेर चुलो रित्तो जस्ता उखानले छोरीचेलीलाई हेयाको दृष्टिले हेरेको पाइन्छ । एउटा परिवारमा छोरीको जन्म आन्नदमय हुन्छ भने त्यही छोरीको जन्म हारेको कर्म हन्छ । अर्कोतिर छोरीले बाबुको मुख थाम्नु पर्छ, घर खाने छोरी गुणवती हुनु पर्छ, मूलको पानी, कुलकी छोरी हुनु पर्छ भन्ने आशा पनि उखानले देखाएको छ।

[43] राधा शर्मा, पूर्ववत्, पृ. ४६

### ३.२.२ सासू-बुहारीसम्बन्धी उखान

नेपाली उखानमा प्रतिफलित सासू-बुहारी सन्दर्भमा कुरूप, अस्वस्थ र अश्लील संस्कृति भेटिन्छ। सासूले बुहारीलाई नैतिक ज्ञान, उपदेश कम्ती मात्रामा दिएर असामाजिक विषयलाई प्रस्तुत गरिएको भेटिन्छ। सासूले बुहारीलाई हेय दृष्टिले हेर्ने, काम गर्नका लागि मात्र सोच्ने, तुच्छ र अपशब्दहरू प्रयोग गर्ने जस्ता दृष्टिकोण उखानमा पाइन्छ भने अर्को तिर बुहारीले पनि सासूलाई तुच्छ मानेर अपशब्दहरू प्रयोग गरिएको उखानहरू पाइन्छन्। निम्न लिखित उखान आजको परिवेश सापेक्ष नमिल्दा भए पनि तत्कालीन समयमा नारी रूपमा सासू र बुहारीको सम्बन्ध कस्तो थियो भन्ने कुरा दर्शाउँछ। नेपाली भाषामा यस्ता उखानहरू प्रशस्त छन्। जस्तै-

१. पानीले खाएको खेत, सासूले सधाएकी बुहारी।

२. तीन बचने सासूको सात बचने बुहारी।

३. एक्लो घरको बुहारी बाहिर होस् कि भित्र।

४. काम पाइस् बुहारी, गुन्दुकमा इस्त्री लगा।

५. ओठ पनि चलाइन हात पनि उझाउन, तैपनि सासूको करकर गर्न छाडिन।

६. चोरको स्वास्नी सुत्न पाउदिन, रिन खाने स्वास्नी खान पाउदिन।

७. छेउको सियो माझैमा, हिजको बुहारी आजको सासूमा।

८. जुत्ता लाउनु ठुलो, बुहारी ल्याउनु सानो।

९. उठ् बुहारी सास फेर, ढिकी छाड्नसाथ जाँतो हेर।

१०. आई बुहारी आयो काम, गई बुहारी गयो काम।

१ १. गन्गने सासूको फन्फने बुहारी ।

१ २. घरभरि मकै, बुहारी भने भोकै ।

१ ३. नौलो दुलहीको नौ पुला गाँस, रहँदा-बँस्दा जगटाको नाश ।

१ ४. बुहारीको आस, रित्तो हात ।

१ ५. बुहारी मरी-मरी कमाउने, हाम्रो छोरा बसी-बसी खाने ।

१ ६. बुद्धिमानी बुहारीको बाटो छेक्न पर्दैन ।

१ ७.जेठमा मरी सासू भदौमा आयो आँसु ।

छोरीहरूलाई माइता घरमा सघाएको छैन भने सासूले सघाउँछ भन्ने गर्छन् । यस्तै कुरालाई पुष्टि गर्न पानीले खाएको खेत, सासूले सघाएकी बुहारी जस्ता उखान प्रयोग गरिन्छ । जसरी सासूको बुहारीप्रति ममता रहेको पाइँदैन, त्यसै गरी बुहारीको पनि सासूप्रति ममता रहेको देखिँदैन । नयाँ बुहारी हुँदा सासूबाट माया र ममता धेरै पाइन्छ तर रहँदा-बस्दा सासूको व्यवहारको कारणले गर्दा जगलटाको नाश भन्ने उखान पनि पाइन्छ । ओठ पनि चलाइन हात पनि उझाइन, तैपनि सासूको करकर सुन्न ठाउँ पाइन जस्ता उखानले सासूले जति नै बुहारीलाई कराए पनि बुहारीले सहनु पर्ने बाध्यता रहेको पाइन्छ । सासूसँग मुखमुखै लाग्ने र अझ सासूलाई हात लाउन समेत अधि सरेको तथ्य पाइन्छ । सासूले बुहारीलाई काम लगाउँदा वा काम सिकाउँदा अर्काको बानी को लिने, आफ्नो बानी को छोड्ने भन्दै वचन लाउने बुहारीसम्बन्धी उखान पनि छ । सासू-बुहारीप्रति लक्षित उखानहरू पनि छन् । जस्तै- सासू बढी कराई बुहारी हँसिया उझ्याई, खाउँ त कर्कली पेट फर्कली, नखाउँ त सासू झर्कली, सासूसँग के मेल छिमेकीसँग हाँसखेल इत्यादि । पहिलेको समयमा बुहारीहरू अशिक्षित हुन्थे, सासूले बुहारीलाई हेर्ने दृष्टि अर्कै थियो । यसैले जुत्ता हेर्नु ठुलो, बुहारी ल्याउनु सानो भन्ने उखानहरूको प्रयोग भएको पाइन्छ ।

### ३.२.३ आमा - सौतेली  आमासम्बन्धी उखान

आमाले अनेक कष्ट गर्दै नौ महिना गर्भमा राखेर शिशुलाई ममता, स्नेह र संस्कार संचित गर्छिन् । आफूले नखाई-नखाई सन्तानको भोको पूरा गर्छिन् । आफ्नो ज्यानको पर्वाह नगरी सन्तानको जीवन रक्षा गर्छे र मानव संसारको जीवनचक्र चलाउँछिन् । यही कारणले गर्दा आमालाई जननी रूपमा पनि मानिन्छ । जन्म दिनेलाई आमा भनिन्छ भने कान्छी आमा वा बाबुको अर्की स्वास्नीलाई सौतेली आमा भनिन्छ ।  आफ्नी आमा र सौतेली आमामा धेरै भेद पाइन्छ  । यस्तै भेद नेपाली उखानले व्यक्त गरेको छ। जस्तै-

१. आफ्नी आमाको हातको सिस्नु र भात, सौतेली आमाको दूध र भात ।

२. आमाको निरास लागे सानीमा ।

३. आफ्नी आमाले कुटेको, अर्की आमाले चाटेको ।

४. कुटे पनि मारे पनि आमा नै जाती ।

५. कमारी सौता, सानीमा सासू, कहिले सुकेनन् आँखामा आँसु ।

६. मागेको भीख सानीमाको ठीक । इत्यादि

विश्वको प्राय: सौतेली आमाको कुरूप व्यवहार समाजमा प्रत्यक्ष रूपमा देखिएको भेटिन्छ । सौतेली आमाले जति नै माया ममता दिए पनि आफ्नो आमाको जस्तो हुँदैन । आफ्नो आमाले दिएको सिस्नु र भात र सौतेली आमाले  दिएको दूध र भातभन्दा आफ्नो आमाले दिएको सिस्नु र भात नै मिठो हुन्छ । नेपाली समाजमा सौतेली आमाप्रति नराम्रो प्रभाव पहिलादेखि गहिरो रूपमा रूढि भएर बसेको पाइन्छ । सौतेली आमाले झड्केला छोरी-छोरालाई हेपेको तथ्य समाजमा पाउँछौं । सौतेली आमालाई जति नै आफ्नै आमा सोचे पनि कहिले पनि आफ्नो आमाको रूपमा राख्न सकिदैन । एउटा

परिवारमा सौतेली आमा र सौता छ भने त्यस परिवारमा कहिले पनि सुख शान्ति हुँदैन भन्ने कुरा उखानमा पाइन्छ । तर आमा छैन भने आमाको निरास लागे सानीमा भन्ने कथनहरू पनि छ ।

### ३.२.४ छोरी र बुहारीसम्बन्धी उखान

पारिवारिक पृष्ठभूमिमा छोरी र बुहारीको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । जब छोरी विवहा गरेर पराई घरमा जान्छे तब ऊ बुहारीको रूपमा हुन्छे । नेपाली भाषामा छोरी र बुहारीसम्बन्धी धेरै उखानहरू पाइन्छन् तर छोरी-बुहारीलाई प्राय: हेलाको दृष्टिले हेरेको देखिन्छ । जस्तै-

१. नानी भनेकी छोरी, सानी भनेकी बुहारी काम लाग्दैन ।

२. भएकी छोरी मारी गर्भको आस ।

३. भैंसी पाल्नेले गाई पाल्दैन, छोरी पाल्नेले बुहारी पाल्दैन ।

४. हेलाकी बुहारी पहुनासित सुत ।

५. बुहारीलाई छोरीसम्म गरे पनि बुहारी बुहारी नै हो ।

६. कुलो भागे समुद्र, छोरी भागी माइता ।

७. एँचेरू बालून न छोरीले पालून ।

८. गधा पाले भैसी फालिने, छोरी पाले बुहारी फालिने ।

९. पराईकी छोरी कहिले आफ्नो हुन्न ।

परिवारमा हेला गरेकी बुहारीलाई पहुनासिग सुत भन्ने कथनले बुहारीलाई तल्लो दर्जामा राखिएको बुझिन्छ । पहिलादेखि नै लोकजीवनमा पराईकी छोरी कहिले आफ्नो हुन्न भन्ने सोच

बसिआएको छ। गधा पाले भैंसी फालिने, छोरी पाले बुहारी फालिने भन्ने उखानले छोरी र बुहारी एकै घरमा बसे कुनै एकलाई फालिन्छ भन्ने कुराको बोध गराउँछ। एँचेरू बालून न छोरीले पालून भन्ने उखानबाट पनि छोरी प्रति कुनै विश्वास नरहेको पाइन्छ। जसरी बत्तीमा एँचेरू आयो भने बत्तीलाई बल्न दिदैन त्यसरी नै घरमा छोरी पालेर केहि पनि काम लाग्दैन भन्ने आशय यस उखानको हो।

### ३.२.५ सौता -सौतासम्बन्धी उखान

लोग्नेको अर्की स्वास्नीलाई सौता भनिन्छ। नेपाली समाजमा सौता-सौताको सम्बन्ध राम्रो देखिदैन। एउटा सौताले अर्को सौतामाथि आरिस, कुबिचार राखेको पाइन्छ। तर कति सौताहरूको एक आपसमा राम्रो मेल भएको पनि पाइन्छ।[४४] सौता-सौतामा मेल मिलाप राम्रो नभएको उखान पनि भेटिन्छ। घरमा झगडा भएन भने सौता ल्याउनु भन्ने उखानले घरमा झगडा भित्र्याउनुको लागि सौता ल्याउनु भन्ने कुरा व्यक्त गरिएको छ। यस्तै प्रकारले नेपालीमा सौता-सौतासम्बन्धी धेरै उखानहरू पाइन्छन्। जस्तै-

१. सौताको काखमा बस्नु छ, मैले हेरी कसरी सक्नु त ?

२. अप्सारा नै भए पनि सौताको नजरमा किचकिचि।

३. दुईवटा स्वास्नी आफ्नै पोइको तमासे।

४. जेठी बूढीको राम्रो कुरा पनि तीतो, कान्छीको झटारो पनि मीठो।

५. सौतेनीको घरमा दिनहुँको कल।

६. छेपारोको जस्तो रेती हुँदैन, कान्छी जस्तो जेठी हुँदैन।

---

[44] श्री निमा छिरिङ्गसँग दिनाङ्ग १५.०३.२०१६मा लिएको अन्तर्वार्ताबाट प्राप्त जानकारी

७. उक्सेको रोटी पाक्यो नभन्नू, सौतेनी पोइ आफ्नो नभन्नु ।

उक्त उखानमा सौता-सौताको सम्बन्धलाई देखाएको छ । जेठी बूढीको राम्रो कुरा पनि तीतो, कान्छीको झटारो पनि मीठो, छेपारोको जस्तो रेती हुँदैन, कान्छी जस्तो जेठी हुँदैन  भन्ने उखानबाट सौता-सौतामा लोग्नेले कान्छी स्वास्नीलाई बेसी माया गरेको भेटिन्छ । सौता-सौतामा रिस,कुविचार आदि कुरा भएको कारणले गर्दा झगडा गरिरहने गर्छन् । जेठी सौताले कान्छी सौतालाई ज्यादा काम लगाउने । यसैले निदाएको कहाँ हो र? सौतालाई तह लगाएको जस्ता उखान पाइन्छ । दुवैजना स्वास्नीहरू झगडा गरेर आपनै पोइको तमासे  पनि हुन्छन् ।

### ३.२.६ नन्द- भाउजूसम्बन्धी उखान

नेपाली उखानले घरपरिवारमा बस्दा नन्द र भाउजूको विषयमा सँगालेको अनुभव र समाजमा नन्द भाउजूको मनोभावको कुरालाई उखानले देखाएको  हुन्छ । एकै  परिवारमा नन्दले भाउजूलाई मन नपराउने, भाउजूले पनि नन्दलाई नराम्रो दृष्टिले हेर्ने जस्ता कुराहरू नेपाली उखानमा व्यक्त भएको पाइन्छ । तर कति परिवारमा आमा नभएको अवस्थामा भाउजूले नन्दलाई आमा सरह माया  ममता दिएको तथ्य पनि हामी पाउँछौं । [४५] नन्द-भाउजूसम्बन्धी निम्नलिखित उदाहरणलाई हामी हेरौं

१. नन्दा भाउजू एकै घरमा पारै मिल्दैन ।

२. छोरी माइतीको काडा हुन्छे, नन्द  भाउजू तीर हुन्छे ।

### ३.२.७  लोग्ने-स्वास्नीसम्बन्धी उखान

नेपाली उखानले समाजमा लोग्ने-स्वास्नी, पति-पत्नी, जोई-पोइ आदिको सम्बन्ध, तिनका मनोभावना, सुःख, दुःख, झैझगडा आदिको वर्णन गरेको  छ ।  परिवारमा लोग्ने स्वास्नीको महत्त्वपूर्ण

[45] श्रीमति देवीका खड्कासँग दिनाङ्क २५.११.२०१६मा लिएको अन्तर्वार्ताबाट प्राप्त जानकारी

भूमिका रहेको हुन्छ । स्वास्नीको शृंगार लोग्ने भन्ने उखानले समाजमा पुरूषसरह नारीको सम्मान नरहेको तथ्य र स्वास्नीको निम्ति लोग्ने नै सर्वस्व हो भन्ने कुरा व्यक्त गरिएको छ । लोग्ने-स्वास्नीसम्बन्धी निम्न लिखित उखानलाई अधि सार्न सकिन्छ -

१. आँट नभएको लोग्ने र साँच नभएकी स्वास्नी काम लाग्दैन ।

२. मुठीको धन नजरकी स्वास्नी ।

३. भातको ऐँचो र स्वास्नीको पैँचो हुँदैन ।

५. लोग्नेको नाम जानेको छ तर भन्नु हुँदैन ।

६. मागेको मोहीले र खोजेको पोइले जुग जाँदैन ।

७. स्वास्नीलाई हसाउँदै, बाबाआमा रूवाउँदै ।

८. घर बिगार्ने स्वास्नी, बेलामा नपर्ने पानी काम लाग्दैन ।

९. स्वास्नीले मीठो खाई, लोग्नेलाई पीठो खूवाई ।

१०.लोग्ने स्वास्नीको झगडा परालको आगो ।

११.बूढाको भेद बूढीलाई थाहा हुन्छ ।

१२.मन परेको स्वास्नीको पादै मिठो ।

१३.लोग्ने गयो कलकत्ता, स्वास्नी भई बिपत्ता ।

१४.लोग्नेको घर छैन, स्वास्नीको थर छैन ।

१५.यारको रीस पोइको टाउकोमाथि ।

१६. स्वास्नीलाई प्रेमले बाध्नु पर्छ ।

लोग्ने मान्छेमा आँट हुनु पर्छ भने जस्तै स्वास्नी मान्छेमा साँच हुनु पर्छ भन्ने उखानले परिवार चलाउनको लागि स्वास्नीमान्छेमा साँच हुनु आवश्यक भएको तथ्यलाई औल्याउँछ । अनिकालको बेलामा साचेर राखेको कुरा काम लाग्छ । यसैले कति स्वास्नीहरूले पैसा चेपेर राख्ने, रासिन पानी जोगाड गर्ने गर्छन् । गाउँ घरमा चामल वा अरू केही अन्न भर्दा त्यस भरेको भाडोबाट फेरि अलिकति झिकेर भर्दा राख्ने गर्छन् । सह रहोस् भनेर यस्ता काम गर्ने गर्छन् । [४६] कतिपय नेपाली उखानमा लोग्नेले स्वास्नीप्रति अविश्वास गरेको तथ्य पनि पाइन्छ, जस्तै- मुठीभरिको धन र नजरभरिका स्वास्नी काम लाग्छ, लोग्ने गयो कलकत्ता, स्वास्नी भई बिपत्ता भन्ने कथनले स्वास्नीलाई अधिनमा राख्नु पर्छ अनि यदि लोग्ने टाढो भयो भने स्वास्नी बेपत्ता हुन्छे भन्ने कुरा पनि व्यक्त गरेको छ । नेपाली उखानले लोग्ने-स्वास्नीको सबल र दुर्बल पक्षलाई व्यक्त गरेको पाइन्छ । जसरी घर राम्रोसंगले चलाउनको लागि स्वास्नीको अत्यन्त महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । तर घर बिगार्ने स्वास्नीलाई समाजले राम्रो नजरले हेर्दैन । कुबेलामा परेको पानीले अन्नबालिलाई नाश गर्छ भने झै कुलटा स्वास्नीले घर बिगार्छे भन्ने कुराको बोध गराउँछ । नेपाली उखानले लोग्ने-स्वास्नीको सम्बन्धलाई खुलस्त रूपमा व्यक्त गरेको छ, जस्तै- बूढाको भेद बूढीलाई थाहा हुन्छ, मन परेको स्वास्नीको पादै मिठो, स्वास्नीलाई प्रेमले बाध्नु पर्छ, लोग्ने स्वास्नीको झगडा परालको आगो इत्यादि । नेपाली समाजमा लोग्नेलाई ठूलो स्वरले बोलाउनु हुँदैन, लोग्नेलाई नाम काढेर बोलाउनु हुँदैन आदि कुराहरूलाई पनि नेपाली उखानले व्यक्त गरेको छ । तर केही उखानमा लोग्नेको आज्ञा पालन नगरी लोग्नेमाथि नै स्वास्नी जाई लागेको उखान पनि पाइन्छ । यसैले नेपाली समाजमा लोग्ने-स्वास्नीको सम्बम्धमा स्वास्नीले लोग्नेलाई अधिनमा राख्ने अनि लोग्नेले पनि स्वास्नीलाई अधिनमा राख्ने जस्ता तथ्यहरू उखानको माध्यमबाट जान्न पाइन्छ ।

---

46. श्रीमति देवीका खड्कासँग २५.११.२०१५ मा लिएको अन्तर्वार्ताबाट प्राप्त जानकारी

### ३.२.८ छोराछोरीसम्बन्धी उखान

पहिलेको समयमा छोरा-छोरीसम्बन्धी भिन्नता हुन्थ्यो। छोरीलाई पर छोरालाई वर गर्ने समय थियो । घर खानु छोरीले भन्दै छोरीचेलीको संसार घरदेखि बाहिर छैन भन्ने कुरा नेपाली उखानमा व्यक्त भएको पाइन्छ । छोरी कतै धुम्न गएर राती पख घरमा आउँदा धेरै प्रश्नचिन्ह लाग्छ, तर छोरा जति नै राती आउँदा पनि प्रश्नचिन्ह लाग्दैन। शिक्षाको विकास र समयको परिवर्तनसंगै छोरा र छोरीमा भेद हट्दै गयो, तर छोरीलाई भन्दा छोरालाई बढी महत्त्व दिएको कुरा उखानका निम्न उदाहरणहरूले बताउँछन्। जस्तै-

१. छोरा पाए खसी, छोरी पाए फर्सी।

२. छोरी मरी गाल टारी।

३. खाने छोरीलाई धर कहाँ, गर्ने छोरालाई डर कहाँ।

४. ढिलौ होस् छोरै होस्।

५. छोरा सपार्ने काम बाबाको, छोरी सपार्ने काम आमाको।

६. छोरा पाल्नु शहरमा, छोरी पाल्नु कुनामा।

७. हुप बिनाको छोरा, रूप बिनाको छोरी।

८. घर नखाएकी छोरी, प्रदेश नखाएको छोरा।

९.छोरी गए आधा काम, छोरा गए पूरा काम।

१०. छोरालाई काखा, छोरीलाई पाखा।

ढिलै होस्, छोरै होस्  जस्तो  उखानले घरपरिवारमा छोरी जन्मनु भन्दा ढिलै भए पनि छोरै जन्मोस् भन्ने  किसिमको छोरा र छोरीमा  देखिने सामाजिक भेदभावको धारणालाई देखाएको छ। परिवारमा छोराको आगमनमा सबै खुसी हुन्छन् ।  यसैले छोरा जन्मे खसी, छोरी जन्मे फर्सी भनी नेपाली समाजमा छोरीप्रति हुने गरेको भेदभावपूर्ण  व्यवहारलाई यस उखानले बताएको छ।  एउटै परिवारमा जन्मेका छोरा र छोरीमध्ये छोरालाई शहरमा राखेर राम्रो शिक्षा दिने र छोरीलाई घरको कुनामा राख्ने सोचलाई पनि उखानले व्यक्त गरेको छ।

नेपाली उखानमा आमाबाबुको  दृष्टिमा छोरा र छोरीप्रतिको विश्वास, छोरा कस्तो हुनु पर्छ, छोरी कस्ती हुनु पर्छ भन्ने कुरा पनि  व्यक्त  भएको  पाइन्छ  ।  छोरी र छोराको  बीच भेदभाव परिवारबाट नै शुरू हुन्छ। छोरी जन्मे आमाले हेरचार गर्नु पर्ने, छोरा जन्मे बाबुले हेर्नु पर्ने तथ्य समाजमा पाउँछौं। छोरीप्रति परिवारमा विश्वास नरहेको पाइन्छ जस्तै- छोरी गए आधा काम, छोरा गए पुरा काम यस्ता कुराको बोध  उखानले गराउँछ।

### ३.२.९ बाबुआमासम्बन्धी उखान

परिवार सुचारो रूपमा चल्नका लागि आमा-बाबुको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। आमा-बाबुको छहारी नपाई केटाकेटी सर्प्रिदैन। परिवारमा बाबुले पृष्टपोषकको अभिभारा वहन गर्छ भने आमाले परिवारलाई सन्तुलित बनाइ  राख्न एवम् चौकाको काम साथै नानीहरूका हेरचार गर्न आफूलाई नै व्यस्त राखेको पाइन्छ।  विश्वका सबै देशमा आमा पूज्यनीय छन्। यस्तै प्रकारले नेपाली समाजमा पनि आमा पूज्यनीय रूपमा छिन्। बाबुको तुलनामा नेपाली उखानमा आमाको महत्त्व बढी देखाइएको छ। आमाको न्यानो माया-ममता, सुरक्षा आदि  संधै प्राप्त  हुने  कुरा उखानमा व्यक्त भएको पाइन्छ। जस्तै-

१. आकाश भन्दा ठूलो बाबु हुन्छन्, धर्ती भन्दा ठूलो आमा ।

२. आमाको दूध चुसेर पुगेन, बाबुको धुँडा चुस्ने ।

३. आमाको माया, बाबुको दाया ।

४. आमा भए बाबुलाई अरूको दोष किन लाग्थ्यो ।

५. बाबु मरे आधा टुहुरो, आमा मरे पुरौ टुहुरो ।

६. आमा भइन्जेल माइती ।

७. आमा-बाबुको छहारी नपाई छोरा-छोरी सप्रिँदैन ।

उक्त उखानमा बाबुको तुलानामा आमाको महत्त्व बढी देखाइएको छ । सन्तानको निम्ति आमा सर्वोपरि रहेको कुरो उखानले व्यक्त गरेको छ जस्तै-बाबु मरे आधा टुहुरो, आमा मरे पुरौ टुहुरो । आफ्नो सर्वस्व दिएर छोराछोरीको सुखशान्तिमा जीवन अर्पण गर्ने आमाको स्थान बाबुकोभन्दा उच्च रहेको छ । आकाशभन्दा ठूलो बाबु हुन्छन्, धर्तीभन्दा ठूलो आमा । आकाश र धर्ती बराबरी हुन्छ तर आकाशकोभन्दा बेसी समस्या धर्तीले बोकेको हुन्छ ।

त्यसरी नै परिवारको हेरचार, इष्टमभित्रसंगको व्यवहार आदि कुरामा बाबुकोभन्दा आमाको भूमिका बढी मात्रमा रहेको हुन्छ । पुरूषप्रधान समाजमा नारीका अन्य रूप निम्न स्तरको देखाए पनि आमाको स्तर उच्च देखाएको तथ्य उखानले बताउँछ ।

### ३.२.१० भेना सालीसम्बन्धी उखान

नेपाली लोकसमुदायमा भेना र सालीका बीचमा जिस्काउने र एक अर्कामा ठठ्टा गर्ने चलन छ । भेनासालीको सम्बन्धलाई प्रस्तुत गर्ने त्यस्ता नेपाली उखानहरू प्रशस्त छन् । जस्तै-

१. साली बढ्दा भेनालाई ।

२. हिँड साली कसैले देख्दैन ।

३. अचार के को ? पिनाको । साली कसको? भिनाको ।

४. काकाको काम छाडी साली विवहा ।

५. मूला के पकाउनु, साली के फकाउनु ।

६. कुकुरको प्यारो पिना, सालीको प्यारो भिना ।

७. तरकारी बिनाको खाना, साली बिनाको भिना ।

८. पाकेको बाली हुर्केको साली ।

पारिवारिक पृष्ठभूमिमा भेना र सालीको सम्बन्ध बुहारी र जेठाजूको जस्तो नभएर खेलठठ्टा गर्ने खालको हुन्छ । जस्तै-मूला के पकाउनु, साली के फकाउनु, तरकारी बिनाको खाना, साली बिनाको भेना जस्ता उखानले यस कुराको पुष्टि गर्छन् ।

### ३.२.११ देवर भाउजूसन्बन्धी उखान

नेपाली उखानमा घरपरिवारमा बस्दा देवर र भाउजूको सम्बन्ध के कस्तो हुन्छ र देवरको भाउजूप्रतिको मनोभाव कस्तो हुन्छ भन्ने कुरालाई उखानमा व्यक्त भएको पाइन्छ , जस्तै-

१. भाउजू भनेको आमा सम्मान हुन् ।

२. देख्दादेख्दै भाउजू राँडी भइन् ।

३. दाजुलाई सक्दिन फन्कै राख्दिन ।

४. भाउजू परिन् दाजूको हात, रिस रह्यो मेरो हात ।

५. दाजूलाई केही नहोस्, भाउजूको हातको चुरा नरहुन्।

नेपाली समाजमा भाउजूलाई आमाको सम्मान दिएको पाइन्छ। सानैमा आमाको मृत्यु भयो भने भाउजूले देवर र देउरानीलाई पालन पोषण गरेको तथ्य छ। तर नेपाली उखानमा प्राय: देवरले भाउजूलाई नराम्रो दृष्टिमा राखेको पाइन्छ। देवर भाउजूको माइता गएको बेला सासूले विदेश गएका आफ्नो ज्वाइँको हालखबर सोद्धा भाइ चुप लाग्दा माइतीको पक्षबाट आफ्ना छोरी विधवा हुन पुगेको सन्दर्भमा देख्दादेख्दा भाउजू राँडी भइन् भन्ने उखानको प्रसङ्गमा आएको छ। [४७] देवरले भाउजूप्रति नराम्रो सोच राखेको कुरा पनि उक्त उखानमा व्यक्त भएको पाइन्छ।

## ३.२.१२ सौता -झड्केलासन्बन्धी उखान

नेपाली समाजमा सौता र झडकेलाको सम्बन्धलाई नराम्रो दृष्टिले हेरिएको छ। सौता-सौताबाट जन्मेका झड्केला सन्तानको घरपरिवारमा सुख र शान्तिसँग बस्न नसकिने र खानसमेत नदिने कुरा उखानमा भेटिन्छ। जस्तै-

१. झड्केला मुटुको कीलो।

२. सौताको छोरो चाकको पिलो।

३. सातवटा सौता पैतालाको धूलो, एउटा झडकेलो मुटुको कीलो।

४. पुषको केरा सौताको छोरा।

सबै झड्केला छोरा नराम्रो हुन्छ भन्ने हुँदैन। कति ठाउँमा आफ्नो छोरा-छोरीले आमा-बाबूलाई याद नगरेर झड्केलाले हेरेको तथ्य पनि पाइन्छ। [४८] तर नेपाली उखानमा भने सौताको लागि झड्केला

[47] शिवप्रसाद पौड्याल(२०६८),पूर्ववत्, पृ. ७३

[48] श्रीमान शोरबहादुरसँग दिनाङ्क ३.६.२०१६मा लिएको अन्तर्वार्ताबाट प्राप्त जानकारी

बोज भएको छ। सौताबाट जन्मेको झड्केला मुटुमा गढेको कीलो जस्तै सुख र शान्तिसँग बस्न नदिने हुन्छ भन्ने कुरा उखानले बताएको छ। चाकमा निस्केको पिलो हतपत जाति हुँदैन त्यसरी नै झड्केलाले बाबुको आधा हक अधिकार पर्ने हुनाले परिवारमा अशान्ति हुन्छ भन्ने कुरा उखानमा व्यक्त भएको छ।

### ३.३ प्रथासम्बन्धी उखानमा नारी

पहिलेदेखि चलिआएको रीति, चालचलन र रिवाजलाई प्रथा भनिन्छ। राधा शर्माको अनुसार पिता-पुर्खाको पालादेखि वर्तमानसम्म चल्दै आएको वा जीवनलाई प्रभावित पार्दै आएको रीतिरिवाज, चालचलन, परम्परागत परिपाटी आदि बुझिन्छ। विश्वको सबै ठाउँहरूमा एकै प्रकारको प्रथा हुँदैन। समाजमा आ-आफ्नो प्रकारको प्रथा र प्रचलन हुन्छ। सभ्यता र संस्कृतिको छाँयामा प्रथा र प्रचलन हुर्केको पाइन्छ। यस्तै प्रकारले नेपाली लोकसमाजमा अनेकौं प्रथा प्रचलनहरू अस्तित्वमा रहिआएका छन्। पिता-पुर्खादेखि हस्तान्तरित हुँदै आएका प्रथा प्रचलन कति हराएर गए भने कति यथावत् छन्। यस्ता हराएका प्रथा इतिहासमा पढ्न वा अभिलेखनबाट मात्र थाहा पाइन्छ। यसैले नेपाली उखानले नारीसम्बन्धी यस्ता प्रथा प्रचलनलाई देखाएको हामी पाउँछौं। जस्तै-

#### ३.३.१ सती प्रथासम्बन्धी उखान

नेपाली समाजमा प्रचलित विभिन्न प्रथाहरूमध्ये सती प्रथा पनि एक हो। आफ्नो पति मरेपछि पतिसँगै जिउँदै जलाइने प्रथालाई सती प्रथा भनिन्छ। सती प्रथा नेपाली समाजमा मात्र नभएर अन्य हिन्दु धर्मका समाजमा पनि पाइन्छ। पतिसंग जिउँदै जलेर मर्नाले सिधै स्वर्ग पुगिन्छ भन्ने विश्वास वा धारणा रहेको हुनाले सती प्रथाको थालनी भएको पाइन्छ। सती प्रथालाई

नारी दमन, नारी शोषणको उदाहरण हो। यस्तै दमन र शोषणलाई सती प्रथाको माध्यमद्वारा नेपाली भाषामा धेरै उखानहरू पाइन्छ। जस्तै-

१. सती पनि जान्न, खिर पनि खान्न।

२. सतीलाई के देख्छयौं भनी सोद्धा मरेकी देख्छु भन्छे।

३. सती जान दिइनस् भने तैं मेरो पोइ।

४. लोग्ने मारी सती जाने।

४. सती जाँदाको आशिष, मर्दाको बिजोक।

५. घरमा भने सती, बाहिर भने सय पति।

६. पीर खप्नु भन्दा सती जानु वेश।

सती भन्नाले पतिब्रत नारी र सती प्रथा भन्नाले पतिब्रत नारीलाई जिउँदै जलाउने प्रथा हो। प्रथामा सती नारी केहीसंग बोल्नु पाउँदिन्। हातजोडेर आफ्नो पतिको ध्यानमा बस्नु पर्ने।[४९] सतीलाई खीरमा मतमदिरा, भाङ्ग बेसरी खुवाएर मुदा पतिसँग जल्नु पर्ने भएकोले सती पनि जान्न खिर पनि खान्न भन्ने कुरा उखानले देखाएको पाइन्छ। आज नेपाली समाजमा यो प्रथा निर्मूल भए ता पनि यो प्रथा नेपाली समाजमा प्रचलित थियो। नारीहरूको इच्छाविरूद्ध जबर जस्ती लागु गरेको कारणले पछिबाट सामुहिक विरोध भएर हटाउन पुगेको इतिहास पनि पाइन्छ। प्रथालाई हटाउने शुरूवात जङ्गबहादुर राणाले गरेका थिए पछि गएर चन्द्र शमशोर राणाका सक्रियतामा सतीप्रथा उन्मूलन भएको उल्लेखनीय छ।[५०] बिधवा जिउँदै जलेर मर्न पर्ने त्रासले बिचलित

[49] श्रीमान ज्ञामन राईसँग दिनाङ्क २०.८.२०१६मा लिएको अन्तर्वार्ताबाट प्राप्त जानकारी
[50] राधा शर्मा, पूर्ववत्, पृ. ५६

बन्नु स्वाभाविक छ यसैले के देख्यौं भन्दा मरेकी देख्छु भन्छे। कति सचेत व्यक्तिले सती प्रथालाई धृणित गर्दा गरेर सती प्रथालाई विरोध गर्दा नारी स्वयम्ले सती जान दिइनल् भने तै मेरो पोइ समेत भनिएको पाइन्छ। नेपाली उखानले एउटा पतिब्रत नारीको घरमा सती, बाहिर भने सय पति भन्ने कुरा पनि देखाएको पाइन्छ। पतिको मृत्यु पश्चताप स्वास्नीले खप्नु परेको दुख र समस्य देखेर सती जानु नै वेस भन्ने कुरा उखानमा व्यक्त भएको भेटिन्छ।

### ३.३.२ बहुविवहा प्रथासन्बन्धी उखान

पुरूष र स्त्रीका बिच पति र पत्नीको सम्बन्ध गाँस्ने धार्मिक कार्यलाई विवहा भनिन्छ। विवहा दुई प्रकारका हुन्छन् -एकल विवहा र बहुविवहा। एकल विवहामा एक पति र एक पत्नी हुन्छन् र बहुविवहामा एकभन्दा धेर पति वा पत्नी हुन्छन्। नेपाली समाजमा दुवै प्रकारका विवहा पाइन्छ। नेपाली उखानमा बहुपत्नी विवहा धेरै भेटिन्छ। आफ्नो स्वास्नीबाट सन्तान नहुँदा बहुपत्नी विवहा गर्ने चलन रहिआएको छ। नेपाली समाजमा पुरूषले धेरै विवहा गर्दा केही नभन्ने तर नारी जातिले बहुविवहा गरे उसलाई नराम्रो दृष्टिले हेरिन्छ। बहुपत्नी विवहा र बहुपति प्रथालाई दर्शाउने नेपाली उखानहरू पनि छन्, जसले बहुविवहाबारे जानकारी दिन्छन। जस्तै-

१. दुई जोईकी पोइ, कुना पसी रोइ।

२. एक स्वास्नीको पोइ ब्रमहारी, दुई स्वास्नीकी पोइ कर्महारी, तीन स्वास्नी पोइ नर्कहारी।

३. मर्दको दसौटी स्वास्नी।

४. लोग्ने मानिसको हजार गोठ हुन्छ।

५. सौताको रिसले पोइको काख मुत्ने।

प्रस्तुत उखानहरूले नारीका मानसिक स्थितिलाई चित्रण गरेका छन्। दुई स्वास्नी विवहा गर्दा एउटी स्वास्नीलाई काखा र अर्की स्वास्नीलाई पाखा गर्ने हुँदा एउटा स्वास्नीले जहिले पनि पिरलिनु पर्ने स्थिति देखा पर्छ। उक्त उखानले सौता-सौतामा तालमेल नमिलेको स्थिति उखानमा प्रष्ट पाइन्छ। यसैले बहुविवहाले घरमा अशान्ति फिँजिएको कुरा नेपाली उखानमा भेटिन्छ।

### ३.३.३ कमारी कमारा प्रथासम्बन्धी उखान

विश्वमा प्राय: सबै ठाउँहरूमा कमरा-कमारी राख्ने प्रथा पाइन्छ। धनी कृषि वर्गका घरमा कामका लागि कमरा कमारी राख्ने गर्छन्। दास प्रथामा कमरा कमारी दुवै शोषित, हेलित र तुच्छ रहेको पाइन्छ साथै उनीहरूको अवस्था दयनीय रहेको उखानहरूको माध्यमबाट थाहा लाग्छ। कमरा कमारीलाई अधीनमा राख्ने, पशुसमान व्यवहार गर्ने गर्छन्। उनीहरूलाई कतै पनि स्वतन्त्र हुँदैन। व्यापक रूपमा यो प्रथा फैलिएको कारणले गर्दा कमरो हुँला कि भन्ने डर, कमारो भएपछि के को डर भन्ने उखान पनि पाइन्छ। यस उखानले कमारो हुने डरले भयभीत जीवन व्यक्त गरेको छ। नेपाली उखानले दास प्रथालाई खुलस्त रूपमा व्यक्त गरेको छ । जस्तै-

१. कमारी बनी कमाउनु, रानी भई उडाउनू।

२. काम गर्नु कमाराले जस्तो, खानु राजले जस्तो।

३. कमारीको मोल खानु, परेवाको झोल खानु।

४. कमारी तुमहारी हमारी।

५. कमारी र पित्तले थाल बिटुलो हुँदैन।

६. कमारीको ब्याउला बनको स्वाउला।

दास प्रथा मानवीय सभ्यताको एउटा कुरूप प्रथा हो। आज यस्तो प्रथालाई हटाई सकेको छ तर पनि कतै न कतै अप्रत्यक्ष रूपमा चलि नै रहेको पाइन्छ। कमारीहरूलाई जसले पनि यौन शोषण गर्न सक्छ भन्ने सोचले कमारी तुमहारी हमारी भन्ने कुरा उखानमा व्यक्त भएको पाइन्छ। उक्त उखानहरूमा पुरूष जातिको अनैतिकतापूर्ण स्वर गुन्जिएको पाइन्छ। जसरी पित्तलको थाल कर्मकाण्डलगायत कुनै पनि कार्यमा प्रयोग हुनसक्छ उस्तै प्रकारले कमारी पनि कहीँ पनि प्रयोग हुनसक्छ भन्ने अर्थ उखानमा प्रकटित छ।

## ३.४ नारीको रूपरंग र बानी व्यवहारसम्बन्धी उखान

एउटा असल नारी हुनको लागि उसको राम्रो बानी-व्यवहार हुनु पर्दछ। राम्रो र नराम्रो मानिस व्यवहारबाटै चाल पाउन सकिन्छ। तर नेपाली उखानमा नारीको व्यवहारभन्दा रूपरंगलाई प्राथमिकता दिएको पाइन्छ। यसैले नेपाली उखानमा नारीका रूपरंग र व्यवहारसम्बन्धी धेरै उखानहरू पाइन्छन्। जस्तै-

१. रानी हुन बानी चाहिन्छ।

२. सुधारी स्वास्नीको पोइ मोटाउँछ, फोहोरी स्वास्नीको कुकुर मोटाउँछ।

३. राम्रो भनेको राड, चारैतिर गाड।

४. राम्री मात्र भएर के गर्नु? चाटेर पुग्दैन।

५. राम्रो घरको राम्रो स्वास्नी।

६. आइमाईको शोभा बुलाकी र ढुङ्गरी।

७. आफू भने काली मुखमा दल्छे लाली।

८. नमीठो जाडको धेरै निगार, काली केटीको धेरै सिँगार।

९. केटी हेर्नु रूपको।

१०. ढाके छोरीलाई मखमलको सारी।

११. आइमाईको चाल दैवले जाँन्दैन।

१२. धुसधुसे नारीसंग होस् गर्नु पर्छ।

उक्त उखानमा नारीका रंगरूप र व्यवहारलाई प्रस्तुत गरेको छ। विवहाको लागि केटी हेर्दा रूपको हेर्नु भनिन्छ। रूप भएकी स्वास्नीले घर गरी खान्छे भन्ने लोक विश्वास छ, तर उखानमा राम्री मात्र भएर के गर्नु, चाटेर पुग्दैन भन्ने कुरा पनि व्यक्त भएको पाइन्छ। अँगारभन्दा काली, दस ठाउँमा टाली, अनुहार न सनुहार पोइ खोज्न थाली । उखानमा पोइ हेर्नको लागि पनि पनि रूप हुनुपर्छ भन्ने कुरा देखाएको छ। जसरी नसुहाउने मान्छेलाई केही चीजले पनि सुहाउँदैन जसरी अमिलो जाडको धेरै निगार हुन्छ त्यसरी नै नराम्रो केटीको धेरै सिँगार हुन्छ भन्ने कुरा देखाइएको । नारीमा रूप हुनु पर्छ भन्ने कुरा नेपाली समाजमा मात्र होइन सिनहिला उखानमा पनि पाइन्छ जस्तै- *never marry a women with big feet* जसको अर्थ ठूलो खुट्टा भएकी नारीसंग विवहा गर्नु हुँदैन भन्ने हो। सिनहीला समाजमा ठूलो खुट्टा भएकी नारीको विवहीत जीवन सफल हुँदैन भन्ने लोकविश्वास छ।

## ३.५ बाँझी नारीसम्बन्धी उखान

नारीको सम्पूर्णता आमा बन्नुमा छ भन्ने उक्ति प्रचलित रूपमा छ। विवहापछिको जीवनमा सन्तान नहुँदा अथवा आमा बन्न नसकेकी नारीलाई अपुताली, बाँझी, थारा आदि शब्द प्रयोग गरेर हियाको दृष्टिले हेर्ने गरिन्छ। सन्तान नहुने अरू कुनै कारण भए पनि दण्डको भागी नारी नै हुनुपर्छ। सन्तान नहुनमा नारीको मात्र दोष हुँदैन तर नारीलाई नै प्रमुख बनाएर उखानहरू सृजना भएका

छन् । नेपाली समाजमा आमालाई उच्च स्थान दिएको छ तर बाँझी स्वास्नीलाई निम्न स्थान दिएको छ । सन्तान नहुँदा अर्काको नानी लिएर पनि पालन पुषण गर्न सकिन्छ, तर तिनीहरूलाई आमाको पूर्ण रूपमा भने स्वकार्य दिएको पाइँदैन। जेठी स्वास्नीबाट सन्तान नहुँदा कान्छी स्वास्नी ल्याउने अथवा बहुविवहाको प्रथा पनि नेपाली समाजमा पाइन्छ। बाँझी स्वास्नीलाई प्रतिबिम्बित गरिएका उखान यस प्रकार छन् जस्तै-

१. अपुतालीलाई धन प्यारो।

२. बाँझी स्वास्नीलाई सुतकेरीको बेथा के थाहा ?

जसको छोरी-छोरी हुँदैन उसलाई आफ्नो धन प्यारो हुन्छ भन्ने कुरामा अपुतालीलाई धन प्यारो भनिन्छ। आफ्नो छोरा-छोरी नहुँदा धन खाने केही हुँदैनन् तर पनि उनीहरूलाई धनको माया नै हुन्छ। नेपाली समाजमा धन कमाउने मान्छेले पुण्य कमाउनु सक्दैन भन्ने लोक विश्वास पनि पाइन्छ। बाँझी स्वास्नीलाई सुतकेरीको बेथा थाहा हुँदैन भन्ने कथन नेपाली समाजमा छ। यस्ता उखान व्यङ्ग गर्नको निम्ति विशेष रूपमा प्रयोग गरिन्छ। कसैलाई केही कुरामा ज्ञान छैन भने यस्ता उखानको प्रयोग गरिने गरिन्छ।

## ३.६ पशुपक्षीसँगको तुलनामा नारीसम्बन्धी उखान

नारीलाई पशुपक्षीसंग जोडेर हेर्ने उखान पनि नेपाली समाजमा छ। समाजमा नारीको स्थान महत्त्वपूर्ण छ भने त्यही नारीलाई पशुपक्षीसंग तुलना गरेर हियाको दृष्टिले हेर्ने पनि गरिन्छ। पोथी बासे केही न केही भन्दै नारीको महत्त्वलाई धटाएको पाइन्छ। पशु र नारीसम्बन्धी उखान यस प्रकार छन्-

१. राँडीको गहना, काली बिरालोको साल।

२. पोथी बासेको घर के को भर।

३. पोथी बासेको सुहाउँदैन।

४. माकुराको आमाले आफ्नै आमा खोज्छ।

५. बेस्से पतिब्रता र काग शुद्ध कसै गरी हुँदैन।

उक्त उखानमा राँडी नारीको गहनालाई काली बिरालोको साल-संग तुलाना गरिएको छ। एउटा परिवारमा सानो सल्लाको निम्ति आमाको उपस्थिति अनिवार्य रहन्छ तर उखानमा पोथी बासेको धर के को भर भन्दै नारीलाई निम्न स्थानमा राखिन्छ। विश्वको प्राय: ठाउँहरूमा आमालाई उच्च स्थान दिएको छ। यसैले नेपाली उखानमा माकुराको आमाले आफ्नै आमा खोज्छ भन्दै आमाको महत्त्वलाई उजिल्याएको पनि छ। नेपाली समाजमा बेस्से नारीलाई नराम्रो दृष्टिले हेरिन्छ। जस्तै- बेस्से नारीको हजार पोइ, मर्ने बेलामा केही न केही। बेस्से नारी र काग कहिले शुद्ध हुँदैन भन्दै नारीलाई पशुसंग तुलाना गरिएको छ ।

## ३.७ नारीप्रतिको अविश्वाससम्बन्धी उखान

समाजमा नारीलाई कति विश्वास गर्न सकिन्छ र कति गर्न सकिँदैन भन्ने कुरा उखानमा व्यक्त भएको पाइन्छ। जस्तै-

१. आइमाईको कोखमा दाँत हुन्छ।

२. रूद्रघण्डी नहुनेको विश्वास हुँदैन।

३. मुठीको धन नजरकी स्वास्नी।

४. पोइ पुग्यो टाढा, स्वास्नी भई छाडा ।

५. फरिया लाउने जातको विश्वास हुँदैन ।

उक्त उखानमा नारीलाई विश्वास गर्नु हुँदैन भन्ने कुरा व्यक्त गरिएको छ । जसरी मुठी भरिको धन राम्रो हुन्छ  मुठीबाट बाहिर भयो धन खाक हुन्छ, त्यसरी नै नजरकी स्वास्नी राम्रो हुन्छ  कारण स्वास्नी नजरबाट बाहिर भयो भने स्वास्नी बिपत्ता हुन्छ भन्ने कुरा पाइन्छ । नारीलाई विश्वास गर्नु हुँदैन किनभने नारीले एउटा कुरालाई अर्को बनाएर व्यक्त गर्छे जस्तै आइमाईको काखमा दाँत हुन्छ । नारी जातिको रूद्रघण्टी हुँदैन भन्नुको तात्पर्य नारीले कुनै कुरा पनि मनमा राख्न सक्दिन । नभन्ने कुरा पनि भन्छन् भनेर रूद्रघण्टी नहुनेको विश्वास हुँदैन   वा फरिया लाउने जातको विश्वास हुँदैन   भन्ने गर्छन् ।

## ३.८  नारी -नारीसम्बन्धी  उखान

नेपाली उखानले नारीहरूको सम्बन्धलाई   पनि  देखाएको पाइन्छ ।  जस्तै-

१. नारीको शत्रु नारी ।

२. नारीको समस्या नारीले नै बुझ्छ ।

एउटी   नारीलाई कमजोर र हैसियताविहीन देखाउन अर्की  नारी  नै कम्मर कसेर  लाग्नु हाम्रो समाजको अर्को दु:खद पक्ष बनेको छ । नारीहरूमा बढी डाह भएको कारणले गर्दा एउटी नारीले अर्की नारीलाई नराम्रो नजरले हेर्ने  गर्छ   ।  नारीको शत्रु नारी   भने झै एउटा नारीले अर्की नारीको षड्यन्त्र गरेर फसाएको तथ्य पाउँछौं ।   एउटा परिवारमा आमा र छोरीको सम्बन्ध राम्रो हुन्छ तर त्यही परिवारमा सासूले बुहारीलाई हेप्ने, बुहारीले पनि सासूलाई हेप्ने  प्रवृति पाइन्छ । नन्द भाउजूमा राम्रो मेलमिलाप नहुने, सौता-सौतामा रीसराग हुने जस्ता कुराले नारीको सम्बन्धलाई देखाएको छ । नारीको शत्रु नारी नै हुँदाहुँदै पनि नारीको समास्य नारीले नै बुझ्छ भन्नुको  तात्पर्य  एउटा नारीको दुख, पीर.

खुसी इत्यादि अर्की नारीले अनुभव गर्न सक्छे, यधपि एउटा पुरूषले पनि अर्को पुरूषको समस्यालाई बुझ्छ, तर यस्ता कुरा नेपाली उखानले व्यक्त गरेतो पाइँदैन।[५१] एउटा पुरूषले पनि नारीको समस्यालाई बुझ्न सक्छ, तर नारीले जुन समस्या झेलेकी हुन्छे त्यो समस्या पुरूषले झेलेको हुँदैन। यसैले नारीको समस्यानारीले नै बुझ्छ भन्ने यथार्थ नेपाली उखानमा पाइन्छ। मेडिलिन के.अलब्राइट (*madelline k. Albright)* को अनुसार *there is special place in hell for women who do not help other women.* अर्थात् नारीको लागि विशेष ठाउँ नर्कमा छ जसले अर्को नारीलाई सहयोग गर्दैन। यसैले नारी नारीमा राम्रो सन्बन्ध हुन अति नै आवश्यक रहेको छ।

## ३.९ विधवासम्बन्धी उखान

नेपाली समाजमा लोग्नेको मृत्यु पछिको स्वास्नीमान्छेलाई विधवा भनिन्छ। आरम्भमा विधवा नारीहरूलाई सती जस्तो प्रथाले ग्रसित पारेको थियो। जिउँदै आफ्नो पतिको चितामा जलेर मर्नु एउटा नारीको लागि धोर अत्याचार हो। विधवा नारीहरू आफ्नो पति मरेपछि अर्को विवहा गर्नु पाउँदिन भन्ने चलन पनि नेपाली समाजमा विधमान थियो, तर पछि यस्ता प्रथाहरूको विरोध गरी हटाएको तथ्य पाइन्छ। बिहानै विधवा नारीलाई देख्यो भने दिन नराम्रो हुन्छ भन्ने लोकविश्वास नेपाली समाजमा पाइन्थ्यो, तर समय र शिक्षाको परिवर्तनसंगै यस्ता विश्वासहरू हराउँदै गएको छ। तर पनि नेपाली समाजमा विधवा नारीलाई कस्तो प्रकारले हेरिन्थ्यो भन्ने कुरा नेपाली उखानले व्यक्त गरेको छ। जस्तै-

---

[51]. श्रीमान बलाराम उप्रेदीसँग दिनाङ्क २०.०९.२०१६मा लिएको अन्तर्वार्ताबाट प्राप्त जानकारी।

१. बादलबाट छिरेको धाम, विधवाको सराप ।

२. दु:खीलाई दिन्छु नभन्नु, विधवालाई लान्छु नभन्नु ।

३. माग्नेलाई दिन्छु नभन्नु, राँडीलाई लान्छु नभन्नु ।

४. रानी सुख कि राडी सुख ।

नेपाली उखानले विधवा नारीलाई हियाको दृष्टिमा राखेको पाइन्छ । जसरी बादलबाट छिरेको धामको ताप हुँदैन त्यसरी नै विधवाले गरेको सराप लाग्दैन भन्ने कुरा व्यक्त भएको छ । गरिब, दुखीलाई दिन्छु भनेर कहिले पनि आश देखाउनु हुँदैन त्यसरी नै विधवा नारीलाई लान्छु भनेर आश देखाउनु हुँदैन, किन कि उनीहरूले आश गरिरहन्छन् भन्ने कुरा उखानमा पाइन्छ ।

## ३.१० नारीका बिलौना वा वेदनासम्बन्धी उखान

नेपाली उखानले नारीका सबै पक्ष समेटेको हुन्छ । नारीका इच्छा, आकांक्षा आदि पूरा नहुँदा नारीको आफ्नो विलाना नेपाली उखान द्वारा पनि व्यक्त भएको भेटिन्छ । जस्तै-

१. तीजमा नलाएको गुनिउ कहिले लाउनु ।

२. पोइ देख्दा माया लाग्छ, बानी देख्दा डर लाग्छ ।

३. टीकाको साइत म जान्छु माइता ।

४. तीजको कुरा गरे खाए जस्तो लाग्छ ।

५. जन्म घर छाडी कर्म घर लाग्नु ।

६. मेरो पोइ भए, तेरो पोइसंग आउँथे र ?

७. बाह्र वर्षमा पोइ आको, म राडीलाई ज्वरो आएको ।

तीज पर्व नारीको निम्ति महत्त्वपूर्ण चाड हो । तीजमा विवहा गरेकी छोरीचेली घरमा आएर एकै साथ मिलेर नाचगान गर्दै, वर्ष दिनसम्म नखाएको मीठो मीठो खाने कुरा खाँदै आफ्नो मनको विरह, सुखी आदि एक अर्कामा सुनाउने गर्छन् । तीजमा नलाएको गुनिउ कहिले लाउनु, तीजको कुरा गरे खाए जस्तो लाग्छ भन्दै आफ्नो मनको कुरा पोखेको पाइन्छ । लोग्ने स्वास्नीमा धेरै माया हुन्छ लोग्नेले स्वास्नीलाई जति नै नराम्रो गऱ्यो भने पनि स्वास्नीलाई आफ्नो लोग्नेप्रति माया नै लाग्छ । लोग्ने-स्वास्नीको कारणवस बिछोड हुँदा आफ्नो लोग्नेलाई देख्दा माया लागेको तर लोग्नेको बानी देख्दा डर लागेको कुरा नेपाली उखानमा भेटिन्छ । विवहीत नारीहरूलाई आफ्नो माइता घरको याद आहिरहन्छ । टीकाको दिन आफ्नो माइता घर जान पाइन भने टीकाको साइत म जान्छु माइता भन्दै आफ्नो मनको विलौना गरिएको पाइन्छ । विवहा गरेकी नारीले आफ्नो जन्म घर छाडी जानु पर्दा जन्म घर छाडी कर्म घर लाग्नु भन्दै विलौना गरिएको पाइन्छ ।

## ३.११ नारीका बैंससम्बन्धी उखान

नेपालीमा नारीका बैंससम्बन्धी उखानहरू धेरै पाइन्छन् । जस्तै-

१. बैंस आयो अहिले, पोइ आयो पहिले ।

२. चैतको महीना र बैंसको पोइ सबैको प्यारो हुन्छ ।

३. तरूणीको कान, बन्चरोले हान ।

४. बैंसमा सयवटा पोइ, मर्ने बेलामा कोही न कोही ।

५. बैंसले मात्तिएको केटीलाई बिहे गर्न सकिन्छ सम्झाउन सकिँदैन ।

६. बैंस हुँदा पोइमा जानु, उमेर हुँदै लाहुर जानु ।

७. पोइमा जानु, बैंस नगुमाउनु ।

८. कर्कलाको पातको पानी, बुढीमा आएको जवानी ।

नेपाली उखानले नारी जातिलाई मात्र इङ्गित गरेर उखान सृजना गरिएको पाइन्छ। उक्त उखानमा नारीको बैंस आउँनुभन्दा पहिले नै पोइमा गएको कुरा बताएको छ। बूढा-पाकाहरू बैंस हुँदा नै सबै कुरा गर्नु पर्छ भन्छन् । बैंसमा एक प्रकारका जोश हुन्छ, यसैले बैस हुँदा गरेको काम राम्रो हुन्छ भन्ने गर्छन्। तर जोशमा होस् गुमाउनु हुँदैन भन्ने ज्ञान पनि दिने गर्छन्। तरूणीको कान, बन्चरोले हान। यसमा तरूणीको दोष होइन, बैंसले गरेको दोषलाई नारीमाथि लिएको थोपर्ने गरेको देखिन्छ। बैंस नारी जातिमा मात्र होइन अन्य जातिमा पनि आउने गर्छ, तर नारी जातिलाई मात्र इङ्गित गरेर उखानहरू निर्माण गरिएको पाइन्छ। बैंसामा सबैको पोइ, जोई हुन्छन् तर नारी जातिलाई मात्र बैंसमा सयवटा पोइ, मर्ने बेलामा कोही न कोही भन्ने कुरा व्यक्त भएको पाइन्छ। एउटा बैंसले उन्मत्त भएकी नारीलाई सम्झाउनु सकिँदैन भन्ने कुरा पनि उखानमा अभिव्यक्त भएको छ। नारीको जवानीलाई कर्कलाको पातको पानीसंग तुलाना गरिएको छ। जसरी कर्कलाको पातको पानी रहँदैन त्यसरी नै नारीको जवानीलाई पनि हेरिएको पाइन्छ।

## ३.१२ नारीको अल्छी स्वभावसम्बन्धी उखान

अल्छेलाई निन्द्रा प्यारो भने झै अल्छी मान्छेलाई काम गर्नको अल्छीले सुतिरहन्छ। अल्छीको कारणले गर्दा हुने काम पनि बिग्रिएर जान्छ। नारीका सबै पक्षलाई लिएर नेपाली उखान सिर्जित भएको छ । यसैले अल्छी नारीसम्बन्धी पनि उखान सर्जित भएको पाइन्छ । जस्तै-

१. काम गर्ने बेलामा सुतेकी, खाने बेलामा उठेकी।

२. अल्छी नारीलाई गाग्ररो पानी नै गंगा हुन्छ।

३. अल्छी बुहारीको छोरा अगुवा।

४. अल्छी गर्ने स्वास्नी बिग्रन्छे, बल्छी खाने माछा बिग्रिन्छ।

## ३.१३ उपसंहार

समाजमा मौखिक परम्पराको रूपमा एक पुस्ता देखि अर्को पुस्तामा हस्तान्तरित हुँदै आएको नेपाली उखान नेपाली जीवनका सुःख, दुःख, आँसु, हाँसो, हर्ष-बिस्मत, असल खराब पक्षको चित्रित भएको पाइन्छ। यस्तै प्रकारले नेपाली उखानमा नारीको विभिन्न पक्षहरूको पनि चित्रण गरिएको पाइन्छ। लोकव्यवहार रहन-सहन,खानपान, नारी जीवनका विभिन्न पक्ष र विभिन्न विषयमा बनेका उखान समाज र समय सापेक्ष उत्पति हुँदै आएको हुन्।

पौराणिक कालमा नारीको स्थान उच्च थियो। नारीहरूलाई देवी, देवताको रूपमा हेरिन्थ्यो तर त्यसपछि पुरूषप्रधान समाजमा नारीहरूलाई दोस्रो स्थानमा राखिएको पाइन्छ। त्यही अनुरूप नेपालीमा हेयाको दृष्टिमा उखानहरूको सृजना भएको पाइन्छ। उखानमा प्रतिबिम्बित लोकविश्वासमा नारीलाई बोक्सी, डाइनी र वेश्या आदिको रूपमा हेरिएको छ। जस्तै- एक डङ्केनी चल्दा, सात धर्ती हल्लिन्छ, बेस्से पतिब्रता काग शुद्ध कसै गरी हुँदैन । बोक्सो र बेस्से पूरूष जातिमा पनि हुन्छन् तर नारीजातिलाई मात्र इङ्गित गर्ने गरेको छ । उखानले पारिवारिक जीवनमा आमाको स्थान महत्त्वूर्ण देखाएको पाइन्छ। बाबु मरे आधा टुहुरो, आमा मरे पूरै, अरूको लाख आमाको काख। आमाबिनाको घर रानु बिनाको मौरी जस्तै हुन्छ । एउटा परिवारमा राम्रो संस्कार, सुरक्षा र न्यानो शीतलता आमाबाट प्राप्त हुन्छ भन्ने कुरा पनि उखानमा व्यक्त भएको पाइन्छ। पारिवारिक पृष्ठभूमिमा सासू-बुहारी, आमा र सौतेली

आमा, छोरी-बुहारी, लोग्ने-स्वास्नी, नन्द-भाउजू, भेना-साली, सौता-सौता, सौता-झड्केला आदिको बीचमा हुने हासखेस, झगडा, मेलमिलाप, भेदभवको सम्बन्ध, धारणा, चिन्तन नेपाली उखानले यथार्थ रूपमा प्रतिबिम्बित भएको पाइन्छ। नेपाली समाजमा प्रचलित नारीसम्बम्धी भएका प्रथामा सती प्रथा, कमारा-कमारी प्रथा र बुहविवहा प्रथा आदिलाई पनि उखानले अंगालेको पाइन्छ। सती प्रथामा जिउँदै जल्नु, नारी बाँझी हुँदा आफ्नो लोग्नेले अर्को विवहा गर्नु, नारीलाई कुमारी हमारी तुमहारी भन्दै निम्न विचार ल्याउने कुरा उखानमा व्यक्त भएको पाइन्छ। नेपाली उखानमा प्रतिबिम्बित नारीका विभिन्न पक्षमा नारीका रंगरूप, बानी व्यवहार, नारीप्रति अविश्वास, नारी नारीमा हुने बिभेद आदि कुरा पनि उखानले व्यक्त गरेको छ। नेपाली उखानमा नारीका विभिन्न पक्षहरूमाथि धेरै उखानहरू पाइन्छन्। ती उखानमा नारी जातिलाई हेय दृष्टिले हेर्ने, तुच्छ र कमजोर मान्ने तर आमाको रूपमा भने ममतामयी रूपमा हेर्ने गरिएको भेटिन्छ।

# चौथो अध्याय

## उखानमा नारीजीवनको प्रतिकृति

समाजमा मानिसहरूले देखे-भोगेका र अनुभव गरेका कुराहरूलाई उखानको माध्यमद्वारा व्यक्त गर्ने गर्छन् । उखानकै माध्यमद्वारा समाजका सबै पक्ष जस्तै आर्थिक, सामाजिक, राजीतिक आदि पक्षका बारेमा जान्न सकिन्छ । मूलत: नेपाली जीवन कृषिव्यवसायमा आधारित छ । *मानु खाएर मुरी उब्जाउने, बेलामा अन्न बाली नलाए बोट न बिरूवा, नौं मुरी तोरी खोजेर कहाँ पाइन्छ र?*, भा न्से *बिग्रे एक छाक, किसान बिग्रे एक साल* जस्ता उखानले नै यस कुरोलाई चरितार्थ पार्दछन्। यसरी उखानले नेपाली जीवनको कृषि अवस्थालाई प्रतिबिम्बित गरेको छ ।

नेपाली समाजमा *जहाँ स्त्री उही श्री*भन्दै नारी जीवनको महिमालाई पनि बढाएको छ। स्त्रीकै माध्यमद्वारा घरमा 'श्री' को प्रवेश हुन्छ भन्ने उक्तिले नारी जीवनको महत्त्वलाई स्विकारेको छ।[52]

तर कति नेपाली उखानहरूले छोरीजातिलाई धिकारेका पनि छन् । जस्तै-

१. छोरी पाएर घर रित्तो, ढोर बालेर चुलो रित्तो ।

२. छोरी भनेको अर्काको नासो ।

३. चेलीलाई माइतीको खरानीले पनि पुग्दैन ।

[52] राधा शर्मा, पूववत्, पृ. ४५

४. पाकेको भात र बढेकी छोरी नराखू ।

यस्ता उखानहरूले छोरीचेलीको स्थान र छोरी सन्तानप्रतिको संकुचित दृष्टिकोणलाई दर्शाउँछन्। पहिले पहिलेको नेपाली समाजमा छोरीचेलीको स्वतन्त्र अस्तित्व नभएको, समाजमा छोरीलाई हेयको दृष्टिले हेरिनाले नारी जीवनको परिधिलाई खुम्चाएर राखेको *थियो। पाकेको भात र बढेकी छोरी नराखु* भन्ने उखानले बढेकी छोरी घरमा राखु हुँदैन, पछि गएर छोरीले नाक काट्छे भन्ने सोच राखिएको पाइन्छ । ढिलै होस्, छोरै होस् भन्ने उखानमा पनि छोरीको जन्मलाई नै निषेध गरिएको भान हुन्छ। समाजमा छोरीको केही पनि (अस्तित्व) भार नभएको साथै छोराको तुलनामा छोरीको अस्तित्व नरहेको संकेत नेपली उखानहरूबाट पाइन्छ ।

नेपाली समाजमा तीज पर्व धुमधाम रूपले मनाइन्छ। तीज नारी समूहद्वारा मनाउने पर्व हो। विवाहित नारीहरूले आफ्नो पतिको दीर्घायु र सुस्वास्थ्यको निम्ति व्रत बस्ने गर्छ भने विवहा नभएका नारीहरूले राम्रो गुण भएको पति पाउन् भनी तीजको व्रत बस्ने गर्छन् ।[53] रातो सारी हरियो चुरा लगाएर तीजको गीत गाउँदै नाच्ने गर्छन् । नारीहरूको मनमा भएका दु:ख-सु:खका कुराहरू बिर्सिएर समूहमा हासखेल गर्नेग र्छन् । कोही बेला तीज पर्व माइतीसंग मनाउन पाइएन भने ससूरालीमा बसेर चेलीहरूले माइती सम्झने गर्छन् । यसैले नेपाली उखानले यस्ता कुरालाई पनि व्यक्त गरेको पाइन्छ। तीजमा नारी समूह एकआपसमा मिलेर मीठोमसीनो कुराहरू खाने गर्छन् । यसैले *तीजको कुरा गरे खाए जस्तो लाग्छ* भन्ने कुरा उखानमा व्यक्त भएको पाइन्छ ।

बिवाह भएर टाढा गएकी नारीले दशैंको बेलामा आफ्नो माइतीघर सम्झिँदै *टीकाको साइत म जान्छु माइती* भन्दै मनको बिलौना उखानमा व्यक्त गर्ने गर्छन् । नारीले आफ्नो बाल्यअवस्था आफ्ना आमाबाबु, दाजूभाइ, दिदीबहिनीसंग बिताएका हुन्छन् । यसैले विवहा हुँदा *जन्मघर छाडी, कर्मघर लाग्नु* जस्ता उखानले नारीको बिलौनालाई व्यक्त गरेको छ । *स्वास्नीको शृगार लोग्ने* यसमा आफ्नो

[53] श्रीमति देवीका खड्कासँगको २५.११.२०१६मा लिएको अन्तर्वार्ताबाट प्राप्त जानकारी

पतिलाई परमेश्वर मान्नु पर्ने, लोग्ने हुञ्जेलसम्म मात्र स्वास्नीको अस्तित्व रहने हुनाले नारीको जीवनलाई पराश्रित बनाइएको छ।

कुनै पनि समाजमा आफ्नै किसिमको परम्परा, विश्वास, मान्यता, धारणा र आस्था रहेको हुन्छ । लोकजीवनमा भगवानप्रति विश्वास, धामीझाक्री, बोक्सी-डाइनी, भूतप्रेत आदिमाथि लोकविश्वास राख्दै आएको पाइन्छ । अहिले आएर यस्ता विश्वासलाई अन्धाविश्वास भन्ने गरे तापनि नेपाली समाजमा कतै न कतै यसप्रतिको विश्वास अहिले पनि जीवित रहेको छ । बेलुकीको धाममा नानीलाई रूवाउनु हुँदैन, बिमार हुँदा झारफूक गर्नु, साँझमा कसिङ्गर बाहिर नफाल्नु, घरभित्र नङ नकाट्नु, कुचो नटेक्नु इत्यादि जस्ता कुरामा विश्वास रहेको पाइन्छ । नेपाली लोकजीवनमा प्रचलित कतिपय उखान-तुक्काहरू भूतप्रेत आदिका प्रभावले अतिरञ्जित देखिन्छन् । यसैले लोक समुदायले यस्ता कुरालाई शक्तिशाली तत्त्वको रूपमा विश्वास गरेको हुँदा नै बोक्सी-डाइनीले गरेको दृष्ट कार्यसम्बन्धी लोकजीवनमा धेरै उखानहरू प्रचलित छन्।

नेपाली उखानमा नारीप्रति विभिन्न प्रकारका लोकविश्वासहरू व्यक्त हुँदै आएका छन। नारीहरूलाई बोक्सी र डाइनीको रूपमा हेर्ने लोकविश्वास समाजमा पहिलादेखि रहिआएको छ। अहिले पनि कतिपय ठाउँहरूमा बोक्सी र डाइनीप्रति लोकविश्वास बाँकचेकै छ । यसैले नेपाली उखानले नारीहरूलाई बोक्सी र डाइनी भनी दृष्टकारिणी स्त्रीको रूपमा व्यक्त गर्दै आएको छ । जस्तै- *भ्रममा पर्नु भुतको सवारी, शङ्कामा पर्नु बोक्सीको सवारी, एक डङ्किनी चल्दा सात धर्ती हल्लिन्छ, कलजिब्रे आइमाई डाहिनी हुन्छे, बोक्सीले पनि दस घर पर गएर मात्रै भेद गर्छे* भन्दै नेपाली उखानले नारीहरूलाई दुष्टकारी स्त्रीको रूपमा देखाएको छ । बोक्सीको पुरूषवाचक शब्द बोक्सो हो । तर बोक्सो शब्द लगाएर अहिलेसम्म कुनै पनि उखानको सिर्जना भएको छैन । समाजमा स्त्री जातिलाई मात्र इङ्गित गरेर उखानको निर्माण भएको पाइन्छ । *जो होचो उसैको मुखमा धोचो* भने जस्तै नारी जातिलाई मात्र इङ्गित गरेर उखानको सृर्जना गर्नु नारीप्रतिको कुभावना र शोषण हो ।

समाजमा वेश्या नारी जाति मात्र हुदैनन् पुरूष जाति पनि वेश्या हुन्छन् तर समाजमा नारीलाई मात्र इङ्गित गरेर उखान बनाएको पाइन्छ । बेस्से स्वास्नीको प्रेम र पुतलीको तङ्ग यी धेरै दिन टिक्दैन । एउटी बेस्से नारीलाई पुतलीको तङ्गसंग तुलना गरिएको छ । बेस्से नारीको विश्वास गर्नु हुँदैन किनभने बेस्से नारीको हजार पोइ हुन्छ भन्दै नारीको चरित्रलाई उदाङ्गो पारेको छ । नारीप्रति अपशब्दहरू पनि प्रयोग गरिएको छ, जस्तै, बेस्सेकोकन्डो, जो पैसा दिन्छ उसैको बन्दो । बेस्से नारी पैसाको निम्ति जे पनि गर्न सक्छ भन्ने कुरा यस उखानमा व्यक्त भएको छ । *बेस्सेको डेरा सम्झनु त्यसलाई डाकुको घेरा, बेस्सेले खाएको धन, भैसीले खाएको वन जस्ता उखानमा* बेस्सेको कुरूप चरित्रलाई देखाअएको छ ।

हिन्दू समाजमा विभिन्न प्रकारका प्रथा प्रचलन थिए अनि छन् । जस्तै, सतीप्रथा, बहुविवहा प्रथा, कमाराकमारीप्रथा, देवदासी प्रथा इत्यादि । अहिले भने यस्ता प्रथाहरू निर्मूल भएको पाइन्छ, तर पनि समाजमा कतै न कतै अप्रत्यक्ष रूपमा कमाराकमारी यथावत् कायमै छ । यस्ता कुरा उखानमा पनि व्यक्त भएको पाइन्छ । जस्तै- *तीन पैसाकी कमारीलाई छ पैसाको गुनिउँ, कमारीको मोल, सिन्कीको झोल, कमारी तुम्हारी, हमारी तयारी* । कुमारीहरूलाई निम्न स्थानमा राखिएको पाइन्छ । कुमारीहरूलाई कुमारीकै रूपमा राख्नु पर्छ भन्ने सामाजिक सोच अद्यावधि छँदैछ । कुमारीलाई पूरा काम लगाउनु पर्छ, जसरी सिन्की झोलको लागि खाने गरिन्छ । त्यसरी नै कुमारीको मोल खानु पर्छ भन्ने कुरा व्यक्त भएको छ । कुमारीहरूलाई जे गर्दा पनि हुन्छ, किनभने कुमारी सबैको हो भन्ने जनभावना छ ।

यस्ता प्रथाहरू नारी दमन र शोषणको उदाहरण हो । दम्पति जीवनमा सन्तान नहुँदा लोग्ने मान्छेले अर्की स्वास्नी ल्याउने चलन पहिलेदेखि चल्दै आएको पाइन्छ। परिवारमा सौता–सौता भएपछि लोग्नेले कान्छीलाई बेसी माया गर्ने, जेठीलाई अलग गर्ने प्रवृतिले परिवारमा झगडा उत्पन्न हुने सम्भावना हुन्छ ।ऋण *नलागे जमानी बस्नु, घरमा झगडा नभए कान्छी*

*ल्याउनु* भन्ने उखानले उक्त कुराको अर्थ प्रकट गर्छ। परिवारमा सौता-सौता भएपछि एक अर्कामा राम्रो मिल-मिलाप नहुने,जेठी सौताले कान्छी सौतालाई हेप्ने कुरा पनि व्यक्त भएको छ । जस्तै — *निदाए कि कहाँ हो र? सौता पो तह लाएको त!* भन्ने उखानमा सौतालाई हेप्ने कुरा व्यक्त भएको छ ।

एउटी सौताले झडकेला छोराछोरीलाई हेप्ने गर्छ । आफ्नो धन, जग्गाजमीन झडकेला लाई दिनु पर्छ भन्ने सोच लिएर झडकेला छोराछोरीप्रति यस्ता कुव्यवहार गरिएको हो। यस्ता *सातवटा सौताभन्दा एउटा झड्केलाको पिर* भन्ने भाव पनि उखानमा पाइन्छ । यसले नारी जीवनमा एउटी नारीले अर्की नारीलाई आरिस गर्ने प्रवृतिलाई पनि देखाएको छ।

नारी जीवनमा बुहारीको रूपमा भने एककसिमले दण्डनीय रहेको पाइन्छ । जस्तै- *जुत्ता लाउनु ठुलो, बुहारी ल्याउनु सानो, उठ् बुहारी सास फेर, ढिकी छाड्न साथ जाँतो हेर, आई बुहारी आयो काम, गई बुहारी गयो काम, छोरी कुटेर बुहारी तर्साउनु* जस्ता उखानले बुहारी जीवनको यातनलाई संकेत गरेको छ । सासू र बुहारीको सम्बन्धमा सासूले बुहारीलाई हेप्ने, निम्न नजरमा राख्ने, सासूको हुकूम मान्नु नै पर्ने जस्ता कुरा उखानमा व्यक्त भएका छन्। विश्वको प्राय: समाजमा बिधवा नारीलाई नराम्रो नजरले हेरिएको पाइन्छ । नेपाली समाजमा पनि विधवाप्रति यस्तै प्रकारको सोच राखिएको छ। बिहानै बिधवा नारीलाई देख्यो भने अपसगुण हुन्छ भन्ने लोकविश्वास छ । उखानमा बिधवा नारीलाई आशेको रूपमा चित्रित गरिएको पाइन्छ । जस्तै - *दुखीलाई दिन्छु नभन्नु, बिधवालाई लान्छु नभन्नु, बादलबाट छिरेको धाम, बिधवाको सराप* जस्ता उखानले विधवा जीवनको चित्रण गरेका छन्।

नेपाली उखानमा नारीहरूलाई पशुपक्षीसंग पनि तुलना गरिएको पाइन्छ। कुनै कुनै उखानमा नारीलाई सृष्टिकर्ताको रूपमा हेरिएको छ भने अधिकांश उखानमा तिनै नारीलाई पशुपक्षीको व्यवहार, रंगरूप, बनावट आदिसँग तुलना गरी नारी जातिलाई निम्न रूपमा राखिएको

छ । जस्तै – *राँडीको गहना, काली बिरालोको साल, पोथी बासेको घर केको भर, पोथी बासे केही न केही, पोथी बासेको सुहाउँदैन, भाले बास्नु कहाँ पोथी बास्ने* । समाजमा पोथी बास्यो भने धाटी निमाटेर धुरी कटाउनु पर्छ भन्ने कुरा पनि प्रचलनमा छ । यसरी नारीलाई कुखुराको पोथीसंग तुलना गरेर नारीको स्थान निम्न गेखाइएको छ। नारीमा राम्रो बानी व्यवहार हुनु पर्छ भन्ने कुरा पनि उखानमा व्यक्त भएको पाइन्छ । जस्तै – *घुसघुसे राँडसंग होस् गर्नु पर्छ, आइमाईको चाल दैवले जान्दैन, बानीले पो रानी हुन पाइन्छ* । यस्ता उखानमा नारीको चाल कसैले पनि बुझ्दैन भन्ने कुरा व्यक्त भएको छ। जुन नारी धुसधुसे हुन्छे त्यसको मनमा राम्रो बिचार हुँदैन भन्ने कुराहरू पनि थाहा पाइन्छ।

उखानमा लिङ्गभेदको आधारमा नारी जीवनलाई हेर्दा नारीहरूलाई खुम्चाएर राखिएको पनि पाइन्छ । जस्तै - *घर खानु छोरीले, देश खानु छोराले, छोरी गए आधा काम, छोरा गए पूरा काम, छोरालाई काख, छोरीलाई पाखा* इत्यादि । यस्ता उखानहरूले नारी जीवनलाई छोराका तुलानामा तुच्छ र छोरीमाथि विश्वास नभएको पाइन्छ।

परिवारिक पृष्ठभूमिमा नारीजीवनमा आमाको रूप महत्त्वपूर्ण रहेको हुन्छ । आमाको माया, स्नेह, त्याग र ममतामयी रूपमा सन्तानले जुन शीतलता प्राप्त गर्छन् त्यो कुरा उखानमा व्यक्त भएको पाइन्छ । जस्तै- *अरूको लाख, आमाको काख, कुटे पनि मारे पनि आफ्नै आमा जाती, अगति भए पनि आमा, फाटेको भए पनि जामा, बाबु मरे आधा टुहुरा, आमा मरे पुरै* । परिवारमा आमाको छत्रछायाम छोराछोरी सप्रेका हुन्छन् । यसैले आमाको रूपमा नारी श्रद्धेया छिन् । यस्तै प्रकारले पारिवारिक सन्दर्भमा भेना र सालीको सम्बन्धलाई पनि नेपली उखानले देखाएको छ । भेना र साली खेलठठ्टा गर्ने गर्छन् । तर दिदी हुँदाहुँदै पनि कति सालीहरू दिदीको सौता हुन पुगेकी कुरा समाजमा देखिन्छ । नारी जीवनको स्वास्नीको रूपलाई दु:खदानीय मानिन्छ। यस्तै कुरा नेपाली उखानले देखाएको छ । जस्तै – *गाई मर्ने अभागी, स्वास्नी मर्ने भाग्यमानी, आफूले बिराउँछ, स्वास्नीलाई पिटाउँछ, दाएको गोरू र सधाएकी स्वास्नी काम लाग्छ, कुन्तको बुहारी अझ*

*छोरी पाएकी, झगडे स्वास्नी, काउसोको माला* । नेपाली समाजमा गाईलाई आमाको रूप दिएको पाइन्छ । यदि गाई मरी हाल्यो भने चामल र भेटी राखेर बत्ती बालेर गाईलाई गाडने चलन छ।[54] स्वास्नीको मृत्युपछि लोग्नेले कान्छीस्वास्नी ल्याउने गर्छन् । यसैले स्वास्नी मर्ने भाग्यमानी भनिएको हो । कतिपय समाजमा अरूले काम बिगारेर स्वास्नीलाई दोष लगाउँछ। यही अनुरूप आफूले बिराउँछ, स्वास्नीलाई पिटाउँछ भन्ने उखानको प्रयोग भएको हो । गोरूलाई राम्रोसंगले काममा लाउनको निम्ति सधाउने गरिन्छ । यसैले सधाएको नारी मात्र काम लाग्छ भन्ने कुरा पनि पाइन्छ । जसरी आफ्नो घरमा नसधाएकी छोरीलाई सासूले सधाउँछ भन्ने गरिन्छ । उक्त उखानहरूले नारीहरू अर्काको भरमा बस्नु पर्ने, आफ्नो स्वनिर्णय नभएको कुरा उखानमा व्यक्त भएको छ।

विश्वको प्राय: समाजमा नारीलाई भोग्या सम्झने, नारीलाई दमन र शोषण गर्ने प्रवृति मात्र देखिन्छन् । जस्तै-

१. औरत पाव की जुती है हिन्दी उखान ।[55]

२. Who has daughter is always a shepherd. (Sinhala proverbs)

3. A woman and invalid man are the same thing (African proverbs)

4. Women are the public vehicles, you miss one and you get another one (African proverbs)

5. Women have no soul (American proverbs)[56]

उक्त उखानहरूमा नारीलाई हेयको दृष्टिमा राख्ने, नारीप्रति अविश्वासगर्ने गरेको पाइन्छ। तर समय र शिक्षाको विकाससंगै यस्ता सोचहरूमा परिवर्तन हुँदै आइरहेको छ । यस प्रसंङ्गमा नेपाली उखानमा वर्णित नारीको स्थितिलाई पनि मूल्याङ्कन गर्न सकिन्छ । श्रुतिपरम्परामा आश्रित

---

54 श्रमति देवीका खड्कासँग दिनाङ्क २५.११.२०१६मा लिएको अन्तर्वार्ताबाट प्राप्त जानकारी

55 राधा शर्मा,पूर्ववत्, पृ. ५१

56 पूर्ववत्, पृ. ५१

हुँदै आएका नारीसम्बन्धी उखानहरू अहिलेको परिवेशमा सार्वजनिक रूपमा स्वीकार्य गर्न सकिँदैन। तर बोलचालको रूपमा भने लोक समूदायले यस्ता उखानहरू प्रयोग गरिरहेको पाइन्छ। घरपरिवार बिग्रनु वा सप्रिनु नारीको हातमा हुन्छ । परिवारको चालचलन नारीको चरित्रले देखाएको हुन्छ । नारीसन्बन्धी यिनै तथ्यहरूलाई नेपाली उखानले व्यक्त गरेको छ।

# पाँचौ अध्याय

# उपसंहार तथा समष्टि निष्कर्ष

## ५. शोधकार्यको निष्कर्ष

यस अन्तिम अथवा पाँचौ अध्यायमा शोधकार्यका अध्यायगत उपसंहारका साथ समष्टिमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

### *५.१ अध्यायगत उपसंहार*

*नेपाली उखानमा नारी* शीर्षकको प्रस्तुत लघुशोधप्रबन्ध जम्मा पाँच अध्यायमा प्रस्तुत गरिएको छ र प्रत्येक अध्यायमा प्रस्तुत गरिएको तथ्य विश्लेषणको सारांशलाई यहाँ प्रस्तुत गरिएको छ।

पहिलो अध्यायमा प्रस्तुत लघुशोधप्रबन्धको शोध परिचय रहेको छ । यसअन्तर्गत शोधशीर्षकको प्रस्तुति र शोधक्षेत्रको परिचय संक्षेपमा प्रस्तुत गरिअको छ।यस लघुशोधप्रबन्धमा नेपाली उखानले नारी जीवनलाई कसरी हेरिएको छ भन्ने समस्याका साथ चारवटा प्राज्ञिक प्रश्नहरूलाई अघि सारिएको छ - (क) लोकसाहित्यको सन्दर्भमा उखानलाई हेर्ने सैद्धान्तिक आधार के हो ? (ख) नेपाली उखानमा नारीलाई कुन दृष्टिकोणले हेरिएको छ र नेपाली उखानले नारीलाई कस्तो स्थानमा राखेको छ ? (ग) नेपाली उखानमा नारी जीवनको कस्ता-कस्ता पक्षलाई समेटिएको छन् ? (घ) निचोडमा नेपाली उखानसम्बद्ध नारी जीवनको प्रतिकृति के हुन सक्ला ?

यिनै प्रागिक समस्याहरूको समाधानार्थ निष्कर्षसम्म पुग्नका लागि त्यससम्बन्धी शोधका निम्नलिखित उद्देश्यहरूमा प्रस्तुत शोधकार्य केन्द्रित छ, ती हुन्- (क) लोकसाहित्यसँग सन्दर्भित सैद्धान्तिक आधारमा उखानलाई एक अलग उपबिधाका रूपमा हेर्नु, (ख) नेपाली उखानमा नारीलाई कुन दृष्टिकोणले हेरिएको छ र नेपाली उखानमा नारीको कस्तो स्थान रहेको छ भन्ने तथ्यमाथि प्रकाश पार्नु, (ग) नेपाली उखानमा नारी जीवनका कस्ता-कस्ता पक्षहरूलाई समेटिएको छन् भन्ने विषयमाथि विशेष अध्ययन गरी निष्कर्षमा पुग्नु र (घ) निचोडमा नेपाली उखानसम्बद्ध नारी जीवनको प्रतिकृतिको निर्धारण गर्नु ।

माथि उल्लिखि`चारवटा उद्देश्यहरूको माध्यमबाट निष्कर्ष प्राप्तिका लागि शोधसँग सम्बद्ध प्रकाशित पुस्तकहरू, पत्रपत्रिकामा प्रकाशित लेखहरू तथा विद्यूतीय स्रोतबाट प्राप्त सामग्रीहरूलाई मूल आधार बनाइएको छ । सामग्री सङ्कलनविधि अन्तर्गत मूख्यत: प्राथमिक सामग्रीस्रोत, द्वतीय समाग्रीस्रोत र विद्यूतीय (सञ्चार माध्यम) समाग्रीस्रोतलाई प्रयोग गरिएको छ। प्राथमिक सामग्रीस्रोतअन्तर्गत स्रोत व्यक्तिसँगको भेटवार्ता तथा अन्तरवार्ताबाट प्राप्त जानकारीका आधारमा सामग्री सङ्कलन गरिएको छ । द्वितीय सामग्रीस्रोतअन्तर्गत उखानसम्बन्धी पुस्तकहरूबाट आवश्यक सामग्रीको सदुपयोग गरी प्रस्तुत लधुशोधप्रबन्ध तयार पारिएको छ । यसै गरी विद्यूतीय सामग्रीस्रोतअन्तर्गत विभिन्न वेभ (web) बाट प्राप्त उखानसम्बन्धी सामग्रीहरू ग्रहण गरी लधुशोधप्रबन्धमा आवश्यकताअनुसार संयोजित गरिएको छ । शोधकार्यको पूर्वकार्यको समीक्षामा उखानसम्बन्धी विभिन्न पुस्तकहरू एवम् पत्र-पत्रिकामा प्रकाशित लेखहरूको समीक्षा गरिएको छ । परिशिष्टअन्तर्गत नारीसम्बन्धी उखानहरूलाई वर्णानुक्रमा राखिएको छ साथै तस्बीरहरूलाई पनि राखिएको छ । अन्तमा प्रस्तुत लधुशोधप्रबन्धमा प्रयुक्त सामग्रीहरूलाई सन्दर्भसूचिमा वर्णानुक्रम अनुसार राखिएको छ।

दोस्रो अध्यायमा शोधशीर्षमा विशेष केन्द्रित रही उखानको सैद्धान्तिक आधारमा उखानको परिचय, परिभाषा, तत्त्व, विशेषतामाथि चर्चा गर्दै उखानके वर्गीकरणसमेत गरिएको छ। नेपाली उखानको वर्गीकरण मुख्य दुई आधारमा गरिएका छन् जस्तै- संरचनागत आधार र विषयगत आधार। लघुशोधमा नेपाली उखानको भाषिक विशेषता र महत्त्व अनि नेपाली उखानको परम्परासम्बन्धी सकेसम्म गम्भीर चर्चा गरी उपसंहार प्रस्तुत गरिएको छ ।

तेस्रो अध्यायमा नेपाली उखानमा नारीका विभिन्न पक्षहरूमाखि अध्ययन गरिएको छ। जस्तै- लोकविश्वास र नारीसम्बन्धी उखान, पारिवारिक पृष्ठभूमिम नारीको स्थिति, प्रथा प्रचलन र नारीसम्बन्धी उखान, रंगरूप र बानीसम्बन्धी उखान, बाँझीसम्बन्धी उखान, नारीका अविश्वाससम्बन्धी उखान, नारीका बिलौना र बैंससम्बन्धी उखानजस्ता पक्षमाथि अध्ययन गरी उपसंहार प्रस्तुत गरिएको छ।

चौथो अध्याय *नेपाली उखानमा नारी जीवनको प्रतिकृति* शीषर्कमा केन्द्रित छ । यस अध्यायमा उखानले नारीका कस्ता कस्ता प्रतिकृति देखाएको छ त्यसमाथि चर्चा गरिएको छ।

पाँचौ अध्यायमा अध्यायगत सांराश र निष्कर्ष गरी दुई उपशीर्षकमा शोधका सम्पूर्ण निचोड प्रस्तुत छ।

## ५.२ समष्टि निष्कर्ष

पौराणिक कालमा नारीको स्थान उच्च रहेको थियो । *यत्र पुज्यन्ते नारी रमन्ते तत्र देवता* अर्थात् जहाँ नारीको पूजा हुन्छ, त्यहा देवता पनि रमाउँछन् । देवीले महिषासुरको बध गरेको कथा हिन्दू धर्मग्रन्थमा उल्लेख छ । नारीहरूलाई देवीको रूपमा हेरिन्थ्यो । मूलत: नेपाली समाज पुरूषप्रधान समाज हो । नारी र पुरूष एकै हो भनेर भन्छन् तर पनि समाजका कतिपय वर्गमा नारी र पुरूषको अलग सत्ता र स्वर रहेको पाइन्छ । एकातिर

नारी नभई नहुने, अर्कोतिर नारीहरूलाई शोषण पनि गर्ने चलन कायम राख्ने सोच हजारौं बर्ष पुरानो हो । नारी जीवनको परिधि घर-परिवारमा नै सीमित हुन्थ्यो । घर परिवारलाई टेवा दिनको निम्ति पुरूषहरू बाहिर गएर कमाएर ल्याउँथे । नारीहरूले घरमा बसेर घर परिवारलाई हेर्ने गर्थे । शिक्षा आर्जनको लागि पनि पुरूषहरूले मात्र अवसर पाउँथे । *नारीहरू पढे भने बोक्सी हुन्छ* भन्ने सामाजिक सोच थियो । नारी जीवनलाई खुम्च्याएर पराश्रित रूपमा चिनाउने समाजमा नारीको जीवन दु:खदायी र धिकारपूर्ण रहेको थियो । नारीहरूलाई दासीको रूपमा हेरिने र यौन उपभोग्याको लागि मात्र व्यवहार गरिनाले नारीको भूमिका संधै उस्ता-उस्तै रहदै आएको हो । एउटा परिवारमा छोरी जन्मन्दा आनन्ददायी हुन्थ्यो भने अर्को परिवारमा *छोरीको जन्म हारेको कर्म* हुन्थ्यो । नेपाली समाजमा छोराप्रतिको लगाम धेरै देखिन्छ । *छोरा जन्मे खसी, छोरी जन्मे फर्सी* भने झै छोराको आगमनमा खसी खुवाउने तर छोरीको जन्मलाई हेयाको दृष्टिले हेरिने हँदा छोरी जन्मे फर्सी खुवाउने भनिएको हो । यसैले नारीसम्बन्धी तिनै विचार वा सामाजिक मान्यतालाई नेपाली उखानहरूमा व्यक्त गरिएको छ । पुरूषप्रधान संस्कृति र समाजमा नारीहरू विस्तारै बोल्नु पर्ने, नरम हुनु पर्ने, जेजसो गरे पनि सहनु पर्ने, *लोग्नेको शृङ्गार स्वास्नी* भन्ने परम्पराले नारीहरूलाई दबाएको थियो । नारीलाई संधै पुरूषले आफ्नो नजरको नियन्त्रणमा राखी स्वतन्त्रताबाट बञ्चित गर्ने, बहुविवहालाई प्रोप्साह दिने तर नारी भने एक पतिव्रता नै रहनु पर्ने, घर बिगार्ने काम नारीबाट नै हुने, नारीहरू बुद्धिहीन हुने, उनीहरूलाई कामबिना बस्न नदिने, छोरीलाई पराजय र छोरालाई बिजयका रूपमा व्याख्या गरी छोरीको जीवनलाई लाञ्छित गरी हारेको कर्मका रूपमा व्याख्या गर्ने जस्ता गलत प्रवृत्त र आशय भएका उखानहरूले समाजमा नारीप्रति निम्न सोच राखेको पाइन्छ। यसैले यस्ता कुराहरूलाई नेपाली उखानले खुलस्त रूपमा देखाएका छन्। जस्तै-

१. आफूले बिराउँछ, स्वास्नीलाई पिटाउँछ।

२. चेली भन्थी माइती माइती, माइती भन्थे किन आएथी।

३. केटी हेर्नु सयतिर, विवहा हेर्नु एकतिर।

४. झगडालु स्वास्नी काउलको माला।

५. पराईकी छोरी कहिले आफ्नो हुन्न।

६. अल्छी गर्ने स्वास्नी बिग्रन्छे, बल्छी खाने माछा बिग्रन्छ।

७. जुत्ता ठूलो हेर्नु, बुहारी सानो हेर्नु।

८. घर बनायो खाँबालाई, स्वास्नी ल्यायो आमालाई।

उक्त उखानहरूले नारीको स्वतन्त्रता माथि बन्देज लगाउने, उनीहरूले नयाँ आँट र सहज देखाउन नहुने, नारीहरू सुसारे र सहयोगी हुन सक्ने तर भरपर्दा साथी हुन नसक्ने, नारीले लोग्नेलाई सर्वस्व र आफू चाहिँ लोग्नेको शृङ्गार सम्झनु पर्ने, चरित्रहीनताको सम्भावना नारीमा बढी हुने, नारीका चरित्रबारे मानिसले मात्र होइन देवताले पनि नबुझ्ने जस्ता कुराले नारीप्रतिको सामाजिक सोचलाई प्रकट गरेका छन् ।यी उखानहरूले समाजमा नारीका स्थानलाई छर्लङ्ग रूपमा देखाएका छन् । परम्परागत रूपमा चलिआएको मान्यता र विचारलाई मुखरित गर्ने यस्ता उखानहरूले छोरीप्रतिको संकुचित दृष्टिकोणलाई दर्शाएको *छ/ ढिलै होस्, छोरै होस्* भन्ने कथनमा छोराको आशा गर्दै छेरीको जन्मलाई निषेध गरेको भान हुन्छ । पहिले पहिले नेपाली समाजमा *छोरालाई काख, छोरीलाई पाखा* गर्ने चलन थियो । शिक्षा आर्जनका निम्ति पनि छोरालाई राम्रो राम्रो प्राइभेट स्कुलमा पढाउने, छोरीलाई गाउँको सरकारी स्कुलमा पढाउने चलन थियो । त्यस समयमा *छोरी पाली अर्कालाई* भन्ने सोचले पनि नेपाली समाज ग्रस्त थियो।

नारी जीवनमा छोरीको रूप निन्दनीय रहेको छ तर बुहारीको रूपमा भने कुरूप देखाएको छ । नेपाली समाजमा सासू-बुहारीको सम्बन्धलाई नराम्रो नजरले हेरिएको पाइन्छ। *उठ् बुहारी सार फेर, ढिकी छाड्नसाथ जाँतो हेर, घरभरि मकै बुहारी भने भौकै, हेलाकी बुहारी पाहुनासंग सुत* भन्ने कथनमा सासूले बुहारीलाई निम्न सोच राखेर हेप्ने प्रवृति झल्काएको छ। सासूले बुहारीलाई हेप्ने, छोरा र बुहारीको बीचमा कलङ्क पैदा गराउने तथ्य पनि भेटिन्छ । तर समयको परिवर्तनसंगै बुहारीहरू पनि सासूसंग काँधमा काँध मिलाएर सासूको भनाईलाई विद्रोह गरेको पाइन्छ । *आफ्नो बानी के छोड्ने, आर्काको बानी के ल्याउने* भन्दै सासूको आज्ञा पालन नगरेको तथ्य पाइन्छ । *छोरीको जात हुँदैन* भन्ने उखानमा छोरीको जात विवहा भएर जाने जात हो भनेर संकेत गरिएको छ । छोरीको जात विवहा गरेर गए पछि अर्को जातको हुन्छे भन्ने सोच लिएर यस्ता उखानहरू सृजना भएका छन्। *छोरी पाले ज्याईलाई, ढोड बाले अगेनालाई* भन्ने उखानमा छोरीको जातलाई धिकार मानेको पाइन्छ । छोरी पालेर घरपरिवारमा केहि पनि टेवा पुग्दैन भन्ने यस उखानको आशय हो । जसरी ढोड बाल्दा एकै छिन मात्र बलेर अगेनामा खरानी मात्र हुन्छ। *बढेकी छोरी घरमा राखु हुँदैन* भन्ने उखान नेपाली समाजमा पाइन्थ्यो । छोरी बढेपछि घरपरिवारको नाक काटिन्छ भन्ने सोच पाइन्छ । छोरी विवहा गरेर अर्काको घरमा गएपछि बुहारीको रूपमा परिवर्तन हुन्छे। यसैले *नौली बुहारी नौपल्ट गाँस, पुरानो भएपछि जगल्टाको नाश, बुहारीलाई छोरीसम्म गरे पनि बुहारी बुहारी नै हो* । यस्ता उखानमा नारी जीवनको कारूणिक पक्षको उद्घाटन भएको छ । *एँचेरू बालून न छोरीले पालून, छोरी गए आधा काम, छोरा गए पुरा काम*। यस्ता उखानमा छोरीप्रति अविश्वास रहेको पाइन्छ । पुरूषप्रधान समाजमा नारीलाई निम्न रूपमा हेर्ने, वंशापरम्परा छोराबाट मात्र हुने जस्ता सोच कायम छ । छोरीको जन्मदेखि नै परतन्त्र भएर बाँच्नु पर्ने, नारी जीवनको पराधिनता र मानसिक यातनालाई

उखानहरूले दर्शाएका छन् । यसबाहेक पनि रखेल राख्ने चरित्र, वेश्यावृति, शारीरिक यातनाजस्ता यथार्थहरू पनि उखानमा व्यक्त भएका छन्। *छोरीले खाएको घर, भैंसीले खाएको वन कहिलै पलाउँदैन*। यस्ता उखानहरूले समाजमा नारीको स्थान नरहेको संकेत गर्दछ। साथै सतीप्रथा जस्तो अधोर अन्याय पनि नारीमाथि प्रहार गरिएको तथ्य पाइछ ।

समाज एउटा परिवर्तनशील संस्था हो । शिक्षाको विकास र समयको परिवर्तनसंगै सबै कुराहरू परिवर्तन भइरहन्छन् । यसैकारण नारीप्रतिको यस्ता उखानहरू पनि परिवर्तन भइरहन्छन्, तरै पनि कतै न कतै उखानमा पाउने यथार्थलाई भने नकार्न सकिंदैन अहिलेका नारीहररू घरमा मात्र सीमित नरहेर देश विदेशमा पुरूषार्थ देखाउने भएका छन् । पहिले पहिले नारीप्रति जुन दृष्टिकोण थियो त्यो अहिले परिवर्तन भइसकेको छ । नेपाली उखानमा नारीका विभिन्न पक्षहरूमध्ये पारिवारिक पृष्ठभूमिमा आमाको स्थान महत्त्वपूर्ण रहेको हुन्छ । आमाको लालन-पालनमा परिवारको सुरक्षा हुन्छ । *बाबुमरे आधा टुहुरो, आमा मरे पुरै, अरूको लाख आमाको काख* जस्ता उखानमा आमाको भूमिका प्रस्तुत गरिएकोछ । आमाको न्यानो माया र ममता पाउने छोराछोरी कहिले पनि बिग्रिँदैन भन्ने लोसविश्वास छ । आमाले जस्तो अरूले माया गरे पनि आमाको जस्तो माया प्राप्त गर्न सक्दैन वा परिवारमा आमाको सुरक्षामा जुन शीतलता अनुभव गरिन्छ त्यो शीतलता अरूबाट पाउन सक्दैन भन्ने कुरा पनि उखानमा व्यक्त भएको छ । परिवारमा नारीको भूमिकाको महत्त्व रहेको हुन्छ *गृहणी बिनाको घर भूतको डेरा* अर्थात जुन घरमा नारीको उपस्थिति हुँदैन त्यो घर भूतको डेरा जस्तै हुन्छ भन्ने कुराको संकेत उखानमा पाइन्छ ।

नेपाली समाजमा अपुताली वा बाँझी स्वास्नीमाथि हेयाको दृष्टिले हेरिने गरिएको छ जस्तै *अपुतालीलाई धन प्यारो*। सन्तान नहुनमा नारीको मात्र दोष हुँदैन तर ढण्डको भागी

भने नारी नै हुन्छे । सन्तान नहुँदा लोग्नेले कान्छी सौता ल्याउने चलन पनि रहिआएको छ । यसैले समाजमा बहुपत्नी प्रथाको चलन रहिआएको छ । परिवारमा सौता सौतामा मेलमिलाप नहुने, एक अर्कामा रीसराग हुने, लोग्नेले कान्छी स्वास्नीलाई बेसी माया गर्ने हुनाले सौता सौतामा झगडा पैदा हुने जस्ता घटनाहरू अझै पनि जीवितै छन् । जेठी स्वास्नीले कान्छी स्वास्नीलाई *निदाएको कहाँ हो र? सौतालाई तह लगाएको पो ता!* भन्दै जेठी सौताले कान्छी सौतालाई तह लगाएको कुरा देखाएको छ । एउटी सौताकी छोराछोरी अर्की सौतालाई गलाको पासो भएको, झडकेला छोराछोरीलाई हेप्ने प्रवृति उखानमा व्यक्त भएको पाइन्छ ।

नेपाली उखानले पनि लिङ्गभेदलाई खुल्स्त रूपमा देखाएको छ । जस्तै- *घर खानु छोरीले, देश खानु छोराले, छोरी पाल्नु कुनामा, छोरा पाल्नु शहरमा* । नारीहरूलाई आश्रित बनाउँदै लैजाने तालिम बाल्यकालदेखि नै परिवारका सदस्यहरूबाट भएको हुन्छ । बाल्यकालको सामाजिक विकासको क्रममा छोरालाई बढी स्वाधीन र व्यवसायी जीवनको महत्त्वबारे सिकाउन-बुझाउनमा जोड दिने गरिन्छ भने छोरीलाई वैवाहिक पारिवारिक जीवनतिर जोड दिने गर्छन्। एउटी नारीलाई कमजोर र हेयाको नजरमा हेर्ने नारी नै हुन्छ । एउटा समाजमा छोरी र बुहारीलाई छुट्टै कानुन र मान्यता बनाउने नारी नै अधाडि देखिन्छ। नन्दा हुँदा भाउँजूसंग, सासू हुँदा बुहारीसंग, सौता हुँदा सौतासंग शत्रुता राख्ने पनि नारी नै हुन्छ।यसैले नेपाली उखानमा *नारीको शत्रु नारी* भनिएको छ । वस्तुतः नेपाली समाज पुरूषप्रधान छ । पुरूषहरू परिवारका हर्ताकर्ता भएर स्वामित्व बहन गर्छन् ।यसो हुँदा स्त्री जाति पुरूषको आश्रित भएर बाच्ने अवधारणा नेपाली समाजमा छ । सोहीअनुरूप नेपाली उखानमा पनि नारीलाई आश्रित र निर्बल रूपमा देखाइएको पाइन्छ।

आजका समयमा नारीहरू परिवारको पृष्ठपोषक हुनका साथै देशका शासकसमेत बनिसकेका छन् । नारीहरू स्वअस्तित्व र स्वतन्त्रताका लागि अधि आइरहेका छन् । पितृसत्तात्मक समाजले थपेका बाधाअडचनलाई पन्स्याउन एवम् नारी उठानका लागि गरिएका जमर्काहरूको सार्थकता पाउँदै आइरहेको छ । आज यस्ता उखानहरू दृष्टान्तको रूपमा मात्र पाइन्छन् । प्रचलन र व्यवहारमा भने पाइँदैन । एकाध यस्ता उखानहरूबाहेक नारी जीवनलाई सकार्ने र उसको महत्त्वलाई स्वीकार्ने उखानहरू पनि पाइन्छ । नारी जीवनलाई विषाद मान्ने, नारी जन्मलाई धिक्कार्ने, नारीलीई परतन्त्रको बोध गराउने जस्ता उखानहरू नै बढी मात्रामा प्रचलित रहेको तथ्यले नेपाली समाजको स्थितिलाई देखाएको छ । अहिले आमाबाबुलाई छोराभन्दा छोरीमाथि विश्वास रहेको छ । *छोरी वा छोरा परिवार स्वर्ग* भन्ने बिचार रहेको छ, तरै पनि कतै न कतै नेपाली उखानमा प्रतिबिम्बित छोरीलाई हेला गर्ने प्रवृति भने महसूस गर्न सकिन्छ । समाज परिवर्तनसंगै नेपाली उखानहरूमा पनि परिवर्तन हुन आवश्यक रहेको हुन्छ । वर्तमान समयमा नारीप्रति यस्ता उखानहरू स्वीकार्य छैनन् यसैले यस्ता स्वीकार्य नभएका उखानहरूलाई जराबाट नै हटाउनु आवश्यक देखिन्छ ।

## परिशिष्ट 'क'

### वर्णानुक्रममा नारीसम्बन्धी नेपाली उखान

**अ.**

अँगारभन्दा काली, दस ठाउँमा टाली, अनुहार न सनुहार पोइ खोज्न थाली।

अगति भए पनि आमा, फाटेको भए पनि जामा।

अगुल्टाले कुकुर नहान्नु, औलाले स्वास्नी नकुट्नु।

अचार के को ? पिनाको, साली कसको ? भिनाको।

अन्धी आमालाई आफ्नो छोरोछोरीको अनुहार के थाहा?

अपुतालीलाई धन प्यारो।

अप्सरा नै भए पनि सौताको नजरमा किचकिन्नी।

अरूको लाख आमाको काख।

अर्काकी स्वास्नी राम्रो देखिन्छ।

अर्की स्वास्नी ल्याई, अपसज कमाई।

अर्की स्वास्नीमाथि सबैले आँखा गाड्छन्।

अर्कोको चोरी, जोरी र छोरीसँग बाच्नु।

अलमल गोत्र अलपत्र, आमा एकै बाबु सत्र।

अल्छी गर्ने स्वास्नी बिग्रन्छे, बल्छी खाने माछा बिग्रन्छ।

अल्छी नारीलाई ग्राग्रोको पानी नै गंङ्गा हुन्छ।

असल सुनलाई पाइन चढाउनु पर्दैन, राम्री स्वास्नीलाई सिर्ग्रानु पर्दैन।

# आ

आइमाईको कोखमा दाँत हुन्छ ।

आइमाईको चाल दैवले जान्दैन ।

आइमाईको शोभा बुलाकी र ढुङ्ग्री, नेताको शोभा लाठी र मुङ्ग्री ।

आइमाईको हात खाली र बाख्राको मुख खाली हुनु हुँदैन ।

आइमाईमा शरम हुनु पर्छ ।

आइमाईलाई चैन र बाख्रालाई मैदान हुँदैन ।

आई बुहारी आयो काम, गई बुहारी गयो काम ।

आई बूढी मच्चिँदै गई बूढी थच्चिँदै ।

आकाशभन्दा ठूलो बाबु हुन्छन्, धर्तीभन्दा ठूली आमा हुन्छिन् ।

आघा खाएकी राँडी कोल जानु न पिना खानु ।

आजकालका कोटी स्टाइलको भारी, टाउकोमा भने डिस्को गर्ने जुम्राको ढाडी ।

आफ्नी आमाले काटेको त अर्काकी आमाले चाटेको ।

आफ्नी आमाको हातको सिस्नु र भात, सानी आमाको दूध र भात ।

आफू बढी गईगई झोपडी घर आगो लगाई ।

आफू भने काली मुखमा दल्छे लाली ।

आफूले बिराउँछ, स्वास्नीलाई पिटाउँछ ।

आफै बोक्सी, आफै धामी ।

आफै राँड, आफै भाँड ।

आमा गुनाको छोरी ।

आमा हुनजेल माइती ।

आमा छोरीको एँचोपैचो, बाबु छोराको लेनदेन ।

आमा बोक्सी, छोरी सुकुमारी।

आमा भए बाबुलाई अरूको दोष किन लाग्थ्यो।

आमाभन्दा छोरी जान्ने।

आमा मरे टुहुरी, बाबु मरे सुरो।

आमाको अघाडी मामाको बयान।

आमाको काखमा बसी मावलीको पुर्खौली।

आमाको दूध चुसेर पुगेन, बाबुको घुँडो चुस्ने।

आमाको दूधको भारा तिर्न सकिँदैन।

आमाको निराश लागे सानीमा, बाबुको लागे काका।

आमाको माया छोराछोरीमाथि, छोराछोरीको मन खरानी माथि।

आमाको माया, बाबुको दया।

आमाको हात, छोरीको मुख।

आमालाई गाली गर्दा चिप्लेर मर्छ।

आमाले दिएको सिस्नुको तिहुन पनि खीरैखीर हुन्छ।

**ई**

ईखालु स्वास्नीको बचन बौलाहा कुकुरको दाँत।

**उ**

उठ् बुहारी सास फेर, ढिकी छाड्नसाथ जाँतो हेर्।

उल्फाको घन फुपुको श्रद्धा।

**ए**

एक डङ्किनी चल्दा सात धर्ती हल्लिन्छ।

एक मानेकी छोरी दुई मानेकी परी, धानचामल देख्दा अत्तालिएर मरी।

एक स्वास्नीको पोइ ब्रम्हचारी, दुई स्वास्नीको पोइ कर्महारी, तीन स्वास्नीको पोइ नर्क पारी।

एक स्वास्नीको पोइ लखपति, दुई स्वास्नीको पोइ कुकुर जाति।

एक्लो घरकी बुहारी बाहिर होस् कि भित्र।

**ओ**

ओठ पनि खोलिएन, हात पनि चलाइन, तैपनि सासूको करकरले मुत्ने ठाउँ नै पाइन।

ओरालो लागेको घाम र पखला लागेको बूढी कतिन्जेल तग्ला।

**क**

कमारी तुम्हारी, हमारी तयारी।

कमारी बनी कमाउनु, रानी बनी खानु।

कमारी र पित्तलको थाल बिटुला हुँदैनन्।

कमारी सौता सानीमा सासु, कहिल्यै सुकेनन् आँखामा आँसु।

कमारीको दुलहा, बनका स्यउला।

कमारीको मोल, सिन्कीको झोल।

कम्मरमा कसेको धन र नजरकी स्वास्नी मात्र काम लाग्छन्।

कर्कलको पातको पानी, बुढीमा आएको जवानी।

कलो जिब्रे आइमाई डाहिनी हुन्छे।

कसैलाई केको धन्दा, राडी बूढीलाई दाउराको धन्दा।

कहाँ जाली नारी, कर्कलको घारी।

कहिले सासूको पालो, कहिले बुहारीको पालो ।

काकाको काम छाडी साली विवहा।

कात्तिकदेखिको तान, सानैदेखि सघाएकी छोरी

कान्छीको खाना, जेठीको दाना।

कान्छीको पाद पनि पियारो, जेठीको वचन नै साह्रो।

कान्छीले पकाएको हो भने गिलो भए पनि मीठै छ।

काम गर्ने बेलामा सुतेकी, त खाने बेलामा उठेकी।

काम पनि नाई माम पनि नाई ।

काम नभएकी बुहारी भित्रबाहिर।

काम पाइनस् बुहारी, गुन्द्रुकमा इस्त्री लगा।

कामिनि त्यही असल हो, जो पराई घर जान्न।

काली आमैको गोरो छोरा ।

काली छु कलचुरी छु आफ्नो पोइको मन पर्दी छु।

काली बूढीको भान्सा मीठो।

काली भए पनि दिलवाली छ।

**कि**

कि रानी होलीस्, कि राँडी होलिस्।

किन चाउरीस् बाहुनी बजै ? लसुनको रागले।

**कु**

कुकुर पाल्यो चितुवालाई, छोरी पाल्यो ज्वाईलाई।

कुकुरको प्यारो पिना, सालीको प्यारो भिना।

कुकुरको सबै मालिक, चेलीको सबै माइती।

कुकुर्नीले पनि छोरा पाएको राम्रो।

कुन्तको बुहारी अझ छोरी पाएकी।

कुन्तको स्वास्नी भटमास खाएकी।

कुमार ग्रह उतार्नेलाई नै स्वास्नी भन्नुपर्छ।

कुल सोधेर छोरी माग्नु, मुल सोधेर पानी खानु।

कुलको बानी र मूलको पानी धमिलो हुँदैन।

कुलो बिनाको खेत, छोरा बिनाको बुहारी।

कुलो भागे समुद्र, छोरी भागी माइत।

कुल्लीलाई भारी, छाडालाई नारी।

**के**

के खोज्छेस् राँड, पोइ ?

केटी बिग्रन्छे सस्तो प्रेमले, केटा बिग्रन्छ रम र रक्सीले।

केटी हेर्नु रूपको।

केटी हेर्नु सयतिर, बिहे गर्नु एकतिर।

केटी हेर्नुभन्दा पहिले केटीको आमा हेर्नु।

केटीको थर नसोध्नु, केटाको घर नसोध्नू।

केश किन काटिस् बुहारी जुम्राको पीरले।

केही काम पाइनस् बुहारी मकैको घोगा खेलाएस्।

**को**

कोई सौतेनी आमा, कोई सानी आमा।

**ख**

खलो अनुसारको कुन्यू, स्वास्नी अनुसारको गुन्यू।

खल्लो पानी, मल्लो झोल खा राँडी सिस्नुको झोल।

खसी काटेर तिहुन भएन, छोरी दिएर ज्वाई भएन।

खाउँ त कर्कली पेट मर्कली, नखाउँ त कर्कली सासू झर्कली।

खानलाई कोदोको पिठो नभएको बेला राडँ चाहिँ नाकमा फूली लाउन खोज्छे।

खानामाथि खानु, सौतामाथि जानु।

खाने छोरीलाई धर कहाँ, गर्ने छोरालाई डर कहाँ।

**खो**

खोजको स्वास्नी मोजको।

खोला बढे बटुवालाई पीर, चेली बढे आमालाई पीर।

**ग**

गन्गने सासूको फन्फने बुहारी।

गरीबको छोरीलाई पिँडालु ताछन लाउनु, धनीको छोरीलाई उखु ताछन लाउनु।

गरीबको स्वास्नी सधैँभरि माग्ने।

गाई पाले भैसी फालिने, छोरी पाले बुहारी फालिने।

गाई मर्ने अभागी, स्वास्नी मर्ने भाग्यमानी।

गाउँभरि तरूनी कता गई परूँ नि।

**गृ**

गृहणीबिनाको घर भूतको डेरा।

**गे**

गेडी न गुडी केलाउँछे बूढी।

**गो**

गोठाल्नीकी नानीले मही पारिन्, मही माग्न जाँदा पोइ पारिन्।

**घ**

घर जाने चेलीको हात कोसेली, माइता जाने चेलीको मुख कोसेली।

घर झगडा चाहिए दुइटी स्वास्नी ल्याउनु, रिन भएन भने जमानी बस्नु।

घर न द्वार, पोइको रहर।

घर नखाएकी छोरी, परदेश नखाएको छोरा।

घर नबनाएको छोरा र सुतकेरी नभएकी स्वास्नी काम लाग्दैन।

घर बनायो खाँबालाई, स्वास्नी ल्यायो आमालाई।

घर बूढीको कचकचभन्दा बाहिरका केटीको सराप मीठो।

घर भित्र्याएकी घरवाली, तुल हालेकी देउता।

घर साँची घरवालीलाई, वन साँची वनरानीलाई।

घरको राडी भएपछि पहुनाले पनि राडी भन्छ।

घरभरि मकै, बुहारी भने भोकै।

घरमा राम्रो तामोकाँसो, रन्डीको राम्रो हाँसो।

घरमा सती बाहिर भने सय पति।

**घि**

घिउचिनि बिनाको दाना, बोक्सीको दाना।

**धु**

घुसघुसे राँडसंग होस् गर्नुपर्छ।

**च**

चर्को भए पनि घाम नै जाती, बोक्सी नै भए पनि आमा नै जाती।

**चे**

चेलीलाई माइतीको खरानीले पनि पुग्दैन।

**चै**

चैतको महीना र बैसको पोइ सबैको प्यारो हुन्छ।

**चो**

चोरको स्वास्नी सुत्न पाउँदिन, रिन खाने स्वास्नी खान पाउँदिन।

चोरेको स्वास्नी र पोलेको मासु स्वादिलो हुन्छ।

**छ**

छन् सब दिदी, सानीमा र फुपू आमा बराबर कोही छैन ।

**छे**

छेउको सियो माझैमा, हिजको बुहारी आजको सासूमा।

छेपारोको पुच्छार जस्तो रेती हुँदैन, कान्छी जस्तो जेठी हुँदैन।

**छो**

छोडेको पोइ र हिँडेको स्वास्नीको नाम कसले लिन्छ।

छोरा चिन्नु आँखाले, छोरी चिन्नु मायाले।

छोरा भए बुहारी कतिकति ?

छोरा सपार्ने काम बाबुको, छोरी सपार्ने काम आमाको।

छोरा हुनु हुपको, छोरी हुन्नु रूपको।

छोराको कमाई खानु छेउमा बसी, पोइको कमाई खानु माझ बसी।

छोरी छोरी नै हो, बुहारी बुहारी नै हो।

छोरी पाएर घर रित्तो, ढोर बालेर चुलो रित्तो।

छोरी पोसी ज्वाईलाई, पोइ पोसी सौतालाई।

छोरी भनेको अर्काको नासो।

छोरी मरी, ज्याई डारा पारी।

छोरालाई काखा, छोरीलाई पाखा।

छोरी माइतीको काडाँ हुन्छे, नन्द आमाजू तीर हुन्छे।

छोरी माग्न आउने, स्वास्नी फकाउने।

छोरीचेलीलाई माइताको कुकुर पनि प्यारो लाग्छ।

छोरीमा सिप र छोरामा उत्साह चाहिन्छ।

छोरीले खाएको घर र भेंडाले खाएको वन कहिल्यै पलाउँदैन।

छोरीले हिर्काएको सुधो ज्वाई, सासू देख्दा पनि तर्सिन्छ।

छोरो कुपुत्र भए पनि आमा कुमाता हुन्न।

**ज**

जन्म घर छोडी माइता घर लाग्नु।

जसले जन्म दिन्छ उसले कर्म पनि दिन्छ।

जसो जसो आमा उसै उसै छोरी।

**जु**

जुत्ता लाउनु ठुलो, बुहारी ल्याउनु सानो।

**जे**

जेठमा मरी सासू भदौमा आयो आँसु।

जेठी बूढीको राम्रो कुरा पनि तीतो, कान्छीको झटारो पनि मिठो।

जेठी माग्छे पानी, कान्छी माग्छे घाम, म एक्लो बुढो कता तिर जाउँ।

जेठीलाई पिँढी, कान्छीलाई सिँढी ।

**जो**

जो काली, उहीँ नखरामाउली।

**झ**

झगडे स्वास्नी, काउसोको माला।

**टी**

टीकाको साइत म जान्छु माइती।

**टु**

टुहुराको दिन फर्कन्छ, राँडीको दिन बित्छ।

**ठ**

ठाउँ न ठहर पोइको रहर।

**ड**

डढेको नाकमा झुमके बुलाकी ।

डबल रोल खेल्ने केटीलाई डाइलक सिकाउनु पर्दैन।

डाडुले पस्केको भात बुहारीले पालेको सासू।

**डो**

डोका न नाम्ला जा राडी पानी ले।

डोरी नछिने बोक्सीले खाँदैन।

**ढ**

ढङ्ग छैन रङ्ग छैन लैजा मेरी छोरी।
ढाके छोरीलाई मखमलको सारी।

### त

तरकारी बिनाको खान, भेना बिनाको साली।

तरूनी बेस्सेको सातवटा पोइ, मर्न बेलामा केहि न केहि।

तरूनीको कान ढुङ्गाले हान।

तरूनीको कान ढुङ्गाले हान।
तरूनीले नपत्याए जारीबाट बाचियो।

### ता

ताइ न तेल पका बढी सेल।
तामाको आरी आमा भइन् थारी।

### ती

तीजका कुरा गरे खाए जस्तो लाग्छ।

तीजमा नलाएको गुनिऊ कहिले लाउनु।

तीन पैसाकी कमारीलाई छ पैसाको गुनिउँ।

तीन बचने सासूको सात बचने बुहारी।

तीर्थ जानु काशी, स्वास्नी ल्याउनु जाँची।

### ते

तेल लगाए लगाउँछन्, नलाए घरमा नै छन् दसवटी।

### थ

थारी आइमाईलाई सुत्केरीको व्यथा थाहा हुँदैन।

**थो**

थोती बूढीलाई भुटेको मकै।

**द**

दाएको गोरू र सधाएकी स्वास्नी काम लाग्छ।

दाल बिगार्ने माड, घर बिगार्ने राँड।

**दि**

दिदी छउन्जेल भिनाजु, त्यसपछि लुनु न दिनु।

**दु**

दुःखको बेलामा स्वास्नी, सुखको बेलामा साथी।

दुइवटी स्वास्नी आफ्नै पोइको तमासे।

दुई जोईको पोइ, कुना पसी रोई।

दुखीलाई दिन्छु नभन्नु, विधवालाई लान्छु नभन्नु।

**दू**

दूध उम्ले अँगेनामा, छोरी उम्ले खडालमा।

**ध**

धर्ममा बसेकी स्वास्नी एउटीकी, पोइला हिँडेकी स्वास्नी सबैकी।

**न**

न माइती जान्छे, न घर बस्छे।

नदिने सासु बुधवार बार्छिन।

नन्दा भाउजू एउटै घरमा पारै मिल्दैन।

नमर्दको भर नपर्नु, राँडीको भोज नखानु।

नमीठो जाडको धेरै निगार, काली नारीको धेर सिङ्गार।

नहुनेकी छोरी हुनेमा परी, नुनको फाको हाली भुसुक्क परी।

**ना**

नानी भनेको छोरो र सानी बुहारी काम लाग्दैन।

नामर्दको शरण नपर्नु,राडीबाट घर नगर्नु।

नामर्दो काँध चढनु, राडीको निम्ति मात्र जानु।

नारी रूपम् पतिव्रता।

नारीको गहना लाज, पुरषको विधा।

नारीको शत्रु नारी।

नारीको समस्या नारीले नै बुझ्छ।

**नि**

निदाएको हो र ? सौता पो तह लाएको त?

**नौ**

नौली दुलहीको नौ पुला गास रहदा बस्दा जगलटाको नास।

**प**

पतिव्रता दौपतिको पाँचजना पोइ।

पतिव्रता नारी, लोग्नेको फेटोमा लात लगाई।

पर कहाँ ? नकचरीको जहाँ।

पराईकी छोरी कहिले आफ्नो हुन्न।

पराधीना रहनु पतिव्रता रहनु एकै जनाको।

पहिले श्री अनि मात्र स्त्री।

पहिले साल लोग्ने बोल्छ स्वास्नी सुन्छे, दोस्रो साल स्वास्नी बेल्छे लोग्ने सुन्छे।

**पा**

पाँच बचनले आमाकी, दस बचने छोरी।

पाकेको बाली हुर्केकी साली।

पाकेको भात र बढेकी छोरी नराखु।

पानीले खाएको खेत, सासूले सधाएकी स्वास्नी।

**पी**

पीर खप्नुभन्दा सती जानु वेस।

**पु**

पैसा कमाउनु तरूनी फकाउनु।

**पो**

पोइ देख्दा माया लाग्छ, बानी देख्दा डर लाग्छ।

पोइ न पोते ।

पोइ पुग्यो टाढा, स्वास्नी छारा।

पोइला जाने राडँको हजार नक्कल।

पोइले हेला गरेको स्वास्नीलाई कुकरले पनि हेप्छ।

पोथी बासे केही न केही।

पोथी बासेको घर के को भर।

पोथी बासेको सुहाउँदैन।

पोहेर मरिन् सासू अहिल आयो आसु।

**फ**

फतफते बुढीको गनगन।

फरिया लाउने जातको विश्वास हुँदैन।

**ब**

बच्चाकी आमा र बूढाकी छिट्टे नमर्नु।

बजेट लिन गएकी सत्तामा डुबेर मरी।

**बा**

बादलको मुखको घाम, राडीको मुखको बेली।

बादलबाट चिरेको घाम बिधुवाको सराप।

बानीले पो रानी हुन पाइन्छ।

बाबु मरे आधा टुहुरा, आमा मरे पुरै टुहुरा।

बाबु र आमाको छहारी छोरा छोरी सर्प्रिंदैन ।

बाहुछोराको हिसापकिताब, आमा छोरीको एचोपैचो।

बाह्ा बर्षमा पोइ आएको, म राडीलाई ज्वरो आएको ।

**बि**

बिनाकुराको हाँसो, बिना ख्यालकी स्वास्नी।

बिनाकुराको हाँसो, बिना लिपपोत नगरेको घर थोत्रो हुन्छ।

**बू**

बूढाको भेद बूढीले थाहा पाउँछे।

बूढी मरिन् त मरिन् के भयो काशी त देखियो।

बूढीआमाको अगाडि स्वर्गको आगाडि।

बूढोलाई तरूनी स्वास्नी विषै बराबर।

**बे**

बेस्से पतिव्रता र काग शुद्ध कहिले हुँदैन।

बेस्से स्वास्नी, घरपाला लोग्ने।

बेस्से स्वास्नीको प्रेम र पुतलीको तङ्ग यी धेरै दिन टेक्दैन।

बेस्सेका हुन्छन् हजारौं पोइ, मर्ने बेलामा कोहि न कोहि।

बेस्सेको कन्डो, जो पैसा दिन्छ उसैको बन्दो।

बेस्सेले रिसाई भने धन धन पनि बाचियो धर्म पनि बाचियो।

**बै**

बैंस आयो अहिले, तरूनी गई पहिले।

बैंस आयो अहिले, पोइ आयो पहिले।

बैंसको कान, बन्चराले हान्न ।

बैंसले मात्तिएको केटीलाई बिहे गर्न सकिन्छ सम्झाउँनु सकिदैंन।

बोक्सीले पनि दस घर पर गएर मात्र भेद खेल्छे ।

**भ**

भएकी छोरी मारी गर्भको आस।

भागी आउने चेलीको मुख कोसेली।

भात खायो भोग लाग्यो तरूनी देख्दा लोभ लाग्यो।

भातको ऐँचो र स्वास्नीको पैचों हुँदैन।

भाले बास्नु कहाँ पोथी बास्ने।

**भि**

भित्रको राडी बाहिर, बाहिरको राडी भित्र।

**भै**

भैंसी पाल्नेले गाई पाल्दैन, छोरी पाल्नेले बुहारी पाल्दैन।

**भो**

भोजको नुन, सम्धिनीको गुन।

भोटेलाई वन र स्वास्नीलाई मन नदिनु।

**म**

मङसिरमा मुसाले पनि दसवटी स्वास्नी ल्याउँछे।

मन परेकी स्वास्नीको पादै प्यारो।

मस्किने केटीको ठुस्कने बानी।

महादेवको थर छैन्, स्वास्नीको भर छैन।

महारानीलाई हेरेको मुखले तँ राडीलाई हेर्दिन।

माइता धाउने चेलीको घर हुँदैन।

माइता धाउने चेलीको घर थिचाई पाउन आइथी।

माईको सराप र आसिक् दुवै लाग्छ।

माउतेबिनाको हात्ति, लोग्ने बिनाको स्वास्नी।

माकुराको आमाले आफ्नै आमा खोज्छ।

मागेको दर्जा पाईदैन, रोजेको स्वास्नी पाइँदैन।

मागेको भीख, सानी आमाको ठीक।

मान्छे बूढो मनले, आइमाई बूढी तनले।

मान्छे हेरी कूरा, केटी हेरी चुरा।

मास्टरले पढाएको भन्दा स्वास्नीले पढाएको कडा हुन्छ।

**मु**

मुठाको धन नजरकी मुठीको धन।

**मू**

मूला के पकाउनु ? साली के फकाउनु ।

**मे**

मेरै सौताका काखमा बस्नु छ मैले हेरी कसरी सिक्नु त?

मेरो पोइ भए तेरो पोइसगँ आउँथे र?

**य**

यस पालीको रूढी मर्छेस् क्यारो बूढी ।

यारको रीसले, पोइको टाउको मुन्ने ।

**यो**

यो बढी बेल्छे, मलामी पोल्छे ।

यो राडाको भाई चिनियोस् न पोइ चिनियोस् ।

**र**

रहरले स्वास्नी पाइँदैन ।

**रा**

राँडीको गहना, काली बिरालोको साल ।

राजा देखे डर हराउने, आमा देखे भाग हराउने ।

रातभरि रूग्यो बूढी त जिउँदै ।

रानी सुख कि राडी सुख ।

रानी हुन बानी चाहिन्छ ।

राम्री भनेको राड नौतिर गाड ।

राम्री मात्र भएर के गर्नु? चाटेर मिल्दैन।

राम्रो घरको राम्रो बुहारी।

**रू**

रूपकी छोरी, हुपको छोरा।

**ल**

लगन बिनाको पोते के काम?

**लो**

लोग्ने गयो कलकत्ता, स्वास्नी भई बिपत्ता।

लोग्ने मान्छेले आँटे वर्ष दिन, स्वास्नी मान्छेको आँट एकै छिन।

लोग्ने मारी सती जाने ।

लोग्नेको नाम जानेको छ तर भन्नु हुँदैन।

**व**

वर्षाको बाढी र बेस्सेसितको प्रेम कति बेर।

**स**

सती जाँदाको आशिष, मर्दाको बिजोक।

सयौं दासी भए पनि गृहणीबिनाको घर शून्य हुन्छ।

सातवटा सौता पैतालाको धुलो एउटा झडकेलो मुटुको किलो।

साली बढ्दा भिनाजुलाई।

सासूको माया छोरा छउन्जेल, बुहारीको माया छोरा छउन्जेल।

## सु

सुधरी स्वास्नीले पोइ मोटाउने, फोहोरी स्वास्नीको कुकुर मोटाउने।

## सौ

सौतेनी पोइको के धाक लाउने।

सौतेनीको घर, दिनहुँको कल।

स्वास्नी छ काखमा खोजी हिड्छे पाखामा।

स्वास्नी पाउनु लगनैले हुन्छ।

स्वास्नी मान्छेको सिँगार लोग्ने छउन्जेल।

स्वास्नी रूवाउँदै, तरूनी हँसाउँदै।

स्वास्नी ल्याउनु छानेर, गुरू थाप्नु जानेर।

स्वास्नी ल्याउनु सानी, जुत्ता लगाउनु ठूलो।

स्वास्नीको भर छैन ।

स्वास्नीलाई प्रेमले बाँध्नु।

## ह

हाँडीमा कनिका छउन्जेल राडीलाई निन्द्रा लाग्दैन।

हाकिमको रीसले बुहारी कुट्नु हुँदैन।

हाम्री चेली कति बाठी, रासेन काडसंग पासपोट साटी।

## हि

हिँड साली कसैले देख्दैन।

हिस्सा बूढी किच्च दाँत ।

## हु

हुक्का पिउने आइमाई र झगडे स्वास्नीले घर चाडै बिग्रिन्छ।

## हे

हेलाकी बुहारी सबैकी जोई।

हेलाको बुहारी पाहुनासित ।

# परिशिष्ट 'ख'

स्रोत व्यक्तिहरूसँग अन्तर्वार्ता लिँदाका तस्बीरहरू



सेर बहादुर छेत्रीसँगको अन्तर्वार्ता



ज्ञयामन राईसँगको अन्तर्वार्ता



बलाराम उप्रेतीसँगको अन्तर्वार्ता



देवीका खड्कासँगको अन्तर्वार्ता